जनपक्षीय विचारप्रधान साप्ताहिक

# देशप्रेम

DESHPREM National Weekly

www. deshpremweekly .com

देशप्रेम प्रकाशन प्रालिद्वारा प्रकाशित

वर्ष २७ अंक १० २०८२ असार ८ गते आइतबार (Jun. 22, 2025) जि.प्र.का.का.द.नं. १८७/०५६/५७ मूल्य रू. १० ।

## नेपालमा तेश्रो बाम शक्ति निर्माण गर्ने पहल तीब्र

# एमाले र माओवादी केन्द्र एक्लिदै

काठमाडौं । नेपालका कम्युनिष्ट पार्टीहरुका बीचमा ब्यापक ध्रुबिकरण हुने संकेत देखिएको छ । माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालको बेठेगानको बोली तथा ब्यवहार तथा कांग्रेसपरस्थ नीतिका कारण समाजवादी मोर्चा बिघटनको संघारमा पुगेको छभने माओवादी केन्द्र र एमाले बाहेकका कम्युनिष्ट पार्टीहरुको नयाँ मोर्चा बनाउने प्रयास थालिएको छ । जसमा मोहनक्रिम सिंह नेतृत्वको नेकपा मसाल, नेत्रबिक्रम चन्द नेतृत्वको नेकपा, डा. बाबुराम भट्टराई नेतृत्वको नेपाल समाजवादी पार्टी (नयाँ शक्ति), एकीकृत समाजवादीको झलनाथ खनाल समूह र उपेन्द्र यादव नेतृत्वको जसपाका नेताहरुका बीचमा बारम्बार अन्तर्क्रिया भैरहेको थाहाभएको छ । यसैक्रममा केही नेताहरुबीच भेटवार्तासमेत भएको छ । एकीकृत समाजवादीका नेता खनाल, नेपाल समाजवादी पार्टी (नयाँ शक्ति)का



अध्यक्ष डा.भट्टराई, नेकपा मसालका महासचिव सिंह, नेकपाका महासचिव चन्दबीच गत शुक्रबार पनि भेटवार्ता भएको थियो । उक्त भेटवार्तामा पछिल्लो राजनीतिक अवस्था, यथास्थितिवाद, पुनरुत्थानवाद र वामपन्थी आन्दोलनभित्र प्रकट भइरहेका बिभिन्न अवसरवादी चरित्रबारे छलफल भएको बताइएको छ । पछिल्लो राजनीतिक परिस्थिति र वामपन्थी एकताका विषयमा पनि छलफल भएको थियो । वामपन्थी शक्तिहरुका बीचमा बैचारिक, सांगठनिक ध्रुवीकरणगर्ने विषयमा समीक्षा गरिएको पछिल्लो छलफलमा सहभागी नेकपाका प्रवक्ता खड्गबहादुर विश्वकर्माले जानकारी दिनुभएको हो । आगामी दिनमा शक्ति सन्तुलन, राष्ट्रिय स्वाधीनता, जनताको आर्थिक तथा सामाजिक रुपान्तरणका मुद्धामा साझा समझदारी कायमगर्न एकापसमा सहकार्यगर्ने विषयमा नेताहरुले प्रतिबद्धता व्यक्त गर्नुभएको छ । गत शुक्रबारको बैठकमा सहभागी नेताहरुले वामपन्थी एकताको बिकल्प नभएको ठहरगर्दै समान विचारधाराका दल तथा समूहसँग समन्वय र सहकार्यगर्ने निष्कर्ष निकालेको बताइएको थियो । यसैबीच जसपाको केन्द्रीय कार्यकारिणी समितिको बैठक हिजोबाट शुरुभएको छभने आज सम्पन्न हुने बताइएको छ । पार्टीको केन्द्रीय कार्यालय बालकुमारी भैरहेको बैठकमा वर्तमान राजनीतिक परिस्थिति र पार्टीको संगठनात्मक **बाँकी ८ पेजमा**

## आक्रमण बन्द गर, युद्ध रोक : मोर्चा

काठमाडौं । राष्ट्रिय क्रान्तिकारी मोर्चाका संयोजक लोकनारायण सुवेदीले एक बक्तब्य प्रकाशितगरी ईरानले आणविक सम्झौतामा प्रष्टरुपमा सहमति जनाउँदा जनाउँदै र मध्यपूर्बलाई आणबिक हतियार मुक्त क्षेत्र बनाउने माग गर्दागर्दै पनि इजरायलले बिश्वमा यत्रतत्र मनपरीसँग दादागिरी चलाउने र प्रत्यक्ष या परोक्षरुपमा मानबताको हत्या गर्न कतिपनि पछि नपर्ने साम्राज्यबादी अमेरिका र यूरोपेली यूनियनको समर्थन र सहयोगमा इरानमाथि हाले गरेको आक्रमणले अन्तर्राष्ट्रिय कानून तथा मूल्य मान्यताको घोर उल्लंघन गरेर धज्जीउडाएको बताउनु भएको छ । उहाँले बक्तब्यमा भन्नुभएको छ-यो इजरायली आक्रमण ईरानको संप्रभुतालाई बलबपूर्बक कमजोर पार्ने र इजरायलको क्षेत्रीय प्रभूत्वलाई कायम राख्ने अमेरिकी साम्राज्यबादके कुटील लक्ष अनुरुप रहेको प्रष्ट छ । यसका अतिरिक्त साम्राज्यबादी अमेरिका र नाटोकोसमेत सबै किसिमको सहयोग र समर्थनमा इज्रायलले प्यालेष्टिनमाथि मच्चाएको घोर नरसंहारकारी मानवता बिरोधी बिध्वंशबाट बिश्वको ध्यान अन्यत्र मोडनसमेत इजरायलले ईरानमाथि हमला गरेको राष्ट्रिय **बाँकी ८ पेजमा**

## नेपालमा कोरोना, डेंगु र औलोको प्रकोप बढ्दो

काठमाडौं । नेपालमा कोरोना, डेंगु र औलोको प्रकोप बढ्दै गएको देखिएको छ । मौसम परिवर्तनसँगै मानिसमा रुघाखोकी, ज्वरो, फ्लुजस्ता संक्रमण देखिन थालेको छ । भारतीय सीमा नाकामा कोरोना भाइरसको संक्रमण बढेको छ । नेपाल-भारत सीमाको सीमानापर्ने कञ्चनपुरमा केही भारतबाट आउनेमा संक्रमण देखिएका छन् । हालसम्म १६० जनामा कोरोना भाइरसको संक्रमण देखिएको छ । सबैभन्दा बढी वागमती प्रदेशमा १२९, सुदूरपश्चिम प्रदेशमा १७, मधेश प्रदेशमा पाँच, कोशी तथा गण्डकी र लुम्बनी प्रदेशमा समान तीन/तीन जनामा संक्रमण देखिएको छ । शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतलाका निर्देशक डा युवानिधि बर्सौलाले फाट्टफुट्ट बिरामी उपचारका लागि अस्पतालमा आउन थालेको बताउनु भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले भारतमा संक्रमण देखिएका कारणले नेपालमा पनि देखिएको बताउनुभएको छ । मन्त्रालयका प्रवक्ता डा बुढाथोकीले कोरोना भाइरस **बाँकी ८ पेजमा**

## पत्रकारलाई जबरजस्त पक्राउगर्न नमिल्ने

काठमाडौं । पत्रकारहरुलाई प्रेसकाउन्सिल नेपालको जानकारी बिना सहजै पक्राउगर्न नमिल्ने भएको छ । उच्च अदालत पाटनले पत्रकार दिलभूषण पाठकलाई साइबर अपराधमा पक्राउ नगर्न आदेश दिएपछि उपरोक्त अवस्था सिर्जना भएको हो । अदालतले प्रेससँग सम्बन्धित उजुरी प्रेस काउन्सिलमार्फत समाधान गर्नुपर्ने भनेको छ । दुवै पक्षको सुनुवाइपछि पूर्वअन्तरिम आदेशलाई निरन्तरता दिइएको हो । न्यायाधीशद्वय टंकप्रसाद गुरुङ र टीकाराम आचार्यको इजलासले सो आदेश दिएको हो । सञ्चार माध्यम वा पत्रकारले सम्प्रेषणगरेका सामग्रीबाट मर्कापर्ने व्यक्तिले प्रेस काउन्सिलमा उजुरी दिनसक्ने व्यवस्था भएकाले बिद्युतीय कारोबारसम्बन्धी कसुरमा अनुसन्धान गर्नुनपर्ने पनि उच्च अदालतको आदेशमा उल्लेख छ । यसअघि अल्पकालीन अन्तरिम आदेश जारीगरेको उच्च अदालतले दुवै पक्षको सुनुवाइ सुनि आदेशलाई निरन्तरता दिएको हो । प्रेस काउन्सिल ऐन-०४८ मा स्वस्थ पत्रकारिताको विकासको लागि प्रेश काउन्सिलको व्यवस्थाभई समग्र पत्रकारिता क्षेत्रको नियमनकारी निकायकारुपमा सो काउन्सिल क्रियाशील रहेको **बाँकी ८ पेजमा**

## भारतीय प्रहरीले नेपालभित्रै पक्राउ थालेपछि

काठमाडौं । नेपालमा भारतीय हस्तक्षेप र अत्याचार दुबै चरमरुपमा बढेरगएको देखिएको छ । यसअघि राजनीतिक हस्तक्षेपहुँदै आएकोमा पछिल्लो समयमा सुरक्षा हस्तक्षेपसमेत बढेको जानकारहरुको भनाई छ । हालैमात्र भारतको हैदराबाद प्रहरीका डीएसपीसहित तीनजना काठमाडौंमा नियन्त्रणमा परेपछि बिवाद शुरु भएको छ । चोरी मुद्धाका आरोपित एकजना नेपालीलाई काठमाडौंबाट नियन्त्रणमा लिएर जाँदैगर्दा उनीहरुलाई नेपाल प्रहरीको टोलीले गत शुक्रबार नियन्त्रणमा लिएको थियो । हैदराबाद प्रहरीका डीएसपी जसवन्तसहित नियन्त्रणमा परेका तीनजनालाई नेपालको प्रहरीले तत्काल भारतीय दूतावास बुझाएको थियो । यसअघि गत फागुनमा पनि पञ्जाव प्रहरीको एक टोलीलाई प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोको टोलीले ठमेलबाट नियन्त्रणमा लिए पनि तत्काल भारतीय दूतावासमै बुझाउनु परेको थियो । त्यसैगरी कारमा खुलेयाम पेस्तोलसहित नेपाल आएका भारतीय नागरिकलाई प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय **बाँकी ८ पेजमा**

## उर्जा उत्पादक संघ र सरकारबीच खटपट

काठमाडौं । उर्जा उत्पादक संघ र सरकारबीच नयाँ बजेटको प्रावधानको बिषयमा खटपट शुरुभएको थाहाभएको छ । प्राप्त समाचारअनुसार स्वतन्त्र ऊर्जा उत्पादकको संस्था, नेपाल ( इप्पान) ले जलप्रवाही आयोजनाको बिद्युत खरिदबिक्री सम्झौता 'टेक एन्ड पे' का आधारमा गरिनेभन्ने बजेटको व्यवस्था सच्याउन प्रधानमन्त्री केपी ओलीसमक्ष ज्ञापनपत्र बुझाएको छ । सरकारले सो व्यवस्था फिर्ता नलिए १७ हजार ११७ मेगावाट क्षमताका ३५० भन्दा बढी आयोजनाको निर्माण रोकिने र यी आयोजनाको अध्ययनका क्रममा खर्च भइसकेको ६६ अर्ब २२ करोड रुपियाँ पनि नोक्सानी हुने जानकारहरुको भनाई छ । आगामी आब ०८२/८३ को बजेट वक्तव्यमा ल्याइएको उक्त व्यवस्था हटाएर 'टेक एन्ड पे' कै **बाँकी ८ पेजमा**

## क्रान्तिकारी भ्रष्टाचार बिरुद्धको अभियानमा

काठमाडौं । मोहन बैद्य नेतृत्वको क्रान्तिकारी कम्युनिष्ट पार्टीले गत पाँचगतेबाट देशव्यापीरुपमा भ्रष्टाचार विरोधी अभियान सञ्चालन गरेको छ । जसको बिभिन्न जिल्लामा एकसाथ उद्घाटन पनि गरिएको छ । सो पार्टीले जारीगरेको एक पर्चामा भनिएको छ-भ्रष्टाचार विरोधी अभियानमा सहभागी हुन हामी




सम्पूर्ण न्यायप्रेमी जनसमुदायसँग हार्दिक अनुरोध गर्दछौं । हाम्रो देश भ्रष्टाचारबाट आक्रान्त भएको छ । देशमा भ्रष्टाचार नभएको र नहुने कुनै निकाय छैन । मन्त्रालय, प्रशासनिक तथा स्थानीय निकायहरु, अड्डा अदालत, प्रहरी प्रशासन, विकास निर्माणका काम जहाँ जाउँ त्यहाँ भ्रष्टाचार छ, घुसखोरी ब्याप्त छ । घुस नदिँदासम्म जनताले सामान्य एउटा सिफारिस पनि पाउँदैनन् । यसलाई नियन्त्रणगर्ने निकाय देशको सरकार हो । तर स्वयं सरकारनै भ्रष्टाचारमा संलग्न रहँदैआएको छ । सरकारमा सामेल भएकामात्र होइन, केही अपवाद बाहेक प्रतिपक्षमा **बाँकी ८ पेजमा**

## माओवादी केन्द्र कांग्रेस फुटाउने अभियानमा

काठमाडौं । जति प्रयासगर्दा पनि नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले सत्ता साझेदार बनाउन नमानेपछि माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालको अगुवाईमा नेकां बिभाजित गराउने अभियान थालिएको थाहाभएको छ । भिजिट भिसा प्रकरणमा सत्तापक्षसँग दुईबुँदे सहमति गरेको माओवादी केन्द्रले नेपाली कांग्रेसका देउवा इतरका नेताहरुसँग मिलेर उच्चस्तरीय छानबिन समिति बनाउने प्रयास गरेपछि उपरोक्त रहस्य खुलेको हो । गृहमन्त्रीको राजीनामा र संसदीय छानबिन समितिको माग छाडेर सहमतिमा आएको केही दिन बित्न नपाउँदै माओवादी केन्द्रका दोश्रो तहका नेताहरुले नेपाली कांग्रेसका देउवा इतरका नेताहरुसँग सँग गोप्य छलफल गरेर समिति बनाउने सहमति गरेका थिए । **बाँकी ८ पेजमा**

## एमसिसिबारेको पछिल्लो बक्तब्य रहस्यपूर्ण

काठमाडौं । बिवादास्पद योजना एमसिसिबारेको पछिल्लो बक्तब्य रहस्यपूर्ण रहेको राजनीतिक क्षेत्रमा चर्चाको बिषय भएको छ । काठमाडौंस्थित अमेरिकी दूतावासले गतसाता जारीगरेको एमसीसी सम्बन्धी एक बक्तब्यमा सो परियोजनाले नेपालमा निरन्तरता पाउने कुनै किटानी गरिएको छैन । तर सरकार निकटकाहरुले अमेरिकी सरकारले मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसिसि) लाई निरन्तरता दिएको प्रचार गरेका छन् । अमेरिकी राष्ट्रपतिमा डोनाल्ड ट्रम्प निर्वाचित भएपछि युएसएआइडी लगायतका अन्य अमेरिकी सहयोग परियोजना रोकिँदा एमसिसिले निरन्तरता पाउने वा नपाउने भन्ने शुरुमा अन्योल थियो । गत फेब्रुअरीमा अमेरिकी विदेशमन्त्रीले वैदेशिक सहायतासम्बन्धी समीक्षा चलिरहेका बेला लागूगरिएको ९० दिने रोकमा एमसिसि पनि परेको थियो । अमेरिकी राष्ट्रपतिमा ट्रम्प निर्वाचित भएपछि एलन मस्क नेतृत्वको डिपार्टमेन्ट अफ गभर्मेन्ट इफिसिएन्सी (डिओजिई)ले एमसिसि रोक्ने घोषणा गरेको थियो । ट्रम्प निर्वाचित भएलगत्तै शुरुमा रोकिएको **बाँकी ८ पेजमा**

## १५ गतेबाट अखिल क्रान्तिकारी आन्दोलनमा उत्रिने

काठमाडौं । १५ गतेबाट अखिल क्रान्तिकारी आन्दोलनमा उत्रिने भएको छ । क्रान्तिकारीले आगामी १५ देखि ३० गतेसम्म पहिलो चरणमा देशव्यापी बिद्यार्थी जागरण तथा शैक्षिक संघर्ष अभियानको घोषणा गरेको छ । काठमाडौंको संवाद डबलीमा आयोजित एक पत्रकार सम्मेलनमा अखिल क्रान्तिकारीका संयोजक महेश श्रेष्ठले उपरोक्त घोषणा गर्नुभएको हो । उहाँले बर्तमान सरकारले अघोषितरुपमा शिक्षालाई निजीकरण तथा व्यापारीकरणगर्न लागेकोले आफूहरुले आन्दोलन गर्नुपरेको बताउनु भएको थियो । पत्रकार सम्मेलनमा बोल्दै संयोजक श्रेष्ठले संविधान र कानून विपरित शिक्षालाई व्यापारीकरण गरिएको बताउनु भएको थियो । उहाँले सरकारमा रहने मान्छेहरुकै निजी

**समाचार विश्लेषण**

कलेज र बिद्यालयहरु भएकाले त्यसलाई आमजनताको पहुँच बाहिर महाँगो र लुटीखाने धन्दा बनाएका छन्, अब त्यसविरुद्ध हामी निर्णायक लडाइँ लड्छौं भन्नुभएको थियो । सो संगठनका कार्यालय सदस्य नविन खड्काले सरकारी शिक्षालयहरुलाई आफ्ना कार्यकर्ता भर्तिकेन्द्र बनाउने र निजीलाई आफ्नो कमाई खाने भाँडो बनाएको आरोप लगाउनु भउको थियो । खड्काले एनओसी प्लसटुमा नदिई स्नातक तहपछिमात्रै दिनुपर्ने निर्णय तत्काल कार्यान्वयन गर्नुपर्ने माग राख्नु भएको थियो । सो संगठनका कार्यालय सदस्य दीपक विष्टले सरकारी तथा सामुदायीक क्याम्पसमा बिद्यार्थीहरु सुकाउने र निजी तथा विदशी सम्बन्धनका कलेजहरुलाई मोटाउने वातावरणको अन्त्य गरिनुपर्ने बताउनु भएको थियो । कार्यालय सदस्य सोभा सेन्चुरीले प्रेस विज्ञप्ति वाचनगर्दै १० बुँदे बिद्यार्थी जागरण तथा शैक्षीक संघर्षको अभियानकाबारेमा जानकारी दिनुभएको थियो । जसमा निम्न कुरा उल्लेख थिए: -अभियानमार्फत नेपालका सम्पूर्ण बिद्यार्थीहरुलाई आफ्नो हक, हित, अधिकार, कर्तव्य **बाँकी ८ पेजमा**

## बेपत्ता पारिएकाहरुका परिवार असन्तुष्ठ

काठमाडौं,७ असार । बिभिन्न समयमा बेपत्ता पारिएकाहरुका परिवार सरकारसँग असन्तुष्ठ देखिएपछि सरकारी आयोगहरु संकटमा परेका छन् । उनीहरुले पीडित पक्षलाई न्याय दिन नयाँ विनियमावली ल्याउने दाबि गरेका छन् । बेप[redacted] व्यक्तिहरुको छानबि[redacted] अध्यक्ष लीलादेवी गड्तौलाले चाँडै विनियमावली बनाएर पीडितलाई न्याय दिने बताउनुभएको छ । आयोगले गत शुक्रबार काठमाडौंमा आयोजना गरेको संक्रमणकालीन न्यायमा पीडित र सरोकारवालासँगको अन्तरक्रियामा उहाँले उपरोक्त कुरा बताउनु भएको हो । उहाँले सरकारले ऐन दिएको छ । अब त्यही ऐन टेकेर नयाँ विनियमावली बनाउने तयारी भैरहेको पनि बताउनु भएको थियो । सो कार्यक्रममा सूदूरपश्चिम प्रदेशकी पूर्वप्रमुख तथा बेपत्ता पारिएका परिवारका सदस्य शर्मिला त्रिपाठीले तेश्रो पटक गठन गरिएको आयोगले बेपत्ता परिवारको यथार्थ विवरण सार्वजनिक गर्नुपर्ने बताउनुभएको थियो । उहाँले छोरोछोरीलाई जेनतेन पढाए जागिर पाउन समस्या भएकोले छुट्टै आरक्षणको व्यवस्था गरेर जागिरको सुनिश्चितगर्न आग्रह गर्नुभएको थियो । नेपाल बार एशोसिएशनका अध्यक्ष विजयप्रसाद मिश्रले आयोग पहिलेजस्तो नभएर कार्यमा केन्द्रितभइ पीडितका माग सम्बोधन गर्नुपर्नेमा जोड दिनुभएको थियो । शान्तराज मुल्मीले पीडितका आँशु पुछ्ने काम बन्दगर्न आयोगलाई सुझाव दिनुभ[redacted]ो । मानवअधिकारकर्मी सुवे[redacted] नियम र काननभन्दा आ[redacted] नुसार आयोगले काम स[redacted] जोड दिनुभएको थिया[redacted]ले सरकारकोभन्दा जनताको बलमा कामगर्न आयोगलाई आग्रह गर्नुभएको थियो । बेपत्ता पारिएका परिवारका सदस्यले आयोगले वार्षिक कार्ययोजना बनाएर कामगर्न सुझाव दिएका छन् । आयोगमा हालसम्म बेपत्ता परिवारका दुई हजार ५४२ उजुरी दर्ता भएको बताउने गरिएको छ । द्वन्द पीडितको समस्या कसैगरे पनि मिलाउन नसकेपछि कांग्रेस, एमाले र माओवादीका **बाँकी ८ पेजमा**

## नगरपालिकाको..

राजमार्गअन्तर्गत ठूलासैन-मंगलसेन सडक खण्डमापर्ने पालेवन सामुदायिक वनमा फाल्दा समस्या भएको हो। मंगलसेन नगरपालिका-६ को मानव बस्तीको बीचमा नगरपालिकाले डम्पिङ साइट निर्माण गरेको थियो। नागरिकलाई असर हुने भएपछि उक्त डम्पिङ साइट अलपत्र अवस्थामा छ। पालेवन सामुदायिक वन क्षेत्रमा अहिले फोहोरको थुप्रो देख्न सकिन्छ। बजार क्षेत्रबाट निस्किने फोहोर अहिले जंगलको सडक छेउछाउमा थुपारिएको छ। घरबाट निस्कने फोहोरमात्रै होइन पसल, होटेलबाट निस्किने फोहोर प्लास्टिक, ब्वायलर कखुराको भुत्ला, मदिराका बोतलहरु लगायतका फोहोरले वन क्षेत्र दुर्गन्धित एवं फोहोर भएको छ।

## एमाले..

समीक्षा तथा भावी कार्ययोजना लगायतका विषयहरुमा छलफल भैरहेको थाहाभएको छ। माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालका प्रखर आलोचकहरुका बीचमा छलफल शुरुभएकाले नयाँ बन्ने मोर्चामा माओवादी केन्द्रलाई सहभागी गराउने संभावना देखिएको छैन। नयाँ मोर्चा बनेको खण्डमा यसअघि पुष्पकमल दाहालको बिशेष चाहना र पहलमा गठन भएको समाजवादी मोर्चा औपचारिक रुपमै बिघटन हुने छ। संसद बाहिर रहेका क्रान्तिकारी कम्युनिष्ट पार्टीलगायतका समूहहरुले राष्ट्रिय क्रान्तिकारी मोर्चा गठन गरिसकेका छन्।

## भारतीय.

काँकरभिट्टाबाट खटिएको प्रहरी टोलीले गोप्य सूचनाका आधारमा गत शुक्रबार मेचीनगर नगरपालिका-६ काँकडभिट्टा बसपार्कबाट भारतको दुर्गानगर सिलिगुडिबस्ने जयप्रकाश कुमार पाठकलाई पक्राउ गरेको हो। डब्लुबी ७०जी ३२३२ नम्बरको कारमा सवार निज पाठक एकथान चालु अवस्थाको पेस्तोल, त्यसमा लाग्ने म्यागिजन, पाँचथान गोली, दुईथान खुकुरीसहित पक्राउ परेको रहस्य खुलेको छ। निजको साथबाट प्रहरीले दुईथान मोवाइलसमेत बरामद गरेको थाहाभएको छ। निजलाई इप्रका काँकरभिट्टामा राखेर थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। खुल्ला सीमानाका कारण पछिल्ला दिनमा भारतीय आपराधिक समूहहरुसमेत नेपालमा सहजै प्रवेशगर्न थालेका छन्। भारतीय बाटोहुँदै बिभिन्न देशका नागरिकहरु काठमाडौं लगायतका शहरी क्षेत्रमा पुगेर लुकिछिपि बस्नेगरेका घटनाहरु पनि बारम्बार बाहिर आउने गरेका छन्।

## माओवादी....

कांग्रेस र माओवादी केन्द्रका नेताहरुबीच गत बिहीबार गोप्य छलफल भएको रहस्य खुलेको थियो। उक्त छलफलमा समितिको टिओरबारेसमेत छलफल भएको राजनीतिक क्षेत्रमा चर्चाको बिषय भएको छ। जसमा एमालेलाई एक्ल्याउने र अन्तत सत्ता गठबन्धनबाट नेकां र एमालेलाई अलग गराउनेबारे पनि छलफल भएको बताइन्छ। छानबिन समितिले भिजिट भिसाका सन्दर्भमा सबै प्रकारको छानबिन गर्ने र सुझावसमेत दिने भनिएको थियो। सो छलफलमा नेकांका उपसभापति पूर्णबहादुर खड्का र माओवादी केन्द्रका उपमहासचिव पुन र शक्तिबहादुर बस्नेतलगायतका नेताहरु सहभागि रहेको बताइएको छ। तर एमालेले गृहमन्त्रि रमेश लेखकलाई राजीनामा पनि नगराउने र सो प्रकरणमा उच्चस्तरीय छानविन समिति पनि नबनाउने अडान लिँदैआएको छ।

## उर्जा....

प्रावधान कायमगर्न प्रधानमन्त्री ओलीलाई आग्रह गरिएको छ। इप्पानले पूर्वघोषित आन्दोलनका कार्यक्रम अन्तर्गत पहिलो दिन गत शुक्रबार प्रधानमन्त्री ओलीलाई ज्ञापनपत्र बुझाएको हो। इप्पानका कार्यवाहक अध्यक्ष मोहनकुमार डाँगीको नेतृत्वमा गएको इप्पान प्रतिनिधि मण्डलले प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय सिंहदरबारमा ओलीलाई भेटेर बजेटमा घोषणा गरिएको उक्त प्रावधान फिर्ता नलिए आन्दोलनमा जानुको विकल्प नरहेको जानकारी दिएको थियो। त्यसक्रममा ज्ञापनपत्र बुझ्दै प्रधानमन्त्री ओलीले 'टेक एन्ड पे' को विषयमा ऊर्जा उद्यमीसँग बसेर विस्तृतरुपमा छलफल गर्नुपर्ने धारणा राख्नुभएको थियो। उहाँले यसका लागि आज आइतबार वा भोली सोमबारभित्रै समय मिलाउन आफ्नो सचिवालयलाई निर्देशन समेत दिनुभएको थियो। गत जेठ १५ गते सार्वजनिक गरिएको आगामी आब ०८२/८३ को बजेट तथा कार्यक्रममा बिद्युत उत्पादन र खपतबीच सन्तुलन गर्नेगरी 'रन अफ दी रिभर' (आरओआर) आयोजनाको 'टेक एन्ड पे' (लिऊ र तिर) अवधारणाअनुसार मात्र बिद्युत खरिद सम्झौता (पिपिए) गरिने उल्लेख छ। सो प्रावधान अनुसार पिपिएगर्दा नेपाल बिद्युत प्राधिकरणले आफूलाई चाहिएको समय र परिमाणमामात्र बिद्युत खरिदगर्ने र सोकोमात्र भुक्तानी दिने अवस्था आउँछ। जसमा बिद्युत प्राधिकरणले निजी क्षेत्रबाट उत्पादित बिद्युत खरिदगर्ने कुनै सुनिश्चिततानै हुँदैन। जसलेगर्दा 'टेक एन्ड पे' मा गरिने पिपिएमा बैंक तथा वित्तीय संस्थाले ऋण लगानी पनि गर्दैननभने बजारको सुनिश्चितता नभएको व्यापारमा प्रवर्द्धकले पनि लगानी नगर्ने अवस्था सिर्जना हुन्छ। पछिल्ला दिनमा प्राधिकरणले 'टेक एन्ड पे' (लिऊ वा तिर) अवधारणामै पिपिए गर्दैआएको छ। इप्पानले गत छगतेदेखि 'टेक एन्ड पे' प्रावधानको विरोधमा पहिलो चरणका आन्दोलन घोषणा गरेको थियो। सोही पूर्वघोषित आन्दोलनको पहिलो दिन प्रधानमन्त्री ओलीलाई भेटेर ज्ञापनपत्र बुझाइएको आन्दोलन समितिका संयोजक तथा इप्पानका कार्यवाहक अध्यक्ष मोहनकुमार डाँगीले जानकारी दिनुभएको छ।

## एमसीसी...

परियोजना मार्चमा निरन्तर हुने संकेत गरिएको भएपनि फेरि रोकिएको थियो। गत जेठको दोश्रो साता ऊर्जा, जलश्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले अमेरिकी राजदूत डिन आर थम्पसनलाई एमसिसिलाई निरन्तरता दिने विषयमा पहल गरिदिन आग्रह गर्नुभएको थियो। नेपालमा एमसिसि परियोजना शुरुगर्ने बेलामानै निकै ठूलो बिवाद भएको थियो। १२ बुँदे व्याख्यात्मक टिप्पणीसहित एमसिसि नेपाल कम्प्याक्ट अनुमोदन भएको भनिएको थियो। उक्त बिवाद हालसम्म कायमै रहेको छ। नेपालको संसदले पारित गरेका हरेक निर्णय राष्ट्रपतिबाट प्रमाणित भएर राजपत्रमा प्रकाशित हुनुपर्नेमा एमसीसीको निर्णय हालसम्म प्रमाणित भएको छैन। ०८० भाद्र १३ गतेबाट पाँच बर्षमा सम्पन्न गर्नुपर्ने भनिएको सो परियोजना हालसम्म अलपत्र रहेको छभने नेपालकोतर्फबाट मात्र करिव ३० अर्ब रुपैयाँ खर्च भैसकेको छ। यस्तो अवस्थामा काडमाडौंस्थित अमेरिकी दूतावासले जारीगरेको द्विअर्थी बक्तब्यले भ्रम सिर्जना गरेकोभन्दै बिभिन्न दलहरुले बिरोध गरेका छन्।

## आक्रमण....

क्रान्तिकारी मोर्चा नेपाल दर्शाउँदछ। इरानमाथिको यो अमेरिकी कठपुतली इज्रायलको नाङ्गो आक्रमणको तीब्र बिरोध तथा घोर निन्दा र भर्त्सना गर्दछ र इरानको सार्बभौमिक अखण्डता र सर्बोच्चताको दृढसमर्थन गर्दछ। अमेरिकी साम्राज्यवादको उक्साहटमा इजरायलले २०२३ देखिनै इरानका बिरुद्ध निरन्तरगर्दै आएका यस प्रकारका सबै हमलाहरु गैर कानूनी र संयुक्त राष्ट संघको बडापत्र (१९४५) को नग्न उल्लंघन बाहेक अरु केही नभएको बिश्वले प्रष्ट देखिरहेको राष्ट्रिय क्रान्तिकारी मोर्चा पुनः उल्लेख गर्दछ। बक्तब्यमा अगाडि भनिएको छ-अहिले पनि युद्ध पिपासु अमेरिकाका राष्ट्रप्रति डोनाल्ड ट्रम्पले इरानका सर्बोच्च नेता खोमेइनीलाई मार्न सहजै सकिन्छ, उनी कहाँ बसेका छन्, त्यो थाहा छभनेर सरासर धम्की दिएका छन्। इरान संयुक्त राष्ट्रसंघको एउटा सदस्य राष्ट्र हो र त्यसैले बिश्व व्यवस्थाको एक सार्बभौम राष्ट्र पनि हो। बक्तब्यको अन्त्यमा यदि इजरायलको इरानसँग कुनै समस्याहरु छन् भने तिनको समाधानका लागि अन्तर्राष्ट्रिय कानूनले दिएका अनेक संयन्त्रहरु छन् जसमा इजरायले इरानका बिरुद्ध उजुर बाजुरगर्न र समस्याको समाधान पहिल्याउन सक्छ। तर साम्राज्यबादी अमेरिकाको इशारामा चल्ने इजरायलका प्रधानमन्त्री नेतान्याहूले ट्रम्पको बाहेक अरु कसैको कुरा सुन्दैनन्। त्यसैले यी सबै बैध र कानूनी कुरालाई सरासर लत्याएर इजरायलले इरानमाथि आक्रमणगर्ने जुन घोर अबैधानिक काम गरेको छ, त्यो सभ्य विश्व समुदायका लागि अत्यन्तै अमान्य, अस्वीकार्य र घोर निन्दनीय कुरा हो भन्ने मोर्चाको प्रष्ट मान्यता छ। अतः प्यालेस्टिन माथिको नरसंहारकारी क्रूर ताण्डव र इरानमाथिका आक्रमण तत्काल रोक्न र युद्ध बन्दगर्न, स्थिति सामान्य र शान्तिपूर्ण बनाउ राष्ट्रिय क्रान्तिकारी मोर्चा जोडदार माग गर्दछ भनिएको छ।

## नेपालमा..

विरुद्धको खोप नलगाएका व्यक्ति, दीर्घरोगी र ज्येष्ठ नागरिक अझैपनि जोखिम रहेको बताउनुभएको छ। त्यसैगरी इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका अनुसार एक हजार बढीमा डेंगुको संक्रमण पुष्टिभएको छ। सो महाशाखा अन्तर्गत कीटजन्य शाखाका प्रमुख डा. गोकर्ण दाहालकाअनुसार पुसयता ७३ जिल्लामा एकहजार ३६० जनामा डेंगु पुष्टिभएको छ। डेंगु संक्रमण सबैभन्दा बढी बागमती, कोशी र गण्डकी प्रदेशमा भएको पाइएको छ। पछिल्लो तथ्यांकअनुसार बागमतीमा प्रदेशमा ३४८, कोशी प्रदेशमा २८२, गण्डकी प्रदेशमा २३५ जनामा डेंगु पुष्टिभएको छ। त्यसैगरी लुम्बिनी प्रदेशमा २१५, सुदूरपश्चिम प्रदेशमा १७४, कर्णाली प्रदेशमा ३२ र मधेश प्रदेशमा १८ जनामा डेंगु पुष्टिभएको छ। काठमाडौंमा सबैभन्दा बढी डेंगु पुष्टिभएको छ। काठमाडौंमा १४०, कास्कीमा ९२, सुनसरीमा ८७, झापामा ८०, चितवनमा ६२, पाल्पामा ६० जनामा डेंगु पुष्टिभएको छ। त्यसैगरी रुपन्देहीमा ५१, कञ्चनपुरमा ३७, दाडमा ३६, भक्तपुरमा ३० जनामा डेंगु पुष्टिभएको छ। चितवन लगायतका केही जिल्लामा औलोका बिरामी फेला परेका छन्।

## पत्रकारलाई...

अवस्था छ। उक्त ऐनको दफा १२ मा भएको व्यवस्था तथा ऐनअनुसार लागूभएको पत्रकार आचार संहिता-०७३ को व्यवस्थाअनुसार सञ्चार माध्याम वा पत्रकारले सम्प्रेषण गरेको सामग्रीबाट मर्कापर्ने व्यक्तिले उक्त काउन्सिलमा उजुरी दिनसक्ने व्यवस्थाभई त्यस्तो उजुरीउपर काउन्सिलबाट छानविन र कारवाही हुनसक्ने अवस्था रहेको आदेशमा उल्लेख छ। त्यसअघि नागरिक अगुवाहरुले पनि पत्रकार तथा अभिव्यक्तिको स्वतन्त्रतामाथि राज्यपक्षबाट असहिष्णुता भएको र पत्रकार दिलभूषण पाठकलगायत केही व्यक्तिमाथि देखिएका व्यवहारप्रति चिन्ता प्रकट गर्नुभएको थियो। पूर्वसचिव, मानव अधिकारकर्मी र संवैधानिक पदाधिकारीसमेत रहनुभएका केदारभक्त माथेमा, भोजराज पोखरेल, वीरेन्द्रप्रसाद मिश्र, बिद्याधर मल्लिक, हरि शर्मा, मोहना अन्सारी र चरण प्रसाईंले संयुक्तरुपमा अपिल जारीगर्दै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता लोकतन्त्रको आधारशिला भएको स्मरण गराउनु भएको थियो। उहाँहरुले बिज्ञप्तिमा नेपालको संविधानको धारा १७ (२) (क) र धारा १९ ले अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हक प्रत्याभूत गरे पनि पछिल्लो प्रवृत्तिले त्यसको उल्लंघन गरिरहेको उल्लेख गर्नुभएको थियो। सार्वजनिक पदमा रहेका व्यक्तिहरुको सम्बन्धमा उठेका प्रश्नको निष्पक्ष छानबिनगर्नुको साटो सिधै साइबर अपराधअन्तर्गत मुद्धा लगाउने, धरपकडगर्ने, समाचार हटाउन दबाब दिनेजस्ता गतिविधिले नागरिकको वैयक्तिक स्वतन्त्रता पनि संकुचित बनाएको विज्ञप्तिमा उल्लेख थियो। बिज्ञप्तिमा त्यस्ता कार्यहरु प्रेस स्वतन्त्रतामाथिको आक्रमणमात्रै होइन, लोकतन्त्रको जग कमजोरपार्दै स्वेच्छाचारी शासन प्रणालीको जोखिम बढाउने खालका छन् भनिएको थियो।

## क्रान्तिकारी..

रहेका राजनीतिक पार्टीका नेताहरु समेत भ्रष्टाचारबाट मुक्त छैनन्। भुटानीकरण काण्ड, ललिता निवास काण्ड, सहकारी ठगी काण्ड, गिरीबन्धु टिस्टेट काण्ड, भिजिट भिसा काण्डलगायत दर्जनौं काण्डहरुले यही कुराको पुष्टि गर्दछन्। यतिसम्म कि भ्रष्टाचारगर्न र त्यसबाट प्राप्त रकम बाँडफाँडगर्न सफ्टवेयरसमेत विकास गरिएको कुरा चर्चामा आइरहेको छ। यी घटनाक्रमहरुले के कुरा प्रष्ट गर्दछन्भने नेपालमा भ्रष्टाचार संस्थागत रुपबाट विकास भएको छ र त्यसको नेतृत्व सरकारले गरिरहेको छ। सरकारमा सामेल राजनीतिक पार्टी तथा प्रतिपक्षमा रहेका राजनीतिक पार्टीका नेताहरु पनि संस्थागत भ्रष्टाचारको पक्षमा रहेका हुनाले नेपालमा भ्रष्टाचारको विषय अत्यन्तै गम्भीर बन्नगएको हो। पर्चाको अन्त्यमा देशमा संस्थागत ढंगले फैलिदै गएको भ्रष्टाचारलाई न्यूनीकरणगर्न र त्यसका विरुद्ध जनतालाई सुसूचितगर्न हामीले भ्रष्टाचार विरोधी अभियान संचालनगर्न आवश्यक ठानेका हौं भनिएको छ। बिभिन्न जिल्लामा जुलुस, सभा, कोण सभा, ज्ञापनपत्र प्रस्तुतगर्दै अभियानको प्रारम्भ गरिएको थियो।

## बेपत्ता..

शीर्ष नेताहरुको बैठक गत शुक्रबार पनि बसेको थियो। उनीहरुले सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा पदाधिकारी नियुक्तिलगायत विषयमा द्वन्द पीडितको गुनासोबारे छलफल थालेको थाहा भएको छ। प्रधानमन्त्री कार्यालय सिंहदबारमा प्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी ओली, कांग्रेस सभापति शेरबहादुर देउवा र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाललगायत नेताहरुको गत शुक्रबार भएको छलफलमा द्वन्द पीडितले आयोग पदाधिकारीप्रति गरेको गुनासोबारे राजनीतिक तहमा छलफलगर्ने सहमति भएको भनिएको छ। पीडितहरुले आयोगमा दलीय भागबन्डामा कार्यकर्ता नियुक्तिगर्न लागिएको भन्दै विरोध गरेका छन्। पूर्वप्रधानन्यायाधीश ओमप्रकाश मिश्रको अध्यक्षताको समितिले सत्य निरुपणमा पूर्वनायब महान्यायाधिवक्ता महेश थापा र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको अध्यक्षमा पूर्वमुख्य सचिव लीलादेवी गड्तौलालाई सिफारिस गरेपछि नियुक्ति भएको थियो। बैठकमा सहभागी प्रधान मन्त्रीका मानवअधिकार तथा संक्रमणकालीन न्यायसम्बन्धी सल्लाहकार अग्नि खरेलले दुवै आयोगको कामलाई राजनीतिक र सरकारीस्तरबाट सहजीकरण गरेर कामकारबाही अघि बढाउनेबारे छलफल भएको बताउनु भएको छ।

## १५ गतेबाट..

तथा दायित्वकासाथै राष्ट्र, राष्ट्रियता, राष्ट्रिय स्वाधीनता, जनजिविका लगायत राजनितिक, आर्थिक, सामाजिक, साँस्कृतिक विषयहरुबाट जागरण पैदागर्ने।

- बिद्यार्थीहरुले भोग्दैआएका समस्याहरु छात्रवृत्ति, खेलकुद सामग्री तथा खेलमैदान, खानेपानी, सफा, सुरक्षित तथा छात्रा मैत्री शौचालय, भवन तथा भौतिक संरचना, नियमित पठनपाठन, अतिरिक्त क्रियाकलाप, विज्ञान प्रयोगशाला, स्तरिय पुस्तकालय, प्राथमिक स्वास्थ्य उपचारको व्यवस्था, लागूऔषध दुर्व्यसनको अन्त्यलगायत समस्याहरुको निराकरण तथा अन्त्यको लागि संबंधित निकायसँग संघर्ष एवं सहकार्य गर्ने।
- अवैधानिक तथा मापदण्ड विपरीत चलाइरहेका शैक्षिक संस्था, चर्को शुल्क असुली, शैक्षिक क्षेत्रमा भ्रष्टाचार, सिटिइभिटीलगायत प्रतिष्ठानहरुको भ्रष्टाचार, अनियमितता तथा बेतिथी, विश्वबिद्यालय क्याम्पस बिद्यालयहरुको जमिन लगायत सार्वजनिक सम्पतिको हिनामिना, प्रकाशन बदल्दै पाठ्यपुस्तक बर्षेनि लाद्ने प्रवृत्ति, बिद्यालय क्याम्पसलगायतका शैक्षिक क्षेत्रभित्र छात्राहरुमा हुने दुर्ववहार, हिंसा र यौनजन्य अपराध लगायतका विकृतिहरुको विरुद्धमा निसर्त र निर्णायक संघर्ष तथा कार्वाही गर्ने।
- मनसुनको सिजन भएकाले वृक्षारोपण गर्ने, सम्भावित बाढीपहिरो हुनसक्नेहुँदा उद्धार तथा राहतका कार्यगर्ने, बिभिन्न शैक्षिक प्रतियोगितात्मक कार्यक्रम गर्ने।
- विश्वबिद्यालय, क्याम्पस, बिद्यालयमा हुने राजनितिक भागबन्डा र नियुक्तिको भण्डाफोर सहित संघर्षगर्ने। विश्वबिद्यालयहरुमा वार्षिक शैक्षिक क्यालेन्डर व्यवस्थितगरी कार्यान्वयन गर्न। शिक्षक सरुवा बढुवामा हुने भ्रष्टाचार, अनियमितता, लगायत बेतिथिहरुको अन्त्यको लागि संघर्षगर्ने।
- संविधानको धारा ३१ अनुसार माध्यमिक तहसम्मको शिक्षा निशुल्क हुने संवैधानिक व्यवस्थाको पुर्नरुपमा कार्यान्वयनगरि शिक्षाको सम्पूर्ण दायित्व राज्यलाई बहनगर्न दवाव दिने।
- मेडिकल शिक्षाको नाममा भइरहेको पूजी पलायन सबै मेडिकल माफियाहरुको दादागिरी विरुद्ध संघर्ष गर्ने।
- राष्ट्रियता, राष्ट्रिय स्वाधीनता, जनजिविकाको पक्षमा र राष्ट्रघात, जनघात, भ्रष्टाचार, लगाय बिकृतीका विरुद्ध संघर्षगर्दै नयाँ जनवाद - वैज्ञानिक समाजवादको पक्षमा बिद्यार्थीहरुलाई प्रशिक्षित गर्ने।
- अवैधानिक रुपमा संचालित स्वदेशी तथा विदेशी लगानीका विदेशी पाठ्यक्रम पढाइ हुने शैक्षिक संस्थाहरु विरुद्ध निर्मम संघर्ष गर्ने।

## प्रधानमन्त्रि र मन्त्रिहरु विदेश भ्रमणमा ब्यस्त हुने

काठमाडौं। यसै साताबाट प्रधानमन्त्रि र मन्त्रिहरुको चरणबद्ध विदेश भ्रमण शुरुहुने भएको छ। प्रधानमन्त्री केपी ओली आगामी १४ गते स्पेन भ्रमणमा जाने हुनुभएको छ। गतसाता बसेको मन्त्रिपरिषद्को बैठकले असार १४ गतेदेखि हुने प्रधानमन्त्रीको भ्रमण स्वीकृत पनि गरिसकेको छ। संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसको निमन्त्रणामा प्रधानमन्त्री ओली स्पेन भ्रमणमा जान लाग्नुभएको बताइन्छ। उहाँ आगामी २० गतेमात्र स्वदेश फर्किने कार्यक्रम छ। गतसाताको मन्त्रिपरिषदको बैठकले चारजना मन्त्रीको विदेश भ्रमणसमेत स्वीकृत गरेको छ। जसमा भौतिक पूर्वाधार, खेलकुद, सञ्चार तथा सूचना र स्वास्थ्य मन्त्री बिभिन्न फोरम र बैठकमा भाग लिन विदेश जाँदै हुनुहुन्छ। मन्त्रिपरिषद् बैठकको निर्णयअनुसार आगामी १३ गतेदेखि १५ गतेसम्म टर्कीमा हुने ग्लोबल टान्सपोर्ट कनेक्टिभिटी फोरम २०२५ मा सहभागी हुने भौतिक पूर्वाधार तथा यातायात मन्त्री देवेन्द्र दाहाललाई स्वीकृति प्रदान गरेको हो। त्यसैगरी आगामी साउन तीन र चारगते दुबईमा हुने २० औं एशिया ओसनिया रिजन इन्टर गभर्मेन्टल मिनिष्टिरियल मिटिङ एण्टी डोपिङ(एओआरआईएम) कार्यक्रममा सहभागी हुन खेलकुद मन्त्री तेजुलाल चौधरीलाई बैठकले स्वीकृति दिएको छ।

विपदको पूर्वतयारी गरौं

विपदको पूर्वतयारी गरौं

- सम्भावित जोखिमको मूल्यांकन गरौं,
- भूकम्प, बाढी, आगोलागी जस्ता सम्भावित विपत्को बारेमा सचेत बनौं,
- सम्भावित जोखिमबाट बच्न आपतकालीन योजना बनाऔं,
- घर परिवार र छिमेकीहरुसँग मिलेर सुरक्षित स्थानको पहिचान गरौं,
- सम्पर्क बिन्दुहरु तय गरौं, सूचना प्रणालीमा आवद्ध होऔं,
- खाना, पानी, प्राथमिक उपचार बक्स, टर्चलाइट, आवश्यक औषधि आदि तयार राखौं,
- विपद् व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं,
- बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं।

"विपद्को सामना गर्न तयार होऔं, क्षति हुन नदिऔं"

नेपाल सरकार
विज्ञापन बोर्ड

डा.केशव देवकोटा
प्रधान सम्पादक
E-mail: krdevkota@gmail.co
deshprem977@gmail.com
सम्पर्क : काठमाडौं–३१ बागबजार
प्रकाशक : देशप्रेम प्रकाशन प्रा.लि.भक्तपुर–१
फोन/फ्याक्स ६६१७७४०,मो.९८५१०९८७०३
फोन. : ५३३२८९०,पो.ब.नं. : १०७४२
मुद्रक : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं
कम्प्युटर : देशप्रेम कम्प्युटर्स, बागबजार, काठमाडौं ।

## सम्पादकीय

# नेपालमा द्वन्द ब्यवस्थापनमा भैरहेको ढिलाई र पीडितहरुमा देखिएको असन्तोष

**नेपालमा द्वन्द ब्यवस्थापनमा भैरहेको ढिलाई र पीडितहरुको असन्तोषको बिषयलाई लिएर खासगरी संसद बाहिर रहेका दलहरुका बीचमा बिभिन्न किसिमका टिकाटिप्पणीहरु भैरहेका छन्। कतिपयले त शान्ति संझौतानै अब नयाँ ढंगले गर्नुपर्ने कुराहरु उठाएका छन्। नेपालको शान्ति प्रक्रियालाई लिएर स्वदेशभित्रमात्र नभएर विदेशमा समेत बिभिन्न किसिमका चिन्ता र चासोहरु ब्यक्त हुँदैआएको पाइएको छ। कुनैबेला माओवादी जनयुद्ध हाँकेको भनिएको पार्टी माओवादी केन्द्र यसअघि पटक, पटक देशको शासन सत्तामा थियो। जनयुद्धका कमाण्डर भनिएका पुष्पकमल दाहाल देशको कार्यकारी प्रमुख हुनुहुन्थ्यो। ०४६ सालको राजनीतिक परिवर्तनपछि संसदमा सबैभन्दा ठूला र शक्तिशाली बनेका नेकां र एमाले प्रधानमन्त्रि दाहालका अभिन्न सहयोगी बनेका थिए। तर उहाँले संक्रमणकालीन न्याय र देशको शान्ति प्रक्रियालाई टुंगोमा पुऱ्याउन खासै पहल र प्रयास गर्नुभएन। यतिबेला नेकां र एमाले लगायतका संसदका १४ मध्ये सातवटा पार्टीको सरकार छ। माओवादी केन्द्र प्रमुख प्रतिपक्षमा रहेको छ। यस्तो अवस्थामा उसले शान्ति प्रक्रिया टुंग्याउन प्रयास गर्नुपर्नेमा फेरी बिभिन्न किसिमका आन्दोलनको संयोजन गर्न/गराउन तिर लागेको देखिएको छ। माओवादी केन्द्र र खासगरी सो पार्टीका अध्यक्ष दाहाललाई चहिएको देशको शासन सत्ता हो।**

**त्यसैले संक्रमणकालीन न्यायलाई टुंगोमा पुऱ्याउन माओवादी केन्द्रबाट सम्बेदनशीलता ब्यक्त हुने कुनै संभावना देखिएको छैन। मुख्यत माओवादी केन्द्र सम्बद्ध द्वन्द पीडितहरुले नै बिभिन्न किसिमका असन्तोषहरु ब्यक्त गरिरहेको देखिएको छ। शुरुमा दुई वर्षभित्र बनाइने भनिएका आयोगहरु नौ बर्षपछि बल्ल बन्न सकेको देखिएको छ। तथापि उनीहरुले काम थाल्न सकिरहेका छैनन्। संसद र सरकारमा रहेका बिभिन्न संसदवादी राजनीतिक दलहरुको दाउपेचका कारण विस्तृत शान्ति सम्झौता भएको १९ वर्ष पूरा भइसक्दा पनि शान्ति सम्झौताको काम अझै पूरा हुननसकेको अवस्था छ। ०६३ मंसिर पाँचगते बृहत् शान्ति सम्झौता भएको आठ वर्षपछि ०७१ माघ २७ गते आयोग गठन गरिएको थियो। सशस्त्र द्वन्दकाक्रममा भएका मानव अधिकारको उल्लंघनगर्ने तथा मानवता विरुद्धको अपराधमा संलग्नहरुबारे सत्य अन्वेषणगर्ने र समाजमा मेलमिलापको वातावरण निर्माणगर्न आपसी सहमतिबाट उच्चस्तरीय सत्य निरुपण तथा मेलमिलाप र बेपत्ता आयोग गठन गरिएको थियो। ०७५ माघ २६ गते आयोगको म्याद एकबर्ष थपगर्ने विधेयक संसदमा पेश भएलगत्तै आयोगका अध्यक्ष गुरुङसहित आयोगका अर्का सदस्य लीला उदासीले राजीनामा गर्नुभएको थियो। त्यतिबेलानै झण्डै ६४ हजार उजुरीहरु दर्ताभएको भनिन्थ्यो। त्यसपछि पनि बिभिन्नस्तरमा बिभिन्न किसिमका उजुरीहरु परिसकेका छन्। त्यस्ता कतिपय उजुरी त तत्कालीन माओवादी नेताहरु पुष्पकमल दाहाल र डा. बाबुराम भट्टराईकै बिरुद्धमा समेत रहेका छन्। तर उहाँहरु आफैले आलटालको नीति लिइरहनु भएको छ। हाल नेकां र एमाले लगायतका दलहरु सम्मिलित सरकारले संसदबाट संक्रमणकालीन न्याय सम्बन्धी कानून बनाएर कार्यान्वयन गर्ने/गराउने प्रयास गरे पनि प्रतिपक्षी दलहरुको असहयोग र बारम्बार सरकार ढाल्ने हल्ला चलाईएका कारण देशको शान्ति प्रक्रियालाई टुंगोमा पुऱ्याउने र संक्रमणकालीन न्यायसम्बन्धी ऐनको कार्यान्वयन गर्ने/गराउने कुरा ओझेलमा पर्ने देखिएको छ। सत्ता र शक्तिमा पुग्न कतिपयले आआफ्नो ढंगले दाउपेच खेलेका होलान। तर सर्बसाधारणलाई भने त्यस्तो दाउपेच मनपरिरहेको देखिएको छैन। नेपालको द्वन्द ब्यवस्थापनका सन्दर्भमा मुख्यत माओवादी केन्द्रले बढी चासो दिएर अगाडि बढ्न सक्नुपर्ने अवस्था छ। यसतर्फ सम्बद्ध पक्षहरुको समयमै ध्यान जानु आवश्यक छ।**

# नेपालमा बढ्दो राजनीतिक संकट र संविधान संशोधनको कुरा

## देश/परिवेश

डा. केशव देवकोटा

नेपालमा बढ्दो राजनीतिक संकटकाबीचमा फेरी संविधान संशोधनको कुरा उठेको छ। प्रमुख सत्ता घटक नेपाली कांग्रेसका प्रबक्ता डा. प्रकाशशरण महतले गतसाता मंगलबार बाग्लुङको एक कार्यक्रममा संविधान संशोधनलाई तत्काल अगाडि बढाउनुपर्ने बताएर नयाँ बहसको थालनी गराउनु भएको थियो। प्रेस यूनियन बागलुङ शाखाले आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै महतले वर्तमान सत्ता गठबन्धनहुँदा सात बुँदे सहमतिमा संविधान संशोधन गर्ने उल्लेख गरेको बताउँदै त्यो प्रक्रिया तत्काल थालनी हुनुपर्ने बताउनुभएको थियो। उहाँले सात बुँदे सहमतीमा संविधान संशोधन गर्ने भनिए पनि विविध कारणले ढिला भएको छ। त्यो ढिला हुनुहुँदैन। यसलाई तत्काल प्रक्रिया थालनी गरेर अगाडि बढ्नुपर्छ भन्नु भएको थियो।

संविधान कार्यान्वयनको अहिलेसम्मको अनुभवबाट कहाँ कहाँ समस्या देखिएको छ त्यसको अध्ययनगर्दै कुन कुन बुँदाको संशोधनगर्न आवश्यक छ त्यसको निष्कर्षको आधारमा प्रक्रिया अगाडि बढाउनुपर्ने उहाँको भनाई थियो। सहमति बमोजिम काम नहुँदा कांग्रेस र एमाले सत्ताका लागि एक ठाउँमा आएभन्ने सन्देश जनतामा जाने पनि उहाँको कथन थियो। नेपालमा आफूलाई क्रान्तिकारी भन्न रुचाउने संसदको प्रमुख प्रतिपक्षी दल माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले नेकां र एमालेसहितको बर्तमान सरकार ढल्ने र आफूहरु फेरी सरकारमा पुग्ने सार्बजनिक अभिब्यक्ति ईसदिनेक्रमलाई जारी राख्नुभएको छ। हुन त उहाँले पनि पछिल्ला दिनमा संविधान संशोधनको कुरा उठाउने गर्नुभएको छ। तर त्यसका लागि उपयुक्त वातावरण बनाउने प्रयास भैरहेको छैन। गत केही महिनाअघि आफूलाई भारतीय गुप्तचर संस्था रअका पूर्ब कर्मचारी बताउनेले दिल्लीबाट नेपालको सरकार ढल्ने म्यादै तोकिदिएका थिए। यता नेपालमा पनि एकीकृत समाजवादीका अध्यक्ष माधव नेपाल, नेसपा(नयाँ शक्ति)का अध्यक्ष डा. बाबुराम भट्टराई र नेपाली कांग्रेसका नेता डा. शेखर कोइराला लगायतले स्यालको हुइयाँ भनेजस्तो गरी दिल्लीको उडन्ते समाचारमा लोलीमा बोली मिलाएको देखिएको थियो। तर यथार्थतालाई हेर्दाभने दिल्लीदेखि काठमाडौंसम्मका बेलाबखत उठ्ने नेपालमा सरकार परिवर्तनका हल्ला केवल हल्लामामात्र सीमति रहने गरेका छन्। त्यसैगरी अन्तराष्ट्रिय परिस्थिति पनि उक्त हुइँया अनुकूलको देखिको छैन। गत ०८१ जेठमा माओवादी केन्द्रका अध्यक्ष तथा तत्कालीन प्रधानमन्त्रि पुष्पकमल दाहालले दिल्ली दौडबाट फर्किएलगत्तै सरकार पुनरगठन गरेर एमालेलाई हटाउने र नेपाली कांग्रेसलाई फेरी समेटेर अगाडि बढ्ने प्रयास गरेपछि नेकांका सभापति शेरबहादुर देउवाको बिशेष पहलमा एमालेका अध्यक्ष केपी ओलीको नेतृत्वको यो सरकार बनेको हो। त्यसैले यो सरकारको सफलता/असफलता, जस/अपजस बढीमात्रामा नेपाली कांग्रेसलाई जानेवाला छ। सबैलाई थाहाभएको कुरा होकि यो सरकार नेपाली कांग्रेसले चाहेसम्म टिक्छ।

नेपाली कांग्रेसका खासगरी सभापति देउवा र देउवा निकटका नेताहरुले यो सरकार ०८४ सालसम्म जाने बताइरहनु भएको छ। त्यसमाथि पनि नेकांको देउवा इतरको समूहका नेता मानिनु भएका डा. शेखर कोइरालाले पहिलो त पार्टी बिभाजन गर्ने/गराउने कुनै संभावना छैन। दोश्रो उहाँको समूहमा पनि अन्योल र अनिश्चितताहरु रहेका देखिन्छन्। त्यसैगरी एमालेमा बर्तमान सरकारलाई लिएर कुनै प्रश्न उठेको देखिएको छैन। सरकारमा रहेका अन्य दलहरुबाट पनि कुनै बिरोधको स्वर बाहिर आएको छैन। यहाँ तत्काल कुनै ठूलो आन्दोलन हुने संभावना पनि छैन। देशमा आँधी बेहरी ल्याउने योजना बनाउँदै आएको राप्रपा जेठ १५ बाट केही दिन सडक आनदोलन गरेर सेलाएको छ। उसले बर्षा याम भएकाले आनदोलनगर्न नसकिने भनेको छ। रास्वपाका नेताहरु सहकारी प्रकरणमा बदनाम बन्दै गएका छन्। हाल संसदमा अवरोध सिर्जना गरेपनि प्रतिपक्षी दलहरुमा बिभाजन आइसकेको अवस्था छ। संसदमा रहेका १४ मध्ये सात दल सरकारमा छन्भने राप्रपा तत्काल यो संरचना अन्तर्गत सरकारमा जाने कुनै संभावना छैन। राजमो र नेमकिपा सरकारमा नजाने अडानमा रहँदैआएका पार्टीहरु हुन्। माधव नेपाल नेतृत्वको एकीकृत समाजवादी पनि माओवादी केन्द्रसँग टाडिँदै गएको देखिएको छ। माधव नेपालमाथि अख्तियारले कारवाही थालेपछि सो पार्टीको शक्ति क्षिण हुँदै गएको देखिएको छ। स्वयं प्रमुख प्रतिपक्षी दल माओवादी केन्द्र आफै बिभाजित अवस्थामा रहेको देखिन्छ। भिजिट भिसा प्रकरणमा प्रमुख प्रतिपक्ष र सत्तापक्षबीच भएको दुईबुँदे सहमतिलाई लिएर माओवादी केन्द्रका नेताहरुले फरक, फरक धारणा व्यक्त गरेको पाइएको छ। उक्त सहमतिलाई लिएर माओवादी केन्द्रले कच्चापन देखाएकोभन्दै अहिले चौतर्फी आलोचना भइरहेको छ। अध्यक्ष पुष्पकमल दाहालले सहमतिको बचाउ गरेपनि अन्य नेताहरुको बिरोध जारी छ। माओवादी केन्द्रभित्र बिवाद यति बढेको छकि उसले आफ्नो पार्टीको केन्द्रिय समितिको बैठकसमेत गराउन सकिरहेको छैन। त्यसैले राष्ट्रियरुपमा हालको सरकार बलियो अवस्थामा रहेको देखिएको छ। त्यसैगरी अन्तराष्ट्रिय परिस्थिति पनि बर्तमान सरकारको बिपक्षमा रहेको देखिएको छैन। किनकी नेपालमा आवश्यकताभन्दा बढी चासो राख्दैआएका चीन, भारत र अमेरिकाको पछिल्लो अवस्थालाई हेर्दा उपरोक्त कुराको पुष्टि हुन्छ। प्रधानमन्त्रि ओलीले गत मंसिर १७-२० मा चीनको भ्रमण गरेर कतिपय बिषयमा सहमति र संझौता गर्नुभएको थियो। ओलीले चीनमा गरेको सहमति र संझौता नेपाली कांग्रेसको सहमतिअनुसारमात्र भएको थियो। जसको सो पार्टीका सभापति देउवाले बचाउ गर्नुभएको थियोभने नेकां र एमालेको केन्द्रिय कार्य समितिको बैठकले स्वीकार गरेको थियो। अमेरिकाको डोनाल्ड ट्रम्प सरकारबाट पनि नेपालको बर्तमान सरकारप्रति कुनै नकारात्मक प्रतिक्रियाहरु ब्यक्त भैरहेका छैनन्। त्यसैगरी प्रम ओलीको चीन भ्रमणपछि भारत भ्रमणको संभावना देखिनु आफै बुझ्न सकिने बिषय भएको छ। प्रधानमन्त्रि ओली आगामी साउनमा भारत भ्रमणमा जाने संभावनाहरु प्रवल बनेका छन्। नेपालमा बढ्दो अमेरिकी गतिबिधिप्रति चीन र भारत दुबै चिन्तित रहेका छन्। त्यसैले उनीहरुले गत केही महिना अघिमात्र आफूहरुबीच रहेको सीमासम्बन्धी बिवादलाई साम्य बनाएर एकताको हात अगाडि बढाएको अवस्था छ। भारतको भूमिका रुस र अमेरिका दुबैतिर सन्तुलनकारी रहेका कारण नेपालको मामिलामा चीन, रुस वा अमेरिका कुनैपनि भारतलाई बाइपास गरेर अगाडि बढ्नसक्ने देखिएको छैन। बर्तमान सरकारले पहल गरेका कारण एमसीसी परियोजनाले निरन्तरता पाउने देखिएको छ। नेपालस्थित अमेरिकी दूतावासले हालै जारी गरेको एक विज्ञप्तिमा एमसीसीले निरन्तरता पाउने नभने पनि सकारात्मक देखिएको जनाएको छ। गत नेपालमा एमसीसी परियोजनाले निरन्तरता पाउने देखिएको छ। नेपालस्थित अमेरिकी दूतावासले जारी गरेको विज्ञप्तिमा स्पष्ट रुपमा एमसीसीले निरन्तरता पाउने नभने पनि सकारात्मक देखिएको हो।

गत फेब्रुअरी मा अमेरिकी विदेशमन्त्रीले वैदेशिक सहायतासम्बन्धी समीक्षा चलिरहेकै बेला लागूगरिएको ९० दिने रोकमा पनि एमसीसी नेपाल कम्प्याक्टका लागि विशेष अपवाद प्रदानगर्दै एमसीसीको निरन्तर कार्यान्वयनलाई स्वीकृति दिएको विज्ञप्तिमा बताइएको छ। यस अपवादले एमसीसी नेपाल कम्प्याक्टको कार्यान्वयनलाई समीक्षा अवधिमा पनि निरन्तर अगाडि बढाउन स्वीकृत प्रदान गरेको देखिएको छ। एमसीसी र नेपालस्थित अमेरिकी दूतावास सरोकारवालासँग सहकार्य र संवादगर्दै यस समीक्षाको सकारात्मक परिणामका लागि प्रयत्नरत रहेको विज्ञप्तिमा उल्लेख छ। जसलेगर्दा **बाँकी ७ पेजमा**

# नेपालको आब ०८२/०८३ को बजेट र छिमेकीसँगको अवस्था

काठमाडौं। नेपालमा यतिबेला आब ०८२/०८३ को बजेट प्रस्तुत भई संसदमा छलफलको क्रममा रहेको छ। उक्त छलफलमा कतिपय सांसदहरुले छिमेकीसँगको ब्यापार सन्तुलन र उनीहरुले नेपाललाई दिएको सहयोगलाई समेत छलफलको बिषय बनाउका छन्। चीनले सहयोगको आश्वासन धेरै दिने गरेको र भारतबाट सहयोग धेरै हुने गरेको भन्ने लगायतका प्रशंगहरु पनि उठेका छन्। भारतको समेत सबैभन्दा ठूलो ब्यापारिक साझेदार चीनलाई मानिन्छ। त्यो ब्यापार यतिबेला ११८.४ अर्ब डलरको रहेको छ।

गत केही महिनाअघि भारतका बिदेशमन्त्री एस जयशंकरले विश्वका कारोबारीहरु को मञ्च (इटी वर्ल्ड लिडर्स फोरम) लाई सम्बोधनगर्दै चीनवाट विश्वलाई नै कठीनाइ त छ नै, त्यसमा पनि भारतका लागि त चीन झन विशेष समस्यानै बनेको छ। यस प्रकारको स्थितिमा भारतले चीनसँगको लगानी र लेनदेनको कारोबारी सम्बन्धको समीक्षागर्नु अत्यावश्यक छ भन्नुभएको थियो।

यहाँ उल्लेखनीय के छभने 'थिंक ट्यांक ग्लोबल ट्रेड रिसर्च इनिशिएटिभ (जीटीआरआइ)द्वारा प्रकाशित प्रतिवेदनकाअनुसार यसवर्ष सन् २०२४ का पहिला छमहिना अर्थात जनवरीदेखि जुनसम्मको समयमा भारतको चीनसँग आजसम्मकै सबैभन्दा बढी ब्यापार घाटा हुनपुगेको पाइएको छ। त्यसको आकारै भन्ने होभने त्यो ४१.६ अर्ब डलर पुगेको देखिन्छ। यस अवधिमा चीनवाट भारतमा हुने आयात बढेर ५०.१ अर्ब डलर भइसकेको छ। भारतबाट चीनमा हुने निर्यात केवल ८.५ अर्ब डलर रहेको छ। भारतले यदि बितेका सम्पूर्ण आर्थिक वर्ष २०२३-२४ मा चीनसँग भारतको ब्यापारलाई हेर्दा चीनवाट भारतमा १०१.७५ अर्ब डलरको आयात भएको थियोभने चीनलाई भारतबाट भएको निर्यात १६.६६ अर्ब डलरमात्र रहेको देखिन्छ। त्यसैगरी चीनसँगको ब्यापार घाटा ८५.०९ अर्ब डलर रहेको पाइन्छ। निश्चितरुपमा चीनसँग यो बढ्दो भारतको ब्यापार घाटाले भारतका समक्ष ठूलो चुनौती विकसित भएको प्रष्ट छ। यस्तो स्थितिमा भारतका उद्योग तथा वाणिज्य मन्त्रीले प्रोत्साहन आधारित उत्पादन ( पीएलआइ) अन्तर्गत एपीआइको उत्पादन बढाएर त्यसबाट चीनसँग ठूलो मात्रामा हुनेगरेको आयातमा कमीगर्न थालिएको बताउनु भएको छ। भारतका केन्द्रीय तथा ग्रामीण विकास मन्त्रीकाअनुसार भारतमा कृषि उत्पादन बढाउने र खाद्य प्रशोधन उत्पादन निर्यातलाई बढाउने रणनीतिक प्रयास गरिनथालेको छ।

यसो गरेर भारतबाट चीनमा निर्यात बढाउन सकिने ठानिएको छ। यद्यपि के भनिदैछभने यतिबेला भारत र चीनवीचको ब्यापारसँग सम्बन्धित प्रकाशित भइरहेका बिभिन्न विश्व आर्थिक तथा बित्तीय संगठनहरुका प्रतिवेदनहरुमा अहिले पनि भारतसँग चीनवाट आयात घटाउने र विश्व निर्यातमा भारतको हिस्सा बढाउन सकिने सम्भावनाहरु पनि छन्। ती सम्भावनाहरुलाई साकार तुल्याउने चारवटा प्रमुख आधारहरु यस प्रकार औंल्याइएको छ। एक- चीनवाट बाहिर निस्कन लागेका ठूला उद्योगहरु, ठूला कम्पनीहरु र लगानीकर्ताहरु भारतको मुठ्ठीमा आउने सबैभन्दा बढी सम्भावना रहेको छ। त्यसबाट भारतका म्यानिफ्याक्चरिङ (निर्माण उद्योग) क्षेत्रका उद्योगहरु सबल हुनजाने सम्भावनहरु छन्।

दुई- 'चीन प्लस वान रणनीति' ( चीनसँगको आयात निर्यात सन्तुलनका लागि अपनाइएको पश्चिमाहरुको खास ब्यापारिक रणनीति) अन्तर्गत भारतले विश्वको सक्षम र विश्वासिलो देशकारुपमा निर्यात बढाउनसक्ने पनि बताइँदैछ। अमेरिकालगायत युरोपेली तथा कतिपय अन्य विकसित देशहरु पनि चीनवाट आयात घटाउनका लागि चिनियाँ उत्पादनहरुमाथि जस्तो किसिमले आज असाधारण आयात प्रतिबन्ध लगाइरहेका छन्, त्यसबाट पनि त्यसलेगर्दा ती चीनवाट मुन्टो फर्काउन थालेका देशहरुमा भारतको निर्यात बढ्नसक्ने नयाँ सम्भावना विकसित हुने पनि उल्लेख गरिदैछ।

तीन- भारतबाट चीनका लागि कृषि पदार्थहरु र खाद्य प्रशोधित निर्यातमा तीब्ररुपमा बृद्धिगर्न सकिने स्थिति बन्छ पनि भनिएको छ। चार- भारतकी अर्थमन्त्रीद्वारा प्रस्तुत बजेटमा ब्यवस्थित गरिएका प्रावधानहरुबाट भारतको आयात घट्ने र निर्यात बढ्ने सम्भावना पनि औंल्याइएको छ। यहाँ एउटा उल्लेखनीय कुरा के पनि छभने विश्व बित्तीय कम्पनी 'नोमूरा'ले भर्खरैको आफ्नो एउटा प्रतिवेदनमा भनेको छ कि-चीनवाट ग्लोबल कम्पनीहरु बाहिर निस्कन थालेको वा निस्कनेवाला छन्। त्यसको ठूलो फाइदा भारतलाई हुनसक्ने देखिदैछ। भनिन्छ नोमुराद्वारा 'चाइना प्लस वान स्ट्राटेजी' नीतिलाई लिएर १३० फार्महरुको सर्वेक्षण गरिएको थियो। त्यसमा खासगरी भारतको ढोका ढकढक्याउने कम्पनीहरुमा इलेक्ट्रोनिक्स, अटोमोबायल, क्यापिटल गुड्स, सेमीकण्डक्टर (असेम्बलिङ, टेष्टिङ), इनर्जी (सोलर) का अतिरिक्त फार्माक्युटिकल्स औषधि उद्योग क्षेत्रका कम्पनीहरुलाई भारतमा हरसम्भव सुविधा प्रदान गरेर उनीहरुलाई स्वागत गरिनु पर्दछभन्ने आवश्यकता औंल्याइँदैछ। अर्को के महत्वपूर्ण कुरा पनि तिनले औंल्याउँदैछन्भने जी-२० को नयाँ शक्तिबाट सुसज्जित भारत नयाँ विश्व आपूर्तिकर्ता देशको भूमिकामा उदाएर सामुमा आएको छ र चीनलाई टक्कर दिनसक्ने स्थितिमा पुग्ने अनुमान गरिदैछ र भनिदैछ कि यस्तो स्थितिमा भारतले अझ बढी ब्यापारिक रणनीतिक प्रयासहरुबाट भारतीय बजारमा उद्योग-निर्यात कारोबार-निर्यात-लगानीको बढी अवसरहरुलाई आफ्नो मुठ्ठीमा पार्नसक्छ। तिनको भनाइ के छभने निश्चितरुपमा विश्व बजारमा चीनको दबदबा तोड्ने परिप्रेक्षमा युरोपेली देशहरु, अमेरिका र अन्य कतिपय देश समेतले चीनवाट बढ्दो आयातलाई मध्यनजर राखेर असाधारण आयात प्रतिबन्ध लगाइरहेको देखिदैछ। उदाहरणको निम्ति गत महिना युरोपेली आयोगले चीनमा बनेका बिद्युतीय बाहनहरुमा ४८ **बाँकी ७ पेजमा**

# नेपालमा संसदीय अभ्यास स्वतन्त्र र स्वच्छ ढंगले सञ्चालन हुन सकेन

## उपेन्द्र यादव (अध्यक्ष), जनता समाजवादी पार्टी

काठमाडौं। जनता समाजवादी पार्टी,नेपालका अध्यक्ष उपेन्द्र यादवले बारा निर्वाचन क्षेत्र नं २ बाट प्रतिनिधिसभामा प्रतिनिधित्व गर्नुभएको छ। यसअघि उहाँ ०६४ सालको संविधानसभा निर्वाचनमा मोरङ निर्वाचन क्षेत्र ५ र सुनसरी ५ बाट ०७० सालमा सुनसरी क्षेत्र नं ५ तथा २०७४ सालमा सप्तरी क्षेत्र नं २ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुनुभएको थियो। ०१६ सालमा सप्तरीको भागवतपुरमा जन्मिनुभएका अध्यक्ष यादवले ०३२ सालमा कम्युनिष्ट पार्टीबाट राजनीतिक यात्रा शुरु गर्नुभएको हो। ०४८ सालमा एमालेमा आबद्ध हुनुभएका उहाँले ०६३ सालदेखि मधेसी जनअधिकार फोरम गठन गरी मधेस आन्दोलन शुरु गर्नुभएको थियो। अध्यक्ष यादवले देशको उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री, स्वास्थ्य तथा जनसंख्यामन्त्री, भौतिक पूर्वाधार तथा यातायातमन्त्री र कानून, न्याय तथा संसदीय मामिलामन्त्रीभई जिम्मेवारी सम्हाली सक्नुभएको छ। अध्यक्ष यादवसँग राससका समाचारदाता सुशील दर्नालले उहाँको दैनिक गतिविधि, संसदीय अभ्यास, संविधान कार्यान्वयन र संशोधन, मधेसी समुदायका माग र मुद्धा, संघीयता सुदृढीकरण, राजनीतिक व्यवस्था र जनताको अवस्था, युवाको विदेश पलायन र बेरोजगारी समस्या, राजनीतिक दलका गतिविधि, देशको आर्थिक विकास, जनतासँग गरेको प्रतिबद्धता र मुलुकको समसामयिक विषयमा लिनुभएको अन्तर्वार्ताको सम्पादित अंश :

यो साताको बिशेष



**आजभोलि के मा व्यस्त हुनुहुन्छ ?**
अहिले संसदको बजेट अधिवेशन चलिरहेको छ। बजेटमाथि सांसदले आफ्ना विचार राख्ने काम भइरहेको छ। यसअघि सरकारको नीति तथा कार्यक्रम र सिद्धान्त तथा प्राथमिकताबारे संसदमा छलफल भयो। सदनमा कानून निर्माणको पाटोमा पनि सहभागी हुने गरेको छु। म अध्यक्ष भएकाले पार्टीको दैनिक गतिविधिमा पनि व्यस्त छु।

**संसदीय अभ्यासलाई कसरी हेर्नुभएको छ ?**
ठूला राजनीतिक दलहरुमा लोकतान्त्रिक संस्कृतिको अझै विकास भइसकेको छैन। त्यसलेगर्दा संसदीय अभ्यास स्वस्थ ढङ्गले सञ्चालन भएको छैन। दलहरु आग्रह-पूर्वाग्रहले ग्रसित छन्। कार्यकारीणिको झगडा संसदले ब्यहोर्नुपरेको छ। त्यस कारण संसदको जति प्रभावकारिता हुनपर्थ्यो, त्यो मैले पाएको छैन। सारा जनताको ध्यान अहिले संसदतिर छ। संसदप्रति जनताले जुन आशा गरेका थिए, त्यो आशा पूरा गर्नेगरी संसदले भूमिका निर्वाह गर्न सकेको छैन। संसद चलिरहेको देखिए पनि प्रभावकारी ढङ्गले संसदीय कारबाही अगाडि बढ्न सकेको छैन।

**संविधान कार्यान्वयनलाई कसरी हेर्नुभएको छ ?**
सबै जनताले संविधानको स्वामित्व ग्रहण गर्न सकेका छैनन्। संविधान जारी गर्ने बेलामा संविधानसभामा व्यापक छलफल र संशोधन प्रस्तावमाथि बहस गरेर जारी गरेको भए त्यसको स्वामित्व सबैले ग्रहणगर्ने थिए। संविधानमा केही महत्वपूर्ण कुरा छन्। केही विभेदकारी विषय पनि छन्। केही दोधारे विषय पनि छन्। संविधानमा भएका महत्वपूर्ण विषय पनि कार्यान्वयन हुनसकेका छैनन। जस्तोः संघीयता पूर्णरुपमा कार्यान्वयन हुनसकेको छैन्। प्रदेशको संरचना खडा गरियो, तर केन्द्रीकृत र एकात्मक मानसिकताबाट मुक्त नभएका कारण पूर्ण रुपमा कार्यान्वयन हुन सकेको छैन। प्रदेश र स्थानीय तहले गर्नुपर्ने काम र अधिकार पनि केन्द्रमै राखिएको छ। केन्द्रमै श्रोत र शक्ति राखेपछि संघीयता कसरी कार्यान्वयन हुन्छ ? संघीयता कार्यान्वयनगर्न न कानून छ, न कर्मचारीतन्त्र छ। श्रोत/साधन पनि छैन। यस्तो अवस्थामा प्रदेश सरकारले कसरी काम गर्छ ? संविधानमा लेखिएका विशेष क्षेत्र र सुरक्षित क्षेत्रको पनि कार्यान्वयन भएको छैन।

**संविधान संशोधनको विषयलाई कसरी हेर्नुभएको छ ?**
संविधान संशोधनगर्न सरकारले चाहेको देखिँदैन। संविधान जारी भएकै बेलादेखि संशोधनको कुरा भइरहेको छ, तर कुरामै सीमित छ। संशोधन कुन विषयमा गर्नेभन्ने विषय नै आएको छैन। कुन लक्ष्य प्राप्तिका लागि संशोधन गर्नेभन्ने नै थाहाछैन। संविधान संशोधन फण्डाजस्तो भएको छ। संविधानलाई गति दिन परिमार्जनको आवश्यकता छ। त्यसैले पहिला संविधान संशोधनका लागि विज्ञहरुको टोली बनाउनुपर्छ। त्यो टोलीले दिएको सुझावको आधारमा संशोधन गर्नुपर्छ।

**कुन-कुन विषयमा संशोधन गर्नुपर्छ ?**
पहिला निर्वाचन प्रणालीमा संशोधन गर्नुपर्छ। नेपालजस्तो अल्पविकसित मुलुकमा यत्रो महँगो निर्वाचन प्रणाली हुनुहुँदैन। अहिलेको निर्वाचन प्रणालीले मुलुकलाई बर्वाद गर्छ। अर्को शासकीय स्वरुपमा पनि संशोधन गर्नुपर्छ। अहिलेको शासन व्यवस्था व्यवहारिकरुपमै सफल हुनसकेको छैन। अब जनताबाट प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति हुनुपर्छ। राष्ट्रपतिले विज्ञहरुबाट सरकार बनाउनुपर्छ। संसदले कानून बनाउने, अनुगमन गर्नेलगायत संसदीय कार्य गर्नुपर्छ। सरकार र संसदलाई अलग गर्नुपर्छ। त्यसैगरी न्यायपालिकालाई पनि पुनःविचार गर्नुपर्छ। न्यायपालिकामा धेरै ढिलासुस्ती छ। जनशक्तिको पनि कमी छ। संघीय प्रणालीमा मुलुक गइसकेपछि एकात्मक प्रणालीमा न्यायपालिका त्यति प्रभावकारी हुन सक्दैन। सस्तो र सजिलो गरी जनताले न्याय सेवा पाउनुपर्छ। न्याय भनेको बजारबाट खरिद गरेको वस्तुजस्तो हुनुहुँदैन। स्थानीय तहलाई प्रदेशको क्षेत्राधिकारभित्र ल्याउने र प्रदेशलाई अधिकार सम्पन्न बनाउने विषयमा संविधान संशोधन गर्नुपर्छ।

**मधेसी समुदायको माग के हो ?**
जनसंख्याको आधारमा कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकामा समान सहभागिता हुनुपर्छ भन्ने मधेसी समुदायको मुख्य माग हो। संवैधानिक आयोगलगायत राज्यका सबै संरचनामा मधेसी समुदायको समान रुपमा सहभागिता हुनुपर्छ। लोकतन्त्रमा जनसंख्याको आधारमा सबैको प्रतिनिधित्व हुनुपर्छ। तर, अहिले समावेशिता पनि हराउँदै गएको छ।

**संघीयतालाई अझै सुदृढ बनाउन के गर्नुपर्छ ?**
संघीयताको आधारभूत सिद्धान्त भनेको प्रदेशमा स्वशासन र केन्द्रमा साझा शासन हो। यो नीतिबाट अगाडि बढ्नुपर्छ। सात प्रदेशलाई पुनःसंरचना गर्नुपर्छ। संघीयताबारे राज्य पुनःसंरचना आयोगले भनेको सामर्थ्य र पहिचानको आधारमा १० प्रदेशको बारेमा सोच्नुपर्छ। प्रदेशलाई अधिकार सम्पन्न बनाउनुपर्छ। प्रदेशलाई श्रोत र जनशक्ति दिनुपर्छ।

**जनताको अवस्थालाई अझै सुधार गर्न के गर्नुपर्छ ?**
सत्तामा रहेका ठूला पार्टीहरुले राज्यका संरचनामा आफ्ना मान्छे मात्रै राखेर जनताको अवस्थामा सुधार हुँदैन। अदालत, अख्तियार र अन्य संवैधानिक निकायमा आफ्ना मान्छेभन्दा पनि योग्य र समक्ष मान्छे राखियोभने जनताको अवस्था यतिकै परिवर्तन हुन्छ। त्यसकारण जनताको अवस्था परिवर्तनगर्न राजनीतिक नेतृत्वको मानसिकता परिवर्तन हुन जरुरी छ। राजनीतिक नेतृत्वको मानसिकता परिवर्तन नभएपछि देशको विकास कसरी हुन्छ ? जनताले रोजगारी कसरी पाउँछ ? रोजगारी नपाएपछि जनताको अवस्था कसरी परिवर्तन हुन्छ ?

**युवा विदेश पलायन कसरी रोक्न सकिन्छ ?**
गरिबी र बेरोजगारी भएपछि देशमा बाँच्नु कसरी ? बाँच्न गाह्रो भएपछि विदेश पलायन हुनुको विकल्प नै छैन। देशमा राम्रो शिक्षा, स्वास्थ्य, रोजगारी र सुरक्षा नभएपछि युवा पलायन हुनु स्वभाविक हो। त्यसकारण युवा पलायन रोक्न आफ्नो देशको उद्योगधन्दा सञ्चालन गर्नुपर्छ। कृषिमा विकास गर्नुपर्छ। विकास र सुशासन दिन सकियो भने युवा पलायन आफैँ रोकिन्छ।

**ठूला राजनीतिक दललाई तपाईको सुझाव के छ ?**
भ्रष्टाचार अन्त्य गर्नुपर्छ। जनतालाई सुशासन दिनुपर्छ। दलहरु विकासको गतितर्फ लाग्नुपर्छ। मूल्य र मान्यताका आधारमा राजनीति गर्नुपर्छ। व्यवस्था राजनीतिकरुपमा परिवर्तन भएको छ। तर, शासन प्रणाली उही छ। प्रशासनको ढाँचा उस्तै छ। आनीबानी, बेहोरा उही छ। त्यसकारण प्रमुख कुरा राजनीतिक दल सुध्रिन आवश्यक छ।

**देशलाई आत्मनिर्भर बनाउन के गर्नुपर्छ ?**
विकासको मूलआधार भनेको शिक्षा हो। तलदेखि माथिसम्म शिक्षामा आमूल परिवर्तन गर्नुपर्छ। युगअनुसारको शिक्षा प्रणाली हुनुपर्छ। मानिसको जीवनलाई सक्षम बनाउने खालको शिक्षा हुनुपर्‍यो। सँगैसँगै हाम्रो देश कृषिमा आधारित देश हो। कृषिलाई आधुनिकीकरणगर्दै व्यवसायीकरण गर्नुपर्छ। बन्दभएका उद्योगधन्दा सञ्चालन गर्नुपर्छ। पर्यटन क्षेत्रलाई विकास गर्नुपर्छ। बिद्युतमा विकास गर्नुपर्छ। यतिमात्रै गर्न सकियोभने नेपाल संसारको सबैभन्दा सुखी र सम्पन्न देश बन्न सक्छ।

**जनतासँग गरेको प्रतिबद्धता कति पूरा गर्नुभयो ?**
जसले सत्ता सञ्चालन गर्छ उसले बजेट विनियोजन गरेर विकासको काम अगाडि बढाउने हो। सरकारले बजेटको व्यवस्था गरेन भने विकास कसरी अगाडि बढ्छ ? मैले मेरो निर्वाचन क्षेत्र रहेको जिल्ला बाराको विकासका लागि गरेका प्रतिबद्धता पूरा गर्नेबारे सरकारलाई लेखेर दिएको छु।

**जनतालाई तपाईको सन्देश के छ ?**
जनता अन्याय र बेतिथिका खिलापमा उठ्नुपर्छ। भ्रष्टाचार र कमिसनतन्त्रलाई अन्त्यगरेर सुशासन र समृद्धिको दिशामा देशलाई अगाडि बढाउने कुरामा सबैको उत्तिकै दायित्व हुन्छ। देशमा भ्रष्टाचार अति भइसक्यो। यस विषयमा जनता संगठितहुँदै जाग्नुपर्छ। रासस

हरेक दिन प्रकाशित हुने उपत्यकाको चर्चित
सन्ध्याकालीन दैनिक
खोजी खोजी पढ्नु होस्।

बाढी र पहिरोबाट जोगिऔं
नेपाल सरकार
विज्ञापन बोर्ड

# आजका सन्दर्भमा नेपालमा नयाँ जनवादी गणतन्त्रको बहस

कृष्ण पौडेल

क्रान्तिकारी भूमि सुधारभन्नाले जमिनको हदबन्दी कायमगरी हदबन्दी भन्दा माथिको जग्गा बिना मुआब्जा जफतगरेर भूमिहीन सुकुम्बासी र गरिब किसानहरुलाई वितरणगर्नु, किसानहरुलाई सम्पूर्णरुपले ऋृण मुक्तगर्नु, उनीहरुलाई सबै प्रकारका आर्थिक दवावहरुबाट मुक्तगर्नु, उत्पादनका साधनहरु र आफ्नो श्रममाथि किसानहरुको स्वामित्व कायमगर्नु र किसानहरुलाई पूर्णरुपले स्वतन्त्र बनाउनु नयाँ जनवादको अर्थ नीति हो। नयाँ जनवादी गणतन्त्र गरिब साना तथा मध्यम किसानहरुलाई आघात नपर्नेगरी धनी किसानहरुको संरक्षण गरिने छ। उत्पादनमा भागलिनु नागरिकहरुको कर्तब्य भएको, उत्पादनका साधनहरुमाथि व्यक्तिगत स्वामित्व कायम रहेको रसामन्त दलाल तथा नोकरशाही बर्ग शोषणको अन्तभएको व्यवस्थानै नयाँ जनवादी गणतन्त्र हो।

आजका सन्दर्भमा नेपालमा नयाँ जनवादी गणतनत्रको बहस सबैको चासोको बिषय छ। खासमा नयाँ जनवादी गणतन्त्र भनेको पनि नयाँ प्रकारको पूँजीवादी व्यवस्था नै हो। पूँजीवादको विकास भैसकेको देशमा सर्वहारा बर्गले पूँजीवादी शासन व्यवस्थामाथि विजय हाशिल गरेर पूँजीवादी व्यवस्था ढालेपछि त्यहाँ समाजवादी व्यवस्था लागूहुन्छ। पूँजीवादको विकास भैनसकेको अर्धसामन्ती तथा अर्धऔपनिवेशिक देशमा सर्वहारा बर्गको नेतृत्व किसान-मजदूर एकताको आधारमा क्रान्ति सम्पन्न भएर क्रान्तिको नेतृत्वदायी शक्तिको हातमा राज्यसत्ता आएपछि त्यहाँ जनवादी व्यवस्था लागूहुन्छ। राज्यसत्ता जनवादी शक्तिहरुको हातमा हुन्छ। तर अर्थ व्यवस्था पूँजीवादको स्तरमा उठ्नसकेको हुँदैन। सामन्त, दलाल तथा नोकरशाही पूँजीपतिहरुको हालीमुहाली हुने हुनाले देशको राष्ट्रिय अर्थतन्त्र तबाह भएको हुन्छ। त्यसैले त्यस्तो खराब अर्थतन्त्रलाई देशमा पूँजीवादी आर्थिक प्रणालीमा विकासगर्ने दायित्व क्रान्तिकारी शक्ति अर्थात कम्युनिष्ट पार्टीको हुन्छ। त्यसैले त्यस्ता देशहरुमा कम्युनिष्ट पार्टीले क्रान्ति सम्पन्न गरिसकेपछि समग्र अर्थतन्त्रलाई माथिउठाउन कृषिको आधुनिकीकरण र व्यवसायीकरण, उद्योगधन्दा, कलकारखाना, खानी, खनिज, बिद्युत, यातायात शिक्षा, स्वास्थ्य, रोजगारी आदिको विकासगरी मानवीय आवश्यकता पूरागर्ने र देशलाई आत्मनिर्भर बनाउने उद्देश्यले द्रुतगतिले उत्पादनको क्षेत्रमा विकास गर्नुपर्दछ। अर्धसामान्ती तथा अर्धऔपनिवेशिक देशमा राज्य सत्ताको चरित्रनै दलाल भएकाले सामन्त, दलाल तथानोकरशाही पूँजीपति बर्ग र देशको दलाल शासक बर्ग मिलेर देशको स्वतन्त्र अर्थतन्त्र ध्वस्तपारेका हुन्छन्।

दलाल पूँजीवादले देशको कृषि र उद्योगलाई ध्वस्तपारेर सबै क्षेत्रमा आफ्नो हस्तक्षेप कायम गरेको हुन्छ। त्यो अवस्थामा रहेका देशहरुमा हुने क्रान्तिको चरित्रनै जनवादी-पूँजीवादी हुन्छ वा दलाल पूँजीवादबाट दबिएको हुन्छ। त्यसैले यस प्रकारको क्रान्तिलाई नयाँ जनवादी क्रान्ति भनिन्छ। अहिलेको विश्वव्यवस्थामा रहेर साम्राज्यवाद एवं विस्तारवादको राजनीतिक एवं आर्थिक हस्तक्षेपबाट माथि उठेर पूँजीवादी शक्तिले क्रान्ति सम्पन्नगर्न सक्दैन। किनकि त्यसको चरित्र पनि दलालकारुपमा विकास भएको हुन्छ। त्यसैले ती देशहरु ( अर्धसामन्ती र अर्धऔपनिवेशिक) मा क्रान्ति सम्पन्नगर्ने दायित्व सच्चा कम्युनिष्ट पार्टीको हुन्छ। नयाँ जनवादी क्रान्तिपछि नेपालको सन्दर्भमा देशको अर्थनीति कस्तो हुनेछ ? यसबारे नेकपा (मशाल) कोविशेष महाधिवेशनद्वारा पारित "पार्टीको नीति तथा कार्यक्रम" मा भनिएको छ- "सबै प्रकारका सामन्ती सम्बन्धहरुको अन्त्यगर्नु नयाँ जनवादी अर्थतन्त्रको मूल नीति हो। नेपाली अर्थतन्त्र अहिलेसम्म कृषि प्रधान छ र कृषिमा सामन्ती श्रम सम्बन्धनै मूलरुपमा बिद्यमान छ। हुनत आफ्नो स्वामित्वको जमीन आफै जोत्ने भूस्वामी जोताहाहरुको संख्या देशभरमा अत्याधिक छ, पहाड, हिमाली क्षेत्रमा त्यो धेरै हदसम्म सत्य पनि हो। तैपनि खासगरी तराई र भित्री मधेशमा ठूलोमात्रामा तथा पहाडमा पनि उल्लेख्य मात्रामा जमीनमाथि सामन्ती स्वामित्व अहिलेसम्म पनि कायमै रहेको छ। अहिलेसम्म पनि ठूला जमिन्दारका नाममा, हिजोका राजा रजौटाहरु, साहु, सामन्तहरु, राणा परिवारहरुका नाममा, गुठीका नाममा, मठ मन्दिरका नाममा, मौजावालाहरुका नाममा, पुराना दरबारिया भाइभारदारहरुका नाममा, बिभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरुका नाममा अहिले पनि हजारौ बिघा जमिन रहेको छ। नयाँ जनवादी क्रान्तिले उनीहरुको नाउँमा रहेको जमिन जफत गरेर राष्ट्रीयकरण गर्नेछ।"(पेज १४) अगाडि भनिएको छ- "नयाँ जनवादी अर्थनीतिमा जमिन जोत्नेको नाममा कायम गर्नुपर्दछ। कृषिमा औद्योगिक क्रान्ति गर्नुपर्दछ। किसानहरुलाई जमिनको मालिक बनाइन्छ। ठोसरुपमा भन्नुपर्दा दलाल तथा नोकरशाही पूँजीपति र सामन्तहरुको नाउँमा रहेको जमिन खोसेर बिना मुआब्जा भूमिहिन तथा गरिब किसानहरुलाई वितरणगर्नु अर्थात जमिनमाथि 'जसको जोत उसको पोत'को नीति लागूगर्नु नयाँ जनवादको आधारभूत अर्थनीति हो। "(ऐ.ऐ. पेज १४) नयाँ जनवादी सरकारले पहिलो चरणमा क्रान्तिकारी भूमिसुधार लागूगर्दछ। क्रान्तिकारी भूमि सुधारभन्नाले जमिनको हदबन्दी कायमगरी हदबन्दी भन्दा माथिको जग्गा बिना मुआब्जा जफतगरेर भूमिहीन सुकुम्बासी र गरिब किसानहरुलाई वितरणगर्नु, किसानहरुलाई सम्पूर्णरुपले ऋृण मुक्तगर्नु, उनीहरुलाई सबै प्रकारका आर्थिक दवावहरुबाट मुक्तगर्नु, उत्पादनका साधनहरु र आफ्नो श्रममाथि किसानहरुको स्वामित्व कायमगर्नु र किसानहरुलाई पूर्णरुपले स्वतन्त्र बनाउनु नयाँ जनवादको अर्थ नीति हो। नयाँ जनवादी गणतन्त्र गरिब साना तथा मध्यम किसानहरुलाई आघात नपर्नेगरी धनी किसानहरुको संरक्षण गरिने छ। उत्पादनमा भागलिनु नागरिकहरुको कर्तब्य भएको, उत्पादनका साधनहरुमाथि व्यक्तिगत स्वामित्व कायम रहेको रसामन्त दलाल तथा नोकरशाही बर्ग शोषणको अन्तभएको व्यवस्थानै नयाँ जनवादी गणतन्त्र हो। नयाँजनवादी गणतन्त्रमा अर्को पक्षमाथि पनि मुख्यरुपले ध्यान दिनुपर्दछकि अर्धऔपनिवेशिक देशमा शासनगर्ने शासकहरु त्यही देशका नागरिक त हुन्छन् तर उनीहरु विदेशी शक्तिकेन्द्रबाट नियन्त्रित हुन्छन्। नेपालको सन्दर्भमा सन्१८१६ को सुगौली सन्धिपछि बृटिश भारतको नियन्त्रण र सन् १९४७ पछि भारतीय विस्तारबादको नियन्त्रण रहँदैआएको छ। राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा भारतीय विस्तारवादको नियन्त्रणलेगर्दा नेपालले स्वतन्त्र अर्थतन्त्रको विकासगर्न सकेन। नयाँ जनवादी गणतन्त्रमा सबै प्रकारको वैदेशिक हस्तक्षेप र नियन्त्रणको अन्त्य र देशको सर्वाङ्गिण विकासगर्ने नीति हुनेछ। नौलो जनवादको अर्थव्यवस्था बारे माओत्सेतुङ भन्नुहुन्छ-बैंक, रेलवे, विमान सेवा, जस्ता व्यावसायिक प्रतिष्ठानहरु ती चाहे चीनियाँहरुको स्वामित्वमा रहेका होउन् वा विदेशीहरुको स्वामित्वमा, तिनको स्वामित्वको स्वरुप एकाधिकारी खालको छ वा निजी व्यवस्थापन अन्तरगत सञ्चालनगर्न नमिल्नेगरी ती अचाक्ली ठूला छन्भने तिनलाई राज्यको सञ्चालन र प्रशासन अन्तरगत राखिने छ।

जसले गर्दा निजीपूँजीले जनजीविका माथि प्रभुत्व जमाउन नसकोस् पूँजीको सञ्चालन सम्बन्धी यो मुख्य सिद्धान्त हो।" (माओका चुनिएका रचनाहरु नेपाली अनुवाद भाग २ पेज ३६३, प्रगतिशील पुस्तक भण्डार, भोटाहिटी काठमाडौं) यसरी नयाँ जनवादी गणतन्त्रमा जनताको जनजीविका माथि प्रभुत्व जमाउन सक्ने ठूला व्यवसायिक प्रतिष्ठानहरुलाई समेत राज्यको सञ्चालन र प्रशासनमा राखिनुपर्ने कुरा प्रष्ट छ। अहिले नेपाल भूमण्डलीकरण, निजीकरण र उदारीकरण जस्ता साम्राज्यवादी अर्थ नीतिलाई समर्थन गरेको हुनाले त्यसको (साम्राज्यवादको) शोषणको दुष्चक्रमा फसेको छ। नेपालमा संचालित ठूला उद्योगहरु सम्पूर्णरुपले निजीकरण गरिएका छन् र अहिले ती सबै बन्दगरिएका छन्। एकातिर विदेशी लगानीमा संचालित उद्योगहरुमात्र सञ्चालनमा रहेका छन्भने अर्कोतिर निजी बैंकहरुको अनुत्पादक क्षेत्रमा लगानी, चर्को ब्याज र अनेक प्रकारका शोषणको चपेटामा नेपाली जनता परेका छन्। यसले दैनिक उपभोग्य वस्तु र अन्य बस्तुहरुमा नेपाल पुरै परनिर्भर भएको छ। औद्योगिक उत्पादनवाट नाफा र बैंकहरुले ब्याजकारुपमा नाफा कमाउने, बिद्येशमा लगेर थुपार्ने, कर नतिर्ने र देशलाई कंगाल बनाउने काम तीव्र गतिमा अगाडि बढेकोछ। त्यसैले त्यस प्रकारका औद्योगिक पूँजी, बैंकहरु र अन्य वित्तीय पूँजीलाई राष्ट्रीयकरण गरेर उत्पादनशील क्षेत्रमा लगानीगरी जनताको जीवन स्तरलाई माथि उठाइनेछ। सार्वजनिक तथा सहकारीको माध्यमबाट उत्पादनमा बृद्धि गरिनेछ। राष्ट्रिय पूँजीपतिहरुको निजी स्वामित्व अन्तरगत गरिने उत्पादनलाई संरक्षण गरिने छ। निजीकरण गरिएका र बन्द गरिएका उद्योगहरुलाई जफतगरेर राज्यको नियन्त्रणमा सञ्चालन गरिने छ। यसरी स्वतन्त्र राष्ट्रिय अर्थतन्त्रको विकासगर्नु नयाँ जनवादी अर्थ नीतिको मुख्य काम हो। सार्वजनिक तथा सहकारी प्रणालीको व्यवस्थापन र त्यसमा व्यापक लगानीगरी रोजगारी सिर्जना गरेर बेरोजगारीको अन्त्य गरिने छ। नयाँ जनवादी व्यवस्था समाजवादी व्यवस्थाको पहिलो चरण भएकाले समाजवादी अर्थ नीतिको आधार तयार पार्ने दायित्व नयाँ जनवादी अर्थ प्रणालीको हुन्छ। त्यसैले पहिलो चरणमा सामन्ती, दलाल तथा नोकरशाही आर्थिक आधारलाई भत्काइदिनु पर्दछ। सामन्त, जमिन्दार, दरबारिया, मौजावाल, विर्तावाल, गुठी तथा मन्दिरको नाममा रहेका हदभन्दा बढीजमिनहरु बिना मुआब्जा जफत गरेर भूमिहिन, सुकुम्बासी तथा गरिब किसानहरुलाई वितरण गरिने छ र वैदेशिक लगानीद्वारा सञ्चालित उद्योगधन्दा, कलकारखाना, बैंक तथा वित्तीय संस्थाहरु, जस्तो देश भित्र कारोबार गरेर नाफा आर्जन गरी बिद्येश लैजान्छन्। तिनीहरुका उत्पादनका साधनहरु र आर्थिक लगानीविना मुआब्जा जफत गरी राष्ट्रियकरण गरिने छ। यसरी आत्मनिर्भर राष्ट्रीय अर्थतन्त्रको विकास गरीसमाजवादको आर्थिक आधार निर्माण गरिने छ। नेपालको भू-बनोट माथि बिचारगर्दा कृषि उत्पादनमा विशेष जोडदिई खाद्यान्न, तरकारी, फलफूल, दुध, माछा, मासुको प्रचुर मात्रामा उत्पादन र औद्योगिक कच्चा पदार्थहरुको उत्पादनमा मुख्य जोड दिनु पर्दछ। स्वदेशी कच्चा पदार्थमा आधारित उद्योग कलकारखानाहरुलाई राज्यको मातहतमा सञ्चालन गर्नुपर्दछ। वनजंगलको संरक्षण, जडिबुटीको उत्पादन र प्रशोधन पर्यावरणको संरक्षण जलश्रोतको बहुआयामिक उपयोग, जस्तै बिद्युत, जलमार्ग, सिंचाई, मत्स्यपालन, पर्यटनका लागि बृहत योजना बनाउनु पर्दछ। पर्यटनक्षेत्र निर्धारण गरी त्यसको पूर्वाधार तयारगरेर पर्यटन व्यवसायको विकास गर्नुपर्दछ। नयाँ जनवादी गणतन्त्रमा विदेशी ऋृणबाट देशलाई मुक्त गरिनेछ। विदेशी बैंकहरुमा लगेर थुपारिएकोसम्पत्ति स्वदेश फिर्तागरी राष्ट्रियकरणगरी उत्पादनशील क्षेत्रमा लगानी गरिने छ। लुकाएर राखेका सबैअबैध सम्पत्तिहरु पनि राष्ट्रियकरणगरी उत्पादन क्षेत्रमा लगानी गरिनेछ। साम्राज्यवादी एवं विस्तारवादीहरुको लगानीमा संचालित उद्योग, बैंक **बाँकी ७ पेजमा**

# उखु उत्पादक किसानप्रति सरकारी बेवास्ता

काठमाडौं। उखु उत्पादक किसानप्रति सरकारी बेवास्ता बढेको भन्दै बिरोध हुन थालेको छ। यसैक्रममा नेपाल किसान महासंघ र अखिल नेपाल किसान महासंघले उखु उत्पादक किसानलाई एक अर्ब ६० करोड अनुदान उपलब्ध गराउन माग गरेका छन्। हालै काठमाडौंमा आयोजित एक पत्रकार सम्मेलनमा महासंघले उखु उत्पादक किसानलाई दिइँदै आएको अनुदानलाई निरन्तरता दिँदै चालु आर्थिक वर्षको अनुदान करिब एक अर्ब ६० करोड किसानलाई यथाशीघ्र भुक्तानी गर्नुपर्ने माग गरेका हुन्। उनीहरु दुग्ध उत्पादक किसानहरुको वक्यौता रकम यथाशीघ्र भुक्तानी गर्नुपर्ने, धान र मकैका लागि अति आवश्यक रहेको रासायनिक मलको पर्याप्त उपलब्धताको सुनिश्चितता गर्नुपर्ने समेत माग गरेका हुन्। अखिल नेपाल किसान महासंघका अध्यक्ष डा प्रेम दंगालले राष्ट्रियसभा दिगो विकास तथा सुशासन समितिले, ०७९ साउन १६ गते अर्थमन्त्रालय र उद्योग तथा वाणिज्य मन्त्रालयलाई डिएनए परीक्षण गरेरमात्र सुपारी निर्यातगर्न भनी निर्देशन गरेपनि उत्पादन बिक्री वितरण गर्न नपाउँदा सुपारी उत्पादक किसान समस्यामा परेका छन्। त्यसैले सुपारी किसानका समस्या तत्काल सम्बोधन गर्नुपर्दछ भन्नुभएको थियो। उहाँले च्याउखेति तथा पशुपालनका लागि प्रयोग हुने पराल र गहुँको नल दुवानीगर्दा प्रहरी प्रशासनले बारम्बार दुःख दिइरहेकाले यसको स्थायी समाधानगरी कृषिमा सुशासनको प्रत्याभूतिगर्न पनि माग गर्नुभएको थियो। नेपाल किसान महासंघका अध्यक्ष गणेशभन्द्र तिमल्सेनाले अस्थायी संरचना निर्माण गरेर भएतापनि उत्पादित बिक्रीयोग्य चैते धान निर्धारित समर्थन मूल्यमा यथाशीघ्र खरिदगर्न आवश्यक रहेको बताउनुभएको थियो। उहाँले निर्धारित मूल्यभन्दा कममा बिक्री गरिएको धानको समर्थन मूल्य बराबरको रकम किसानले प्राप्त गर्ने गरी सरकारले शोधभर्ना दिनुपर्ने माग गर्नुभएको थियो। उहाँले तत्कालका लागि उत्पादित धानलाई मौज्दात राखी सहुलियत कर्जा किसानलाई उपलब्ध गराउन आवश्यक छ, भविष्यमा खाद्यवानी भण्डारणका लागि समस्या हुननदिन आवश्यकपर्ने पूर्ण क्षमताका भण्डारण गोदाम निर्माण गर्नुपर्दछ भन्नुभएको थियो। बर्षेनी उखु किसानहरुले आफूहरुले पाउने अनुदानका लागि संघर्ष गर्नु परेको उनीहरुको भनाई छ। सरकारी असहयोगका कारण उखु किसानहरु आफ्नो पेशाबाटै बिस्थापित हुँदै गएको बताइएको छ।

# अन्तराष्ट्रिय

## बंगलादेशमा देखिएको राजनीतिक संकट र हसिनालाई मुद्धाको सामनागर्न दिइएको आदेश

कर्तव्य

नेपालको छिमेकी बंगलादेशमा फेरी राजनीतिक संकट बढेको छभने त्यहाँको युद्ध अपराध अदालतले गतसाता फरार पूर्व नेतृ शेख हसिनालाई मानवता विरुद्धको अपराधको आरोपमा मुद्धाको सामनागर्न स्वदेश फर्कन आदेश दिएपछि त्यसले दक्षिण एशियामा ठूलो चर्चा पाएको छ। ७७ वर्षीया हसिना सन् २०२४ अगष्टमा बिद्यार्थी नेतृत्वको जनविद्रोहको चरमोत्कर्षमा हेलिकप्टरबाट ढाका छोडेर भारत भाग्नुभएको थियो। उहाँले बंगलादेश फर्कने प्रत्यर्पण आदेशको अवहेलना गर्नुभएको छ। संयुक्त राष्टसंघकाअनुसार हसिनाको सरकारले सत्तामा टिकिरहने असफल प्रयासमा दमनकारी कारवाही शुरुगर्दा सन् २०२४ जुलाई र अगष्टको बीचमा एक हजार ४०० जनासम्मको मृत्यु भएको थियो। हसिना र उहाँको पदच्यूत सरकार र उहाँको अहिले प्रतिबन्धित पार्टी अवामी लिगसँग जोडिएका पूर्ववरिष्ठ व्यक्तित्वहरुमाथि बंगलादेशको अन्तर्राष्ट्रिय अपराध न्यायाधिकरण (आइसिटी) मा मुद्धा चलाइएको छ। अभियोजकहरुले हसिनाविरुद्ध उक्साहट, उत्प्रेरणा, संलग्नता, सहजीकरण, षड्यन्त्र र सामूहिक हत्या रोक्न असफलतासहित पाँच आरोप दायरगरेका छन्। ती आरोप बंगलादेशी कानूनअनुसार मानवता विरुद्धको अपराधसम्म पुग्छन्। मुख्य अभियोजक मुहम्मद ताजुल इस्लामले अदालतले अभियोजन टोलीलाई यथाशीघ्र अदालतमा उपस्थित हुन बोलाउने सूचना जारीगर्न



निर्देशन दिएको बताउनु भएको छ। हसिना फर्किन असफल भएमा जुन २४ मा उहाँको अनुपस्थितिमा मुद्धा शुरुहुनेछ। हसिनाले गृह मन्त्रालय र प्रहरीका निर्देशनहरुमार्फत सुरक्षा बलहरुलाई प्रदर्शनहरु दबाउन आदेश दिनुभएको थियोभन्ने अभियोजनको तर्क छ। हसिनामाथि अन्य दुई अधिकारीसँगै मुद्धा चलिरहेको छ। तीमध्ये एक, पूर्व गृहमन्त्री असदुज्जमान खान कमाल हुनुहुन्छ। उहाँमाथि समान आरोपहरु छन्। उहाँ पनि फरार हुनुहुन्छ। दोश्रो पूर्व प्रहरी प्रमुख चौधुरी अब्दुल्लाह अल मामुन हिरासतमा हुनुहुन्छ र सोमबार उहाँ अदालतमा उपस्थित हुनुभएको थियो। हसिना सरकारका वरिष्ठ व्यक्तिहरुको अभियोजन अहिले सत्ताका लागि संघर्ष गरिरहेका धेरै राजनीतिक दलहरुको प्रमुख माग हो। अन्तरिम सरकारले सन् २०२६ अप्रिलमा चुनाव गराउने भनेको छ। यद्यपि केही दलले त्यस पहिले नै मतदान गराउहाँका लागि दबाब दिइरहेका छन्। अन्तराष्ट्रिय समाचार एजेन्सीहरका अनुसार बंगलादेशमा शेख हसिनाको सरकारविरुद्धको आन्दोलनकाबीचमा भड्किएको आक्रोश केही समयमै हिंसामा परिणत भएको थियो। जसको असर हसिनाले आफ्नो पदबाट राजीनामा दिएर देशनै छोड्नुपर्ने अवस्था सिर्जना भएको थियो। हसिना आफ्नो देश छोडेर भारतको शरणमा रहनु भएको छ। शेख हसिनाले आफ्ना पिता शेख मुजिबुर रहमानको हत्या र २००८-०९ को हिंसात्मक प्रदर्शनपछि यस्तै अवस्थाको सामना गर्नुपरेको थियो। तर, हसिना हरेक पटक चुनौतिहरु पारगर्दै सत्तामा फर्किनु भएको थियो। शेख हसिनाको राजनीतिक यात्रा उतारचढावपूर्ण रहेको पाइएको छ। सन् १९४७ मा जन्मिएकी शेख हसिना बंगलादेशी राजनीतिको सबैभन्दा प्रभावशाली र विवादास्पद अनुहार हुन्। केही दशक लामो आफ्नो राजनीतिक अनुभवकासाथ शेख हसिनाले ठूलो उचाइ हाशिल गर्नुभएको पाइनछ। यससँगै उहाँसँग धेरै विवादहरु पनि जोडिएका छन्। हसिनाको जीवन र राजनीति बंगलादेशको इतिहास र पृष्ठभूमिसँग प्रत्यक्ष जोडिएको छ। उहाँका पिता शेख मुजीब-उर-रहमान सन् १९७१ मा पाकिस्तानबाट बंगलादेशको स्वतन्त्रताको प्रमुख अनुहार हुनुहुन्थ्यो। अर्थात शेख हसिनाले बंगलादेशको स्वतन्त्रता आन्दोलनलाई नजिकबाट अनुभव गर्नुभएको थियो। सो आन्दोलनले उहाँको राजनीतिक विचारधारालाई आकार दिन पनि मद्धत गर्‍यो। आफ्ना पिताको शासन कालमा शेख हसिनाले इडेन कलेजको उपाध्यक्ष पदका लागि चुनाव लडेर जित्नु भएको थियो। यसबाहेक उहाँले पिताको पार्टीको बिद्यार्थी संगठनको पनि जिम्मेवारी सम्हाल्नु भएको थियो। तर सन् १९७५ मा आफ्ना पिता मुजिब-उर-रहमान र उहाँको परिवारको हत्यापछि हसिना बंगलादेशबाट भाग्नुपरेको थियो। धेरै वर्ष बंगलादेश बाहिर बसेपछि हसिना अन्ततः १९८० को दशकमा स्वदेश फर्किनु भयो र त्यहाँको राजनीतिमा प्रवेश गर्नुभयो। शेख हसिनामा उहाँका पिताको कत्तिको प्रभाव थियो, त्यसको अनुमान उहाँले बंगलादेशमा आफ्नो राजनीतिक पार्टीको नाम अवामी लिग राखेको तथ्यबाट पनि लगाउन सकिन्छ। उहाँ सन् १९८१ मा पार्टीको अध्यक्ष हुनुभयो र विपक्षी दलको नेताकारुपमा राजनीति थाल्नुभयो। उहाँको यो लडाइँ राजनीतिमा काममा आयो र अन्ततः १९९६ मा उनी पहिलो पटक बंगलादेशको प्रधानमन्त्री बन्नुभएको थियो। उहाँको पहिलो कार्यकाललाई बंगलादेशका लागि ठूलो सुधारको समय मानिन्छ। यही अवधिमा देशमा आर्थिक उदारवादको उदय भएको थियो। बंगलादेशमा ठूलो विदेशी लगानी आयो र जनताको जीवनस्तरमा **बाँकी ७ पेजमा**

# नेपालमा उदारवादी अर्थतन्त्रले सिर्जना गराएका बिवादहरु

लोकनारायण सुवेदी



## बौद्धिक मञ्च

सकल घरेलु उत्पादनको तथ्यांकलाई लिएर हुन त बिश्वमा जहाँ पनि देखिने गरेको उत्साह कुनै आकश्मिक र अस्वाभाबिक कुरा होइन। यो बित्त-सञ्चालित नवउदारवादी आर्थिक प्रतिमानको एउटा प्रमुखतम बिशेषतानै हो। तर यसले मानिसहरुको स्थिति र उनीहरुको आजीबिकाकाबारेमा जेजति बताउँदछ त्योभन्दा धेरै बढी यथार्थ लुकाउने छिपाउने कार्यमा यसले मद्दत गर्दछ। यो बिश्व पूँजीवादी प्रबृत्तिको एउटा हिस्सा हुँदाहुँदै पनि भारतमा यो बिकृति बिशेषरुपले अझ प्रष्ट हुन्छ जसबाट यसलाई बिश्वको सबैभन्दा असमान अर्थब्यवस्थाहरुमा गणना गरिने यथार्थ बस्तुवादी बिश्लेषकहरुले औंल्याउन थालेका छन्। यतिबेला भारतका नीति आयोग (पहिलाको योजना आयोग) का सिईओले दाबी गरेका छन्कि भारत चौथो बिश्वको सबैभन्दा ठूलो अर्थब्यवस्थाका रुपमा उभरेर आएको छ। उनले कम्तिमा के चाँही सत्य बोलेको बिश्लेषकहरु औंल्याउँदैछन्भने यो कुरा अन्तर्राष्ट्रिय मुद्राकोष (आईएमएफ) को आर्थिक परिदृष्यमा चालु २०२५/२०२६ को अनुमानमाथि आधारित छ। तर यसबारे अगाडिको कुरा बिस्तारपूर्बक ज्ञात हुँदैजाँदा थाहा हुन्छकि भारतको नाम मात्रको जीडीपी जापानको ४,१८६,४३१ अर्ब डलरभन्दा अलिकति अघिबढेर ४,१८७,०१७ अर्ब डलरसम्म बढ्ने अनुमान रहेको छ।

यो एकदमै बेग्लै कुरा होकि भारतको प्रतिब्यक्ति आयाय डलरको हिसाबले नाममात्रको छ जुन जापानको प्रतिब्यक्ति आयको मात्र तेह्रौं हिस्सामात्र हो। यसकारण भारतको मोदी सरकारका 'आर्थिक थिङ्कटैंक' का समर्थकहरुकाबीच अहिले देखिएको उत्साह जसलाई भारतमा गोदी मिडियाका चाटुकारहरुद्वारा बढाइएको र बिचित्र लाग्दो छ भनिरहेका छन्। बास्तवमा सकल घरेलु उत्पादनको आंकडालाई लिएर भारतमा यो अहिले देखिएको उत्साह आकश्मिकभने होइन। यो बित्त-सञ्चालित नव उदारवादी आर्थिक प्रतिमानको बिशेषता नै हो। यसले मानिसहरुको स्थिति र उनीहरुको आजीबिकाकाबारेमा जति कुरा बताउँद छ त्योभन्दा धेरै बढी कुरा लुकाउनमा यसले मद्दत गर्दछ। यो बिकृति भारतमा बिशेषरुपले स्पष्ट छ, जसलाई यतिबेला बिशवको सबैभन्दा असमान अर्थब्यवस्थाहरुमध्येमा गनिन थालेको छ। बिश्व असमानता प्रतिबेदन २०२२ का अनुसार भारतको जनसंख्याको १ प्रतिशतसँग देशको ४० प्रतिशतभन्दा बढी सम्पत्ति छ जबकि तलपरेका ५० प्रतिशत जनसंख्यासँग केवल तीन प्रतिशतमात्र सम्पत्ति रहेको छ। त्यहाँ आय असमानता पनि त्यत्तिकै स्पष्ट छ - शीर्ष १० प्रतिशत मानिसले राष्ट्रिय आयको ५७ प्रतिशतभन्दा बढी कमाउँदछन्। यस सन्दर्भमा भारतको समग्र जीडीपी तथा यतिसम्म कि प्रतिब्यक्ति जीडीपीका प्रति उत्साह केवल एउटा भ्रामक मीट्रिक मात्र होइन, यो त कर्पोरेट-सामुदायिक गठजोडद्वारा सार्बजनिक चर्चालाई बिचलित तुल्याउनका लागि जानीबुझीकन बनाइदैछ। यसको आधार स्पष्ट र जोडदार छ। जस्तो कि ब्राजिलका प्रसिद्ध अर्थशास्त्री अल्फ्रेडोसाद-फिल्होले २००६मा देखेका थिए -'यो बित्त-सञ्चालित नव उदारवादी शासन अन्तरगत सामाजिक जीवनका सबै क्षेत्रहरुमा गैह्रहस्तक्षेपको बैचारिक आवरण अन्तरगत एउटा आधिनस्थ परियोजना लागूगर्नका लागि राज्य शक्तिको ब्यबस्थित उपयोगमा आधारित शोषण र सामाजिक बर्चश्व हो।

बित्तीय बजार र अमेरिकी पूँजीको बिश्वका हितहरु अन्तरगत बस्तुहरु र सेवाहरुको उत्पादन पूँजीको मूख्य कार्य रहन छोड्यो। यसको साटो पूँजी अब त मूख्यरुपले सट्टेबाजी बित्तीय गतिबिहरुका माध्यमबाट अल्पकालिक सुपर- मुनाफा उत्पन्न गर्नका लागि यो पूँजी तैनाथ गरिने गरिन्छ। बित्तद्वारा मध्यस्थता, अर्थब्यवस्थामा पूँजीवका तीन मूख्य श्रोत - राज्य बित्त, घरेलु बचत पूल र घरेलु तथा बिदेशी पूँजीका बीचेको सम्वन्ध- माथिको नियन्त्रण तीब्ररुपले अनियमित र केन्द्रित हुनगएको छ। यो गतिशीलता अमेरिकाको त्यस हताशामा परिलक्षित हुनेगर्दछ जसँसँग अमेरिकाको ट्रम्प प्रशासननले घरेलु बिनिर्माण नोकरीहरुलाई पुनर्जीबितगर्ने प्रयासमा टेरिफ(भन्सार)कर युद्धलाई अघिबढाएको छ। बिडम्बना के छ भने यही अमेरिकाको नेतृत्व रहेको साम्राज्यबादको तत्वाबधानमा, जसमा बित्तको बैश्विक प्रभूत्व पहिलो पटक स्थापित भएको थियो। शताब्दीको अन्त्य - २००० मा बैश्विक बिदेशी संस्थागत लगानी(एफआईआई)४०० ट्रिलियन अमेरिकी डलरसम्म बढ्न गयो, जबकि बैश्कि प्रत्यक्ष बिदेशी लगानी(एफडीआई) केवला ६५ प्रतिशत अमेरिकी डलर थियो - प्रत्यक्ष लगानीको प्रत्येक डलरका लागि स्टक र डेरिभेटिम जस्ता सट्टाका साधानहरुमा सात डलर हालियो। झण्डै झण्डै एक चौथाई शताब्दी पछि यताको बित्तको प्रभूत्व अझ बढी स्पष्ट भएको छ। स्पष्टरुपले आईएमएफको अनुमानित जीडीपी तथ्यांक समकालीन पूँजीवादको आन्तरिक कामकाज या श्रमिक बर्गका लागि यसको बिनाशकारी परिणामलाई बझ्नका लागि अत्यल्प जानकारी प्रस्तुत गर्दछन्। भारतमा यसको जनसंख्याको माथिल्लो १ प्रतिशतले कूल घरेलु सकल उत्पादनको ४० प्रतिशत हिस्सा ओगट्दछ र नियन्त्रित गर्दछ। यसको अर्थ के हुन्छ भने लगभग १.४ अर्ब मानिसहरुको प्रति ब्यक्ति आय केवल १, ६७० अमेरिकी डलरको नजिक रहन पुग्दछ। यदि भारत देशको ६२ प्रतिशत सम्पत्तिमाथि नियन्त्रण राख्ने माथिल्लो पाँच प्रतिशत मानिसलाई हटाइदिने होभने यो सरदरमा अझ कमी आएर झण्डै झण्डै १,१०० अमेरिकी डलर हुनजान्छ। जुन बर्षेनी भारतीय १ लाख रुपैयाभन्दा पनि कम हो। त्यसैलेयसले भारतको जनसंख्याको ठूलो बहुमतद्वारा सामना गरिदै आएको गम्भीर वास्तविकतालाई दर्शाउँदछ। ऋनि यस असमातालाई अझ जटील बनाउँदछ जीडीपीको योगदानमा क्षेत्रगत बिषमताले। जीडीपीको ठूलो अंश पूँजी-गहन सेवा क्षेत्रहरु र ठूला कर्पोरेट उद्योगहरुद्वारा उत्पन्न हुन्छ। यस बीच, असंगठित अनौपचारिक क्षेत्रहरु र कृषिमा लागेका मानिसहरु जुन कार्यबलको एउटा महत्वपूर्ण हिस्सा हुन्, तिनले कूल जीडीपीमा केवल एउटा नगन्य हिस्सा मात्र योगदान गर्दछन्। परिणामतः बढ्दो बेरोजगारीकासाथ साथै स्थायी आय र आजीबिकामा संकट गहिरिदै जान्छ, गइरहेको छ। बिश्व स्तरमा धनाढ्या मानिसद्वारा नीतिमा कब्जा जमाउनाले कर नीतिहरुले नियामक ढाँचा र सार्बजनिक लगानी निर्णयलाई तिनकै लाभका लागि आकार दिइएको छ। भारतमा यो कब्जा अझ पनि तीब्र भएको औंल्याइदैछ। कर्पोरेट हितहरुको बढ्दो पकड र यसका अतिरिक क्रोनीपूँजीवादको उदयले सार्बजनिक सम्पत्तिहरु-प्राकृतिक संसाधनहरुसहीत - लाई नीजि हातमा ब्यवस्थितरुपमा स्थानान्तरिक गरिदिएको छ। जबकि कर्पोरेट मुनाफामा उछाल आएको छ भने राष्ट्रिय आयमा श्रमको हिस्साभने घटेको छ। त्यसमा पनि भारतमा स्थिति बिशेषरुपले बिकट छ। यस बिमौद्रीकरणले अनौपचारिक अर्थब्यवस्थालाई गम्भीर झट्का दिएको छ जसले ब्यबधानको परिणाम बेहोरेको छ। भारतमा कोभिड - १९ महामारी पछिको स्थिति अझ खराब भइसकेको अर्थबिदहरु उल्लेख गर्दछन्।

यस्तो माहोलमा अतिरिक्त रोजगारी पैदागर्ने या स्थायी आय सुनिश्चितगर्ने कुनै गुञ्जयश नै छैन र हुन्न भन्ने बिश्लेषकहरु औंल्याइरहेका छन्। कुल सकल घरेलु उत्पादनमा नाम मात्रको बृद्धिले पनि साझा सम्बृद्धिको कुनै सबुत प्रमाण दिदैन। कामकाजी गरीबहरु र बेरोजगारीहरुकासाथै छुट्टैरुपमा मध्यमबर्ग पनि तीब्रगतिले असुरक्षित भइरहेको छ। यो मध्यम बर्ग केवल पछाडि परिरहेको मात्रै छैन अझ थप तल झर्ने जोखिम पनि उसलाई छ। सम्पत्तिको पुनर्बितरण गर्ने नीतिहरुको अनुपस्थितिमा अभिजात बर्गले सार्बजनिक सेवाहरुबाट बाहिर निस्कने जोखिम मोल्न सक्नेछ। बिशेषगरी निजी बिद्यालयहरु, कर्पोरेट अस्पतालहरु तथा बन्द आबासीय **बाँकी ७ पेजमा**

# नेपालमा बढ्दो विदेशी हस्तक्षेप र एमसीसीले निरन्तरता पाउने कुरा

काठमाडौं। नेपालमा एकातिर विदेशी हस्तक्षेप बढिरहेको छभने अर्कातिर बिवादास्पद अमेरिकी योजना एमसीसीले निरन्तरता पाउने कुराले सबैलाई झस्काएको छ। नेपालमा एमसीसी परियोजनाले फेरी निरन्तरता पाउने देखिएको छ। नेपालस्थित अमेरिकी दूतावासले हालै जारीगरेको एक विज्ञप्तिमा स्पष्टरुपमा एमसीसीले निरन्तरता पाउने संकेत गरेको छ। गत फेब्रुअरीमा अमेरिकी विदेशमन्त्रीले वैदेशिक सहायता सम्बन्धी समीक्षा चलिरहेकै बेला लागूगरिएको ९० दिने रोकमा पनि एमसीसी नेपाल कम्प्याक्टका लागि विशेष अपवाद प्रदान गर्दै एमसीसीको निरन्तर कार्यान्वयनलाई स्वीकृति दिएको विज्ञप्तिमा बताइएको छ। सो अपवादले एमसीसी नेपाल कम्प्याक्टको कार्यान्वयनलाई समीक्षा अवधिमा पनि निरन्तर अगाडि बढाउन स्वीकृत प्रदान गरेको छ। एमसीसी र नेपालस्थित अमेरिकी दूतावास सरोकारवालासँग सहकार्य र संवादगर्दै यस समीक्षाको सकारात्मक परिणामका लागि प्रयत्नरत रहेको विज्ञप्तिमा उल्लेख छ। नेपालमा केही दल र तिन्का नेता विदेशीको बलमा सत्ता पलटको सपना देखिरहेका छन्भने केहीले विदेशी हस्तक्षेप बढेकोमा चिन्ता ब्यक्तगरेको देखिएको छ। एमसीसी परियोजनाले नेपालमा निरन्तरता पाउनु भनेको फेरी नेपाली भूमीमा त्रिपक्षीय द्वन्द निम्त्याउनु हो। एमालेका उपाध्यक्ष सुरेन्द्र पाण्डेले अमेरिकी सहयोग परियोजना एमसीसी रोकिँदा नेपाललाई झन् अप्ठ्यारो परेको बताउनु भएको थियो। अमेरिकाको राष्ट्रपतिमा डोनाल्ड ट्रम्प आएपछि करिब १०२ अर्बको एमसीसी परियोजना बन्दहुँदा देश तरंगित भइरहेका बेला पूर्वअर्थमन्त्रीसमेत रहेका पाण्डेले त्यस्तो भन्नुभएको थियो। सेन्टर फर पोलिसी रिसर्चले गत बैशाखमा ललितपुरमा गरेको अन्तरक्रिया कार्यक्रमलाई सम्बोधनगर्दै पाण्डेले अहिले एमसीसी रोकिनु नेपालका लागि काष्टिङ हो। अहिले अमेरिकाले दिने भनेको ५५ करोड डलरको करिब ७५ अर्ब रुपैयाँ नेपाली पैसा रोकिएको छ। त्यसमा नेपालले १४ अर्ब हाल्ने भनेको थियो। तर, २७ अर्ब पुग्दा १०२ अर्बको परियोजना रोकिने भयो भन्नुभएको थियो। उहाँले अब नेपालका लागि एमसीसी निल्नु न ओकल्नु बनेको पनि बताउनु भएको थियो। तीनवटा ठेक्का लागेको छ। तीनवटा ठेक्कालाई मात्रै पनि नेपालले लगानी गर्नुपर्ने बाध्यता आएको छ। एमसीसी कार्यान्वयनको २० महिना सकिएपनि केही पनि काम हुन सकेको छैन। नेपालले अबको तीन वर्षमा प्रतिवर्ष ३४ अर्ब निकाल्नु पर्ने अवस्था रहेको छ। यस्तो अवस्थामा काठमाडौंस्थित अमेरिकी दूतावासले स्पष्ट कुरा नगरेर आश्वासन बाँढ्ने काम गरिरहेको छ। अमेरिकाको राष्ट्रपतिको चुनावमा ट्रम्पको जित भएपछि नेपाल नीतिमा पनि कतिपय हेरफेरहरु भएका छन्। विश्वको राजनीतिक नक्सा र स्थितिमा आफ्नो प्रकारले परिवर्तनगर्नको लागि ट्रम्पले योजनाबद्ध प्रकारले कदमहरु चाल्न थालेको पाइन्छ। ट्रम्पले युक्रेनको युद्धलाई पनि असहज अवस्थामा पुऱ्याएको देखिएको छ। नेपालको सन्दर्भमा अमेरिकाको रणनीति नेपाललाई इन्डोप्यासिफिक रणनीति अन्तर्गत उपयोगगर्ने नै रहेको छ र आफ्नो त्यो उद्देश्य पूरागर्नको लागि त्यसले नेपालको राज्य सत्तालाई त्यसरीनै उपयोगगर्नका लागि योजनाबद्ध प्रकारले कामगर्दै जाने कुरा निश्चित छ। अमेरिकाको त्यस प्रकारको नीति नेपालको असंलग्नताका विरुद्धमात्र होइन, नेपालको सम्पूर्ण राष्ट्रिय हित र शान्ति तथा दीर्घकालीन हित समेतका विरुद्ध हुने देखिएको छ। अमेरिकी साम्राज्यवादी खतराका विरुद्ध संघर्ष नेपालको राष्ट्रिय र दीर्घकालीन हितको प्रश्न हो। तर त्यो संघर्ष अत्यन्त कठीन र जटिल छ। जुन कुराले त्यो कार्यलाई कठीन बनाउँछ, त्यो यो होकि अमेरिकाले नेपालका बिभिन्न क्षेत्रहरुमा घुसपैठ गरेर आफ्नो प्रभावको धेरै विस्तार गरेको छ। समाजका कैयौं समूह वा व्यक्तिहरुले देशका राष्ट्रिय वा दीर्घकालीन हितहरुभन्दा बढी आफ्ना व्यक्तिगत फाइदाहरुमाथि बढी ध्यान केन्द्रित गर्नेगर्दा त्यस प्रकारका साम्राज्यवादपरस्त सोचाइहरु देखापर्ने गर्दछन्। त्यसकारण नेपालका पार्टीहरुले साम्राज्यवादको विरुद्धको संघर्षलाई प्रभावशाली प्रकारले अगाडि बढाउनको लागि जनजागरणमा विशेष जोड दिनुपर्ने आवश्यकतामा रहेको छ। गत ०८१ को असारको ३० गते सत्ताच्युत भएपछि माओवादी केन्द्रका अध्यक्ष दाहालले नेपालमा आन्दोलनको आँधीबेहरी ल्याएर बंगलादेशको घटना दोहोऱ्याउने बताउनु भएको थियो। तर हालसम्म त्यस्तो आँधी आउन सकेको अवस्था छैन। नेपालका पछिल्ला राजनीतिक घटनाक्रमहरुलाई केलाएर हेर्दा यहाँ विदेशीहरु खासगरी अमेरिकी र भारतीयहरुको चलखेल फेरी नयाँ ढंगले विसित भएर गएको देखिएको छ। एमसीसीमा जे जस्तो खेल खेल्ने कामहरु भैरहेका छन्, त्यसले पनि यहाँ विदेशी हस्तक्षेपको अवस्थालाई स्पष्ट गरेको छ।

## साहित्य र सिर्जना

# पत्रकार पद्मभक्त खरेलको निधन

काठमाडौं,६ असार। चर्चित पत्रकार तथा काठमाडौंबाट प्रकाशित हुने दिब्य चच्क्षु साप्ताहिकका संस्थापक सम्पादक पद्मभक्त खरेलको ८१ बर्षको उमेरमा हिजो बिहीबार निधन भएको छ। पञ्चायतकालदेखि नै निरन्तर पत्रकारिता क्षेत्रमा अग्रसर खरेलले 'दिव्यचक्षू' साप्ताहिक प्रकाशनगर्दै



आउनुभएको थियो। उहाँ सुगर रोगको बिरामी हुनुहुन्थयो। काभ्रेपलाञ्चोकको भुम्लु गाउँपालिकामा गणेशभक्त र तोलावतीका दोश्रो सन्तानकारुपमा जन्मिनुभएका पद्मभक्त हाल काठमाडौंको लाजिम्पाटमा बस्दै आउनुभएको थियो। उहाँको हिजो बिहीबार बिहान पशुपति आर्यघाटमा दाहसंस्कार गरिएको थियो। त्यसक्रममा काठमाडौ उपत्यकाका पत्रकारहरुको उपस्थिति रहेको थियो। उहाँका श्रीमती र दुई छोरा हुनुहुन्छ। नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सचिव रमेशकुमार बोहराले एक बक्तब्य प्रकाशित गरी दुख ब्यक्त गर्नुभएको छ।

# गजलसंग्रह साधनाको विमोचन

काठमाडौं। काठमाडौंमा हालै आयोजित एक समारोहबीच नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति भूपाल राईले नेपाली गजललाई अन्तर्राष्ट्रिय स्तरमा चिनाउने उद्देश्यककासाथ गजल प्रवर्द्धन केन्द्र, नेपालको घोषणा गर्नुभएको छ। समारोहमा कुलपति राईले श्रष्टालाई गजल लेखनको प्रशिक्षणसहित कृति प्रकाशन र संगीतबद्ध गर्नेसम्मको सहयोगगर्ने उद्देश्य रहेकाले गजल प्रवर्द्धन केन्द्र उनीहरुभन्दा पृथक रहेको बताउनुभएको थियो। नेपाली भाषाका प्रथम गजलकार युवा कवि मोतीराम भट्टको नामबाट 'मोती गजल पुरस्कार' स्थापनाको माग सम्बोधनका लागि आफूले प्रयास गर्ने उहाँले प्रतिबद्धता व्यक्त गर्नुभएको थियो। कुलपति राईले गजल प्रवर्द्धन केन्द्रले गजलको विकास र प्रवर्द्धनका लागि ल्याउने उपयुक्त योजना तथा कार्यक्रमलाई प्रतिष्ठानले भरपुर सहयोगगर्ने आश्वासन दिनुभएको थियो। कार्यक्रममा कीर्तिमानी संगीतकार सन्तोष श्रेष्ठ, गायिका पूजन मिश्र, किशोर कोइराला, अरुण खड्का, शर्मिला तिमल्सिना, सुधिर थापा, उत्तम विचार, वासुदेव ठकुरी, कल्पना भट्टराई, संगीता खरेल, राजेन्द्रकुमार बज्राचार्यलगायतले गजल सुनाउनु भएको थियो। केन्द्रका संरक्षक तथा बर्दघाट प्रज्ञा प्रतिष्ठानका कुलपति डा घनश्याम न्यौपाने परिश्रमीले दुई दशकअघि देखेको सपना गजल प्रवर्द्धन केन्द्रको माध्यमबाट पूराहुने आशा व्यक्त गर्नुभएको थियो। उहाँले अब संस्थागत उनीहरुपमा नेपालभित्र विभिन्न भाषामा गजलको विस्तार र प्रवर्द्धनमा सबैको सहयोग प्राप्त हुने विश्वास छ भन्नुभएको थियो। कार्यक्रममा केन्द्रका महासचिव एलपी पराजुलीले गजल प्रवर्द्धन केन्द्रको उद्देश्य र कार्ययोजनाबारे टिप्पणी गर्नुभएको थियो। केन्द्रका सल्लाहकार डा देवी पन्थीले साहित्यमा धैर्यपूर्वक लाग्नेले सफलता पाउने उल्लेख गर्नुभएको थियो। त्यसक्रममा नेपाली भाषा र व्याकरणको शुद्धतालाई पालनागर्दै ७५ गजलकारद्वारा लिखित संयुक्त गजलसंग्रह साधनाको विमोचन गरिएको थियो। त्यस्तै केन्द्रका संरक्षक डा घनश्याम न्यौपाने परिश्रमीले नेपाली गजल क्षेत्रमा गर्नुभएको योगदानको कदरगर्दै दोसल्ला ओढाएर सम्मान गरिएको थियो। त्यसैगरी साधना संयुक्त गजल संग्रहका लागि योगदान पुऱ्याएबापत विमुन्स पौडेल र ध्रुवप्रसाद गजुरेललाई कदरपत्रसहित सम्मान गरिएको थियो।

# साहित्यकार रसिकको सम्झना गरियो

काठमाडौं। वरिष्ठ साहित्य सर्जक स्वर्गीय गणेश रसिकको सम्झनामा उहाँको कर्मथलो इलामको सूर्योदय नगरपालिकामा श्रद्धाञ्जली सभाको आयोजना गरिएको छ। स्वर्गीय साहित्यकार रसिकको सम्झनामा रसिक संस्थापक रहनु भएको रेडियो फिक्कल र उहाँकै सक्रियतामा संचालित गणेश रसिक पाउण्डेशनले कर्मथलोमा श्रद्धाञ्जली सभाको आयोजना गरेर उहाँलाई सम्झना गरेको हो। रसिकको ७८ वर्षको उमेरमा उपचारकैक्रममा गत जेठ १८ गते प्रोष्टेड क्यान्सरको उपचार गराईरहेको अवस्थामा ललितपुरको हरिसिद्धिमा रहेको नेपाल क्यान्सर अस्पतालमा क्रममा निधन भएको थियो। स्वर्गीय रसिकको श्रद्धाञ्जली सभामा इलाम, झापा र छिमेकी देश भारतका साहित्य, संगीत पारखीको सहभागिता रहेको थियो। स्वर्गीय रसिकको बारेमा चर्चा गर्दैगर्दा कार्यक्रममा उपस्थित धेरैको आँखा रसाएका थिए। कार्यक्रममा सूर्योदय नगरपालिकाका नगर प्रमुख रणबहादुर राई, जिल्ला समन्वय समिति इलामका उप प्रमुख चित्रकला बराइली, नगर उप प्रमुख दुर्गा कुमार बराल, साहित्यकार विमल वैद्य लगायत साहित्यकार र संगीत क्षेत्रका व्यक्तिले स्वर्गीय रसिक प्रति श्रद्धाञ्जली अर्पण गर्नुभएको थियो। श्रद्धाञ्जली सभामा सूर्योदय नगर उपप्रमुख तथा नगरको संगीत साहित्य प्रतिष्ठानका संयोजक दुर्गाकुमार बरालले रसिकको चर्चागर्दै सूर्योदयले मात्र नभई देशले एउटा श्रष्टा गुमाएको बताउनुभएको थियो।

# अमितलाई पिपुल्स च्वाइस अवार्ड

काठमाडौं। फोटोपत्रकार अमित रावलले चौथो नेपालगञ्ज तस्बिर महोत्सवको पिपुल्स च्वाइस अवार्ड जित्नुभएको थाहा भएको छ। अन्तराललले आयोजना गरेको तस्बिर महोत्सवमा राष्ट्रिय **बाँकी ७ पेजमा**

# नयाँ बजेटमा देखिएको खुलापनको अवस्था

हरिविनोद अधिकारी

## आर्थिक मञ्च

हाम्रो देशको संविधानले संघीय बजेट सार्वजनिक गर्ने दिन तोकेको छ जेठ १५ गते हो । विक्रम संवत् २००८ देखि बजेटमार्फत योजनाबद्ध आम्दानी र खर्च गर्ने परम्परा सुरु भएको हो । यहाँ स्मरणीय छ, २००७ सालमा नेपालमा जहानियाँ राणा शासनको अन्त्य भएपछि मुलुकले प्रजातन्त्रको नयाँ बिहानी सुरु भएपछि नेपाल वैश्विक प्रजातान्त्रिक वातावरणमा पुगेको थियो । विसं २००८ मा तत्कालीन अर्थमन्त्री सुवर्णशमशेर राणाले बजेट प्रस्तुत गरेर नेपालमा बजेट परम्पराको थालनी गर्नुभएको थियो । तत्कालीन सरकारलाई मुलुक प्रजातान्त्रिक प्रक्रियामा प्रवेश गरेको कुराको जानकारी दिनु पनि थियो र मुलुकमा योजनाबद्ध तरिकाले विकासको सुरुआत गर्नु पनि थियो ।

नेपालमा त्यसपछि त्रिवर्षीय, पञ्चवर्षीय योजना बन्न थाले र योजनाका आधारमा एक आर्थिक वर्षका लागि आय र व्ययको अनुमान गरेर जनप्रतिनिधिमूलक संस्थामा प्रस्तुत गर्न थालियो । सामान्यतः आधुनिक नेपालमा साउन संक्रान्तिबाट नयाँ आर्थिक वर्षको सुरुआत मान्ने र असार मसान्तमा आर्थिक वर्षको अन्त मानेर बजेट प्रस्तुत तथा कार्यान्वयन गर्ने प्रचलन चलेको पाइन्छ । बजेटमा व्यवस्था गरेका आम्दानी र खर्चको कार्यान्वयन आर्थिक वर्षको पहिलो दिनबाटै होस् भनेर असारसम्ममा दुवै सदनबाट बजेट पारित गरिन्छ । त्यसैले जेठ १५ गते नै बजेट प्रस्तुत गर्न थालिएको हो । कतिपटक त संसद विघटन भएकाबेला परेकाले बजेट अध्यादेशका रुपमा सार्वजनिक गरिएको पनि उदाहरण पाइन्छ । प्रजातान्त्रिक प्रक्रियामा कार्यपालिकाले गरेको आम्दानी खर्चको स्वतन्त्ररुपमा परीक्षण गरेर कमीकमजोरी सच्याउनका लागि संविधानमा नै स्वायत्त निकायका रुपमा महालेखा परीक्षकको व्यवस्था गरिएको छ । संविधानसभाले बनाएको नेपालको संविधान (२०७२) ले गरेको व्यवस्थाअनुसार गणतन्त्र दिवसकै दिन जेठ १५गते नेपालको संघीय संसदको संयुक्त बैठकमा आर्थिक वर्ष २०८२/८३ को आय व्ययको अनुमान अर्थात् बजेट प्रस्तुत गर्नुपर्ने थियो, गरियो । अर्थमन्त्री विष्णुप्रसाद पौडेलले आगामी आर्थिक वर्षका लागि रु. १९ खर्ब ६४ अर्ब ११ करोडको अनुमानित आयव्ययको विवरण प्रस्तुत गर्नुभन्दा पहिले आर्थिक सर्भेक्षण २०८१/८२ प्रस्तुत गर्नु भएको थियो । विनियोजित कुल रकममध्ये चालुतर्फ रु ११ खर्ब ८० अर्ब ९८ करोड अर्थात् ६० दशमलव १ प्रतिशत, पुँजीगततर्फ रु चार खर्ब सात अर्ब ८९ करोड अर्थात् २०.८ प्रतिशत, वित्तीय व्यवस्थापनतर्फ रु तीन खर्ब ७५ अर्ब २४ करोड अर्थात् १९ दशमलव १ प्रतिशत रहेको छ । यो अनुमान चालु आर्थिक वर्षको विनियोजनकोक तुलनामा ५ दशमलव ६ प्रतिशतले बढी र संशोधित अनुमानको तुलनामा १८ दशमलव २ प्रतिशत बढी हो ।

कुल विनियोजनमा प्रदेश र स्थानीय तहमा वित्तीय हस्तान्तरणतर्फ रु चार खर्ब १७ अर्ब ८३ करोड विनियोजन भएको देखिन्छ । त्यसैगरी खर्च बेहोर्ने आर्थिक स्रोतमध्ये राजस्वबाट रु १३ खर्ब १५ अर्ब, वैदेशिक अनुदानबाट रु ५३ अर्ब ४५ करोड बेहोर्दा पाँच खर्ब ९५ अर्ब ६६ करोड न्यून हुनजाने देखिन्छ । सो न्यून पूरा गर्न वैदेशिक ऋणबाट रु दुई खर्ब ३३ अर्ब ६६ करोड जुटाउने लक्ष्य राखिएको छ । राजस्व परिचालन र वैदेशिक सहायता परिचालन गर्दा नपुग भएको रु तीन खर्ब ६२ अर्ब आन्तरिक ऋणबाट बेहोरिनेछ । चालु खर्चमा बढ्न थालेको दायित्व र सार्वजनिक ऋण (वैदेशिक तथा आन्तरिक ऋण) को साँवा ब्याजसहित तिर्नुपर्दा र विकासका लागि खर्चको जोहो गर्दा वैदेशिक अनुदानको मात्रा घट्दै जानु, बेलामा आयोजनाहरु सम्पन्न नहुनु र त्यसमा लागत बढ्ने क्रमले पनि खर्चमा दबाब सृजना भएको देखिन्छ भने उत्पादनमा सहजीकरण नभएर र राजस्वमा विविधीकरण नहुँदा अनुमान गरिएको राजस्व र वैदेशिक अनुदानको मात्रा नपुग हुँदा पनि बजेटमा असन्तुलन आउन थालेको देखिन्छ । बजेटका नयाँ कार्यक्रम भनेर नयाँ खर्चका कुनै विषय थप गरिएको देखिँदैन र पनि दुई वर्षभित्रमा चामलमा आत्मनिर्भर हुने, पाँच लाख परिवारलाई जग्गा धनी पुर्जा वितरण गर्ने, सार्वजनिक निकायमा इन्टर्नलाई परिचालन गर्ने, निजीक्षेत्रसँग सात खर्ब बराबरको परियोजना विकास सम्झौता गर्ने, हप्तामा २० घण्टा कामको न्यूनतम् ज्यालासहित कमाउँदै पढ्दै कार्यक्रम लागू गर्ने, व्यवसायीलाई विदेशमा पनि लगानी गर्न खुला गर्ने, वृद्धभत्ताको उमेर ६८ बाट बढाएर फेरि ७० गरिएको छ । बजेटमा नयाँ कुराभन्दा पनि कार्यान्वयनको समस्या देखिन्छ । नेपाली परम्परामा साउनदेखि बजेट कार्यान्वयन गर्ने भने पनि मङ्सिरयता कार्यान्वयन हुने सम्भावना देखिँदैन ।

स्थानीय तह, प्रदेश तथा संघीय मन्त्रालयको बेरुजुको चाङ हेर्दा बजेटको खासै सदुपयोगभन्दा पनि जथाभावी बेनियमले खर्च गर्ने प्रवृत्तिमा कसरी हो नियन्त्रण गर्ने प्रणाली विकास गर्नुपर्ने देखिन्छ । बेरोजगारी घटाउने, उत्पादनशीलता बढाउने कुरा बजेटमा देख्दा र निजीक्षेत्रसँग सहकार्य गर्ने नीतिले केही आशा जगाउने देखिए पनि इमान्दारिताका साथ कार्यान्वयन गर्ने आत्मबल अर्थमन्त्रालयले राख्नुपर्छ र सबै तहले सहयोग गरे बजेट कार्यान्वयनमा पनि आउँछ र लक्ष्यबमोजिमको परिणाम पनि आउनेछ । यसपटकको बजेट महत्वाकाङ्क्षी छैनभन्दा पनि खुला बजेटका सिद्धान्तलाई पालना गरिएको देखिँदैन भन्ने खुला बजेटका विज्ञहरुको धारणा छ । बजेट खुलापन लोकतन्त्रको आधारभूत सिद्धान्त हो किनभने यसले सरकारको वित्तीय गतिविधिलाई पारदर्शी, जवाफदेही र जनताप्रति उत्तरदायी बनाउँछ । नेपालजस्ता लोकतान्त्रिक देशमा बजेट खुलापनका निम्न कारणले महत्वपूर्ण छ :

**पारदर्शिता र जवाफदेही**

खुला बजेटले सरकारले कसरी राजस्व सङ्कलन गर्छ र खर्च गर्छ भन्ने जानकारी जनतासमक्ष पुऱ्याउँछ । यसले भ्रष्टाचार र दुरुपयोगलाई कम गर्न मद्दत गर्छ । उदाहरणका लागि, यदि बजेट विवरण सार्वजनिक छैन भने, सरकारी अधिकारीले आफ्नो स्वार्थका लागि रकम दुरुपयोग गर्न सक्छन् भन्ने मानिन्छ जस्तो कि अहिले नै बजेटमा देखिएका कमीहरु बाहिर आउन थालेका छन् । कतिपय रकमको अपारदर्शी शीर्षक र अनुत्पादक खर्चको रुपमा मान्न थालिएको देखिन्छ । र पनि बजेटको खास खुलापन भनेको नै बजेटको संरचनामा पारदर्शीता आवश्यक छ र जसको जे जिम्मा हो, त्यसको लागि बेलैमा कार्यान्वयन गर्ने जवाफदेहीता रहनुपर्छ । अहिलेको बजेट संरचनामा केही हदमा पारदर्शीता त छ, तर पनि बजेट गोप्य राख्नुपर्छ भन्ने पुरातन मान्यतामा अझै परिवर्तन ल्याउन सकिएको पाइँदैन । खुला बजेट सर्वेक्षण २०२३ मा नेपालले १०० पूर्णाङ्कमा ५० अङ्क प्राप्त गरेको पाइन्छ ।

**नागरिक सहभागिता**

लोकतन्त्रमा जनताको सहभागिता महत्वपूर्ण हुन्छ । खुला बजेटले नागरिकलाई बजेट निर्माण प्रक्रियामा भाग लिन, आफ्ना आवश्यकता र प्राथमिकताहरू व्यक्त गर्न प्रोत्साहन गर्छ । जस्तै, स्थानीय तहमा बजेट छलफलले समुदायका वास्तविक समस्याहरू सम्बोधन गर्न सकिन्छ । अहिले हामीसँग **बाँकी ७ पेजमा**

# नयाँ मौद्रिक नीतिको प्रतीक्षा र अर्थतन्त्रमा पार्ने प्रभावहरु

रमेश कुमार बोहोरा

नयाँ आर्थिक वर्ष ०८२/०८३ शुरुहुन अब करिब तीनसातामात्र बाँकी छ । जसका लागि संसदमा बजेट प्रस्तुत भएर छलफल भैरहेको छभने नेपाल राष्ट्र बैंकले आगामी आबका लागि नयाँ मौद्रिक नीति निर्माणको प्रक्रिया थालेका कुराहरु बाहिर आएका छन् । जसका लागि बिभिन्न पक्षबाट बहसहरु पनि शुरु भइसकेका छन् । कतिपय कोणबाट के नेपालले स्वतन्त्र, वैज्ञानिक र देशको आर्थिक यथार्थमा आधारित मौद्रिक नीति ल्याउन सक्ला ? भन्ने प्रश्नहरु पनि उठेका छन् । नेपालजस्तो आयातमुखी र विकासोन्मुख अर्थतन्त्रमा मौद्रिक नीतिलाई धेरै महत्वपूर्ण दस्तावेज मानिन्छ । जुन वित्तीय स्थायित्व, मुद्रास्फीति नियन्त्रण, ब्याजदर व्यवस्थापन, रोजगारी सिर्जना र समग्र लगानी वातावरणलाई प्रभावपार्ने नीतिगत औजार पनि हो । तर नेपालका पछिल्ला अभ्यासहरुले मौद्रिक नीतिको प्रभावकारितामाथि गम्भीर प्रश्न उठाएको छ ।

विनिमय दर भारतीय रुपैयाँसँग स्थिर भएको अवस्थामा नेपालले स्वतन्त्र मौद्रिक नीति सञ्चालनगर्न सक्दैन भन्ने धेरैको तर्क छ । यो संरचना परिवर्तन नगरेसम्म मौद्रिक नीति सीमितनै रहने स्पष्टछ । आर्थिक संरचना पनि असन्तुलित छ आयात अत्यधिक, निर्यात कमजोर र विदेशी मुद्राको प्रमुख श्रोत रेमिटेन्समाथि निर्भरता रहेको अवस्थामा मौद्रिक नीति बनाउने स्पेस साँघुरो देखिन्छ । विद्यमान विश्व अर्थतन्त्रनै अनिश्चितता र सुस्तताले ग्रसित छ । सन २०२५ को आरम्भमै विश्व बैंकले विश्व आर्थिक वृद्धिको दर २.३ प्रतिशतमा सीमित हुने प्रक्षेपण गरेको थियो, जुन पछिल्लो दशकको सबैभन्दा न्यून हो । अमेरिका, युरोप, चीन, भारतजस्ता राष्ट्रहरु आन्तरिक उपभोगलाई बलियो बनाउँदै मौद्रिक नीतिमा लचिलोपन देखाइरहेका छन् । नेपालमाभने मौद्रिक नीति अझै संरचनात्मक अस्पष्टता, कार्यान्वयनको शिथिलता र नियामक कमजोरीको बन्दीजस्तो देखिन्छ । नेपालका वाणिज्य बैंकहरुसँग अहिले पनि करिब छखर्ब ५० अर्ब रुपैयाँ बराबरको तरलता उपलब्ध छ । तर कर्जाको माग खासै देखिँदैन ।

सन् २०२४ को अन्त्यतिर बैंकहरुले घोषणा गरेका नयाँ योजनाहरुमा लगानीकर्ताको रुचि फिक्नो रहयो । ब्याजदर केही कमहुँदा पनि व्यवसायीहरु उत्साहित देखिएनन् । राजनीतिक अस्थिरता, नीतिगत अनिश्चितता, कर प्रणालीमा जटिलता र बजारको विश्वास संकट यसका मूल कारण हुन् । नेपाल राष्ट्र बैंकले चालु पूँजी कर्जा व्यवस्थामा सुधार ल्याउने संकेत दिएको छ । तर बैंकहरु अझै कर्जामा कठोर शर्तहरु राखिरहेका छन् । व्यवसायीहरुले चालु पूँजीका लागि अनावश्यक दस्तावेज, धितो र जटिल प्रक्रिया भोग्नुपर्ने अवस्था छ । जसलेगर्दा वित्तीय पहुँचमा सीमितता देखिन्छ । यस्तो अवस्थामा मौद्रिक नीतिले स्पष्ट, सरल र व्यावसायिक अनुकूल वातावरण सिर्जनागर्ने खालको प्रावधान ल्याउनैपर्छ । डिजिटल बैंकिङको क्षेत्रमाभने केही सम्भावना देखिएका छन् । यसैक्रममा भनिन्छ राष्ट्र बैंकले डिजिटल बैंकको लाइसेन्स दिने तयारी गर्दैछ । सन् २०२५ को अन्त्यसम्म तीनवटा डिजिटल बैंकको प्रारम्भिक अनुमति दिने संकेत देखिएको छ । तर त्यसका लागि कानूनी संरचना, साइबर सुरक्षा, ग्रामीण पहुँच र वित्तीय साक्षरता अभिवृद्धि अनिवार्य शर्त हुन् । नगदरहित कारोबार प्रवर्द्धनका लागि स्मार्ट पे नेपाल, क्युआर प्रणाली, मोबाइल वालेट आदिको प्रयोगमा केही वृद्धि देखिए तापनि तिनीहरुको प्रभाव ग्रामीण र असंगठित क्षेत्रमा अझै कमजोर छ । नयाँ गभर्नर डा. विश्वनाथ पौडेल पदभार सम्हालेपछि मौद्रिक नीति प्रति आशा जगिएको छ । तर यथार्थ कठोर छ राष्ट्रबैंक अगाडि पाँचवटा प्रमुख चुनौती छन् । पहिलो नेपाललाई एफएटिएफको ग्रे लिष्टमा जान नदिन प्रणालीगत सुधारगर्नु हो । दोश्रो निष्क्रिय पूँजीलाई उत्पादनमा रुपान्तरणगर्ने खालको नीति ल्याउनु हो । तेश्रो बैंकिङ प्रणालीमा ब्याजदर स्थायित्व ल्याउने यथार्थपरक उपाय अवलम्बनगर्नु हो । चौथो अर्थ मन्त्रालयसँग समन्वयगरी नीति स्पष्टता कायमगर्नु हो । पाँचौं निजी क्षेत्र र आम नागरिकको विश्वास पुनःस्थापना गर्नु हो । विगत केही वर्षयता सरकारको पूँजीगत खर्च २० प्रतिशतभन्दा तल झरेको छ । बजेटको ठूलो हिस्सा तलब, भत्ता र प्रशासनिक खर्चमा खर्चिने प्रवृत्तिले विकास बजेट संकुचित भएको छ । निर्माण व्यवसायीलाई भुक्तानी नदिने सरकारी ढिलासुस्तीले निजी क्षेत्र खस्केको छ । जसको प्रत्यक्ष असर कर्जा प्रवाह र आर्थिक गतिशीलतामा परेको छ । सहकारी क्षेत्रमा देखिएको अनियमितता पनि समग्र वित्तीय प्रणालीमा खतरा बनेको छ । बिउ पूँजीकारुपमा परिचालित हुनुपर्ने निक्षेप रकम सहकारी सञ्चालकहरुद्वारा दुरुपयोग भएको, निक्षेपकर्तालाई फसाइएको र नियमनकारी संयन्त्र कमजोर रहेको यथार्थले वित्तीय प्रणालीमै विश्वासको संकट निम्त्याएको छ । बीमा, सेयर बजार, रियलस्टेटजस्ता क्षेत्रहरुमा देखिएको निरन्तर मन्दीले औपचारिकसँगै अनौपचारिक बजारमासमेत नकारात्मक संकेत पुऱ्याएको छ । लगानीकर्तामा अब पैसाको अभाव होइन विश्वासको अभाव देखिन्छ । जुन मौद्रिकमात्र नभई समग्र आर्थिक योजनाको त्रुटिपूर्ण स्वरुपको परिणाम हो । आजको आवश्यकता ब्याजदर र कर्जामा सीमित मौद्रिक नीति होइन । उत्पादन, रोजगारी, निर्यात प्रवर्द्धन र वित्तीय समावेशीतालाई केन्द्रमा राख्ने समन्वयात्मक, पारदर्शी र समावेशी मौद्रिक नीति हो । बैंकिङ प्रणालीको नियमन पारदर्शी बनाउनु राजनीतिक हस्तक्षेपबाट मुक्तगर्नु र निगरानी संयन्त्रलाई सक्रिय बनाउनु अब अपरिहार्य भएको छ । डिजिटल बैंकिङको सम्भावनासँगै जोखिम पनि छन् । साइबर सुरक्षाको जोखिम, ग्रामीण क्षेत्रमा प्रविधिको पहुँच, जनताको **बाँकी ७ पेजमा**

# समाचार विविध

## इन्टरनेट कम्पनीबीच होडबाजी बढ्दो

काठमाडौं । इन्टरनेट कम्पनीबीच होडबाजी बढ्दै गएको देखिएको छ । खासगरी ग्राहक संख्या बढाउन निजी क्षेत्रका इन्टरनेट सेवा प्रदायक कम्पनीहरु तीव्र प्रतिस्पर्धामा उत्रिएका हुन् । नेपाल दूरसञ्चार प्राधिकरणले सार्वजनिक गरेको पछिल्लो तथ्यांकअनुसार इन्टरनेट सेवामा वर्ल्डलिंक कम्युनिकेसन लिमिटेड सबैभन्दा अगाडि देखिएको छ । उक्त कम्पनीको ग्राहक संख्या १० लाख तीन हजार ९४९ पुगेको बताइन्छ । घरेलु, साना व्यवसाय, कर्पोरेट क्षेत्रलाई लक्षितगर्दै सेवा प्रदान गर्दैआएको वर्ल्डलिंकले विदेशी लगानीसमेत भित्र्याएको छ । सबैभन्दा धेरै ग्राहक संख्याका आधारमा दोश्रो स्थानमा रहेको नेपाल टेलिकमको ग्राहक संख्या तीन लाख ५१ हजार ९१२ मात्रै रहेको छ । कम्पनीले नेपालमै पहिलोपटक इन्टरनेट सेवामा ब्रिटिश इन्टरनेशनल र डोल्मा इम्प्याक्ट फण्डमार्फत् विदेशी लगानी भित्याएको हो । वर्ल्डलिंकले गत वर्ष सन् २०२४ मा ११ अर्ब १२ करोड ८० लाख रुपैयाँ आम्दानी गरेको थियो । जुन सन् २०२३ को भन्दा ७.७० प्रतिशत बढी हो । सन् २०२३ मा कम्पनीले १० अर्ब ३३ करोड २० लाख र सन् २०२२ मा नौअर्ब ३० करोड १० लाख रुपैयाँ आम्दानी गरेको रेटिङ एजेन्सी केयर रेटिङ नेपालले जनाएको छ । हाल वर्ल्डलिंकको फाइबर नेटवर्क मुख्यतया शहर केन्द्रित छ । ग्रामीण क्षेत्रसम्म सेवा विस्तारगर्न सो कम्पनीले थप फाइबर नेटवर्क बिछ्याउने योजना बनाइरहेको थाहाभएको छ । सबैभन्दा धेरै ग्राहक संख्याका आधारमा दोश्रो स्थानमा रहेको नेपाल टेलिकमको ग्राहक संख्या तीन लाख ५१ हजार ९१२ रहेको छ । सरकारले हालै सार्वजनिक गरेको सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा प्रतिवेदन–०८२ अनुसार नेपाल टेलिकमले ४८ अर्ब तीन करोड २० लाख रुपैयाँ सञ्चित नाफा कमाएको थियो । तर, सबैभन्दा बढी सञ्चित नाफा भएको सार्वजनिक संस्थान नेपाल टेलिकमको पनि खुद नाफाभने घट्दै गएको देखिएको छ । आब ०८०/८१ मा नेपाल टेलिकमको खुद नाफा छअर्ब २३ करोड एक लाख थियो । जुन अघिल्लो आब ०७९/८० को सात अर्ब ९२ करोड दुईलाख रुपैयाँको तुलनामा २१.३४ प्रतिशतले कम हो । इन्टरनेट सेवा प्रदायक ग्राहक संख्याका आधारमा तेश्रो स्थानमा रहेको डिस मिडिया नेटवर्क लिमिटेडका तीन लाख ५० हजार ४०६ ग्राहक रहेका छन्भने सुविसु केबलनेट लिमिटेडको ग्राहक संख्या तीन लाख १० हजार २९४ र भायानेट कम्युनिकेसन लिमिटेडको ग्राहक दुई लाख ४५ हजार ९४५ रहेका छन् । त्यसैगरी क्लासिक टेक प्रालिको ग्राहक संख्या वैशाखसम्म एक लाख ८२ हजार ९८६ रहेका छन्भने वेबसर्फर नेपाल कम्युनिकेसनको ग्राहक एक लाख ७६ हजार ६९ र टेकमाइण्ड्स नेटवर्क प्रालिको ग्राहक ८५ हजार ८९१ रहेका छन् । चौधरी ग्रुपअन्तर्गतको सिजी कम्युनिकेसनको ग्राहक ८० हजार आठ सय ५४ रहेका छन् । सिजीअन्तर्गतकै वाइफाइ नेपाल प्रालिले पनि ७४ हजार २९ ग्राहक बनाइसकेको छ । ब्रोडलिंक, फाइबर वर्ल्ड कम्युनिकेसन, सजिलो नेट, कोनेक्ट नेपाल नेटवर्कलगायतले पनि सेवा दिँदैआएका छन् । तर कुनैपनि कम्पनीले प्रदानगर्ने इन्टरनेटको गुणस्तरीयताबाटभने ग्राहक सन्तुष्ट छैनन् । इन्टरनेट सुस्त चलेको, भनेकोभन्दा कम एमबिपिएस सेवा प्रदायकले दिँदा प्रभावकारी सेवा नपाएको गुनासो उपभोक्ताले गर्दैआएका छन् । अधिकांश इन्टरनेट कम्पनीहरुले तोकिएभन्दा कम एमबिपिएसको इन्टरनेट सेवा दिएर उपभोक्तालाई ठगिरहेका उपभोक्ता अधिकारकर्मीहरुले बताउँदै आएका छन् ।

## उर्जा उत्पादकहरु सरकारसँग रुष्ठ

काठमाडौं । उर्जा उत्पादकहरु सरकारसँग रुष्ठ देखिएका छन् । यसैक्रममा स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था (इप्पान) का अध्यक्ष गणेश कार्कीले नेपालका उर्जा उत्पादक निजी क्षेत्रलाई सिध्याउने हिसावले सरकार अघिबढेको आरोप लगाउनुभएको छ । उहाँले काठमाडौंमा एक पत्रकार सम्मेलनको आयोजनागरी इप्पानले निजी क्षेत्रलाई पनि सिध्याउने र नेपालको उर्जा क्षेत्रलाई सधैंका लागि ध्वस्त पार्नेगरी सरकारले विद्युतका क्षेत्रमा बजेट ल्याएको आरोप लगाउनुभएको हो । उहाँले बजेटले खपतको कुरालाई नसमेटेको र विक्रीगर्ने कुरालाई पनि नछोएको बताउनुभएको थियो । यसले सरकार बिजुली बढीभयो र अब पुग्योभन्ने दिशातर्फ गइरहेको उल्लेख गर्नुभएको थियो । भविष्यमा बिजुली बेच्दा नेपालले नै उत्पादन गरेर बेच्ने नभइ ठूला भारतीय कम्पनीहरु ल्याएर आफूलाई चाहिने उत्पादन गरेर लैजाने परिस्थिति देखिएको बताउनुभयो । सरकार सधैं हिउँदको महिनामा भारतबाटै बिजुली किनेर ल्याएर नेपालको लोडसेडिङ अन्त्यगर्ने शोचकासाथ अघिबढेको देखिएको बताउनुभएको थियो । निजी क्षेत्रका उर्जा उत्पादकहरुलाई सरकारले एउटा कोठाभित्र बोलाएर बाहिर निस्किने ढोकानै बन्द गरिदिएको उहाँको आरोप थियो । अध्यक्ष कार्कीले सरकारले बारम्बार निजी क्षेत्रलाई विद्युत व्यापारमा पनि सँगै अघिबढाइनेछ भन्ने गरेपनि व्यवहारतः पुष्टि हुन नसकेको जिकिर गर्नुभएको थियो ।

## सुनचाँदी व्यवसायीद्वारा माग प्रस्तुत

काठमाडौं । सुनचाँदी व्यवसायसँग सम्बन्धित संघसंस्थाका प्रतिनिधिहरुले प्रधानमन्त्री केपी ओलीलाई भेटी आगामी आबको बजेट वक्तव्यमा सुनचाँदी कारोबारमा दुई प्रतिशत विलासिता कर लगाउने व्यवस्थाप्रति ध्यानाकर्षण गराएका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भएको भेटमा नेपाल सुनचाँदी रत्न तथा आभुषण महासंघका अध्यक्ष किसान सुनार, नेपाल सुनचाँदी व्यवसायी महासंघका अध्यक्ष अर्जुन रसाइली र नेपाल रत्न तथा आभुषण संघका अध्यक्ष सुमनमान ताम्राकारसहितको टोलीले विलासिता कर लागुगर्दा आफूहरुको व्यवसाय धरासयी हुने भएकाले पुनः विचारगर्न माग गरेको हो । ती संस्थाहरुले कर र भन्सारका दर छिमेकी भारतको भन्दा बढी हुँदा नेपाली व्यवसायले प्रतिस्पर्धा गर्न नसक्ने भएकाले उक्त व्यवस्था कायम रहेमा आफूहरु आन्दोलनमा जान बाध्य हुने बताएका थिए । प्रधानमन्त्री ओलीले संवादबाट समस्याको समाधान खोज्न आफूले सम्बन्धित मन्त्रालयसँग बुझ्ने र मिल्नेसम्मका माग पूरागर्न लागिपर्ने विश्वास दिलाउँदै आन्दोलनको बाटोमा नलाग्न आग्रह गर्नुभएको थियो ।

## नगरपालिकाको फोहोर सामुदायिक वनमा

काठमाडौं । नगरपालिकाको फोहोर सामुदायिक वनमा फाल्न थालिएको छ । प्राप्त एक समाचारअनुसार अछामको मंगलसेन नगरपालिकाले आफ्नो नगरको फोहोरको व्यवस्थापनगर्न नसक्दा समस्या उत्पन्न भएको छ । बजारभित्रको सबै फोहोर मध्यपहाडी **बाँकी ८ पेजमा**

## नयाँ.

वित्तीय बुझाइ र प्रयोग व्यवहारलाई नहेरी लिइने नीति अल्पकालीन आकर्षण त बन्नसक्छ तर दीर्घकालीन समस्या निम्त्याउन सक्छ। डिजिटल रुपान्तरणका लागि पूर्वाधार, शिक्षा र व्यवहारको तयारी सुनिश्चित हुनु अनिवार्य छ। अन्ततः मौद्रिक नीति अब कुनै बन्द कोठाको प्रविधिक दस्तावेज बन्नु हुँदैन। अर्थ मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, निजी क्षेत्र, कर प्रशासन र आम नागरिकको सरोकार समेट्ने समन्वयात्मक दृष्टिकोण अपरिहार्य छ। मुद्रास्फिति नियन्त्रण, उत्पादन वृद्धिमा प्रेरणा, कर्जा पहुँचमा सुधार, बैंकिङ प्रणालीमा विश्वास र वित्तीय अनुशासनका पक्षमा स्पष्ट दिशा नदिएसम्म मौद्रिक नीति केवल संकेतपत्रमात्र हुने छ। राष्ट्र बैंकले अब आफूलाई केवल नियामकको भूमिकामा सीमित राख्नु हुँदैनभन्ने धेरैको मत छ। नवगठित नेतृत्वले यसपटकको मौद्रिक नीतिलाई केवल बैंकहरुका लागि निर्देशात्मक मापदण्ड बनाउने नभई अर्थतन्त्र पुनर्जीवनगर्ने योजनात्मक दस्तावेज बनाउने हिम्मत देखाउनुपर्छ। नत्र मौद्रिक नीतिको आलोचना फेरि पनि यथावत् रहने कुरामा द्विमत छैन।

**(लेखक: लेखक : अर्थ सवाल साप्ताहिकका सम्पादक तथा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सचिव हुनुहुन्छ। )**

## नयाँ..

तीन तहका सरकार छन् र खासगरी स्थानीय तहले बजेटको यथार्थस्वरुप प्रदान गर्न, त्यसको कार्यान्वयन गर्ने र जनताका समस्याहरुसँग आत्मसात् गरी उनीहरुका समस्याको समाधान गर्ने गरेको पाइन्छ। प्रदेश र स्थानीय तह आफैँमा स्वनिर्भर र स्वतन्त्र रुपमा आयको अवस्थामा छैनन् र तिनीहरुको खर्चको सबैजसो भार संघीय बजेटले बेहोर्नु परेको देखिन्छ। यसमा नागरिकको सहभागिताका लागि २०२३को खुला बजेट सर्वेक्षणमा १०० पूर्णाङ्कमा ३१ अङ्क प्राप्त भएको तथ्याङ्क सार्वजनिक भएको थियो।

**विश्वासको निर्माण**

जब सरकारले आफ्ना वित्तीय योजना खुला रूपमा प्रस्तुत गर्छ, जनतामा सरकारप्रति विश्वास बढ्छ। नेपालमा, जहाँ सरकारी संस्थाप्रति अविश्वासको इतिहास छ, बजेट खुलापनले जनता र सरकारबीचको रिक्तता कम गर्न सक्छ। जनतामा मात्र होइन, दातृ निकायमा पनि विश्वास निर्माण गर्न सफल हुनुपर्छ। विनियोजित रकम बेलामा खर्च हुनुपर्छ, नचाहिँदो खर्च कटौती र आवश्यक खर्चका लागि स्रोत परिचालन गर्नसके जनतामा र बजेट निर्माणसँग सरोकार राख्ने पक्षमा विश्वासको निर्माण जरुरी छ।

**सुशासन**

सबैभन्दा महत्वपूर्ण पक्ष भनेको सुशासन हो। खुला बजेटले नीति निर्माणमा प्रभावकारिता ल्याउँछ। नागरिकले बजेटको निगरानी गर्न सक्छन् र गलत खर्च वा प्राथमिकतामा प्रश्न उठाउन सक्छन्। उदाहरणका लागि, यदि शिक्षा वा स्वास्थ्यमा कम बजेट छुट्याइएको छ भने, नागरिकहरूले त्यसको विरोध गर्न सक्छन्। बजेट निगरानी गर्ने भनेको संसद्का विभिन्न समितिहरु, आन्तरिक लेखापरीक्षण, सार्वजनिक सुनुवाई सहितको सामाजिक परीक्षण, महालेखापरीक्षण, विभिन्न न्यायिक तथा अर्धन्यायिक संस्थाहरुले बजेट निगरानी गर्नुपर्छ। खासगरी जसका लागि बजेट विनियोजित छ, त्यही पक्ष बढी सजग भएर बजेटको निगरानी गर्नुपर्छ। खुला बजेट सर्वेक्षणमा बजेट निगरानीमा पूर्णाङ्क १०० मा नेपालले ४६ अङ्कमात्र प्राप्त गरेको देखिन्छ।

**अन्तरराष्ट्रिय मापदण्ड**

बजेटका लागि प्रजातान्त्रिक मुलुकहरुमा अनेक मापदण्ड राखिएका हुन्छन्, जसले बजेटमा पारदर्शीता देखियोस्, यथार्थमा आधारित होस्, मुलुकको यथार्थ आर्थिक अवस्था चित्रण गरेर आगामी दिनका लागि योजना बनाओस्। अन्तरराष्ट्रिय मञ्चहरू, जस्तै ओपन बजेट इनिसिएटिभले बजेट पारदर्शीतालाई लोकतान्त्रिक सुशासनको सूचक मान्छन्। नेपालले यस्ता मापदण्ड पालना गरेर अन्तरराष्ट्रिय विश्वसनीयता बढाउन सक्छ। बजेट परम्पराको ७४ वर्ष हुँदा पनि अन्तरराष्ट्रिय मान्यतामा पुग्न सकिएको देखिँदैन। यसको अर्थ यो पनि होइन कि प्रयास भएकै छैन। नेपालका सन्दर्भमा, २०२३ को ओपन बजेट इन्डेक्सअनुसार नेपालको बजेट पारदर्शीता मध्यमस्तरको छ। यसलाई सुधार गर्न डिजिटल प्लेटफर्म, स्थानीय भाषामा बजेट जानकारी र नागरिक छलफलका मञ्चको विकास आवश्यक छ। खुला बजेटलेमात्रै लोकतन्त्र सुदृढ हुन्छ, किनभने यो जनताको अधिकार र सरकारको कर्तव्यबीचको 'सेतु' हो। रासस

## नेपालमा.

समुदायहरुमा निर्भर गर्दछ।यसले सार्बभौमिक सार्वजनिक प्रणालहरुमा लगानी गर्ने राजनीतिक इच्छा शक्तिलाई समाप्त पारिदिन्छ। यसकारण यस स्थितिमा आधारभूत पोषण, आवास, शिक्षा र स्वास्थ्य सेवा पाउन संघर्ष गरिरहेका ८० करोडभनदा बढी भारतीहरुका लागि 'जीडीपी रैंकिङ्ग' अप्रासाङ्गिक बनेको छ। भारतको कर्पोरेट-साम्प्रादायिक गठजोडको उदय आकश्किमरुपमा भएको होइन, त्यसले त मानिसहरुलाई पहिचानकोरुपमा बिभाजित तुल्याउने काम गर्दछ, जसबाट सत्ताधारीहरुको शासनको सुनिशिचतता र निरन्तर प्रभूत्व कायम भइरहन्छ। यस सन्दर्भमा जनताद्वारा साझा समस्याका बिरुद्ध एकताबद्ध तथा सामुहीक संघर्षकोबाटो नै अगाडि बढ्ने एउटा मात्र ब्यवहारिक बाटो बन्दछ। अरु कुनै बनिवनाउ कुरा खोज्नु नै बेकार हुने देखिएको छ। **(लेखक : नेकपाका अध्यक्ष हुनुहुन्छ।)**

## बंगलादेशमा..

पनि सुधार भयो। शेख हसिनाको नेतृत्वमा, बंगलादेश विश्वभर कपडा उद्योगको एक महत्वपूर्ण केन्द्र बन्यो। हसिनाले शिक्षा र स्वास्थ्यका क्षेत्रमा पनि ठूलो जोड दिनु भएको थियो। बिद्यालयका बालबालिकालाई निःशुल्क पुस्तक उपलब्ध गराउने उहाँको योजनाले उनलाई निकै लामो यात्रा गरेको थियो। तर, यी उपलब्धिहरुका बाबजुद हसिनाको कार्यकाल पनि विवादबाट मुक्त हुनसकेन। उहाँको प्रशासन न्यायपालिकासँगको टकरावको लागि प्रख्यात थियो। शेख हसिनामाथि अदालतको स्वतन्त्रता र स्वायत्ततासँग खेलवाड गरेको आरोप पनि लागेको थियो। यसका लागि धेरै देशले उहाँको आलोचना पनि गरेका छन्। अर्कोतर्फ विपक्षी दलहरुले पनि हसिनामाथि अधिनायकवादको आरोप लगाएका छन्। धेरै मानव अधिकार संगठनहरुले पनि शेख हसिनाको अडानको विरोध गरे, विशेषगरी इस्लामिक जमात-ए-इस्लामी पार्टीप्रति। अन्ततः सन् २००१ मा उहाँले विपक्षी दल र प्रतिद्वन्दि खालिदा जियाको हातबाट पराजय भोग्नुपरेको थियो। सन् २०२४ मा शेख हसिनासँग भएको घटनाक्रम नयाँ होइन। सन् २००६ मा पनि त्यस्तै केही भएको थियो, जब अक्टोबरमा सत्तामा रहेको बंगलादेशी नेशनलिष्ट पार्टी (बीएनपी) सरकार अचानक चुनाव घोषणा गरेर कार्यवाहक शासनतर्फ गयो। त्यसक्रममा शेख हसिना सरकारले बीएनपी सरकारले बंगलादेशका प्रधानन्यायाधीशको अवकाश उमेरलाई असंवैधानिक रुपमा बढाएको आरोप लगाएको थियो। यो घटनाले केही समयमै हिंसात्मक मोड लियो र अवामी लीगको नेतृत्वमा देशभर चर्को प्रदर्शन भयो। यद्यपि, सेनाले पछि २००७ मा काम चलाउ सरकारलाई समर्थन गऱ्यो। तर, यसले अवस्था झनै बिग्रियो। त्यतिबेला कार्यवाहक सरकारले शेख हसिनालाई भ्रमण सकेर स्वदेश फर्किन पनि रोक्यो। पछि, मानव अधिकार संगठनहरुबाट सम्पूर्ण घटनाको आलोचना र बिभिन्न देशहरुको दबाबका कारण हसिनालाई फर्किन अनुमति दिइएको थियो। तर, सम्पूर्ण विवाद यहीँ टुंगिएन। फर्किएपछि शेख हसिनालाई भ्रष्टाचारको आरोपमा जेल पठाइयो। बंगलादेशमा ९० दिनभन्दा बढी समय शासन गरेपछि सेनाद्वारा स्थापना गरिएको कार्यवाहक सरकारले अन्ततः देशमा निर्वाचन गराउने निर्णय गरेको थियो। सन् २००८ को डिसेम्बर २९ मा भएको चुनावमा, अवामी लिग र यसको साझेदार पार्टीहरुको गठबन्धनले दुई तिहाई सिटहरु कब्जा गऱ्यो। त्यतिबेला सन् २००६ सम्म सत्तामा रहेका बिएनपी र जमात ए इस्लामी प्रतिपक्षमा बस्नुपरेको थियो। सन् २००९ मा शेख हसिना फेरि बंगलादेशको प्रधानमन्त्री हुनुभएको थियो। यो सम्पूर्ण घटनापछि शेख हसिनाले बंगलादेशमा तीन कार्यकालमा १५ वर्ष शासन गर्नुभयो। तर, उहाँको जितलाई लिएर विपक्षीले पटक,पटक निर्वाचन प्रक्रियामा अनियमितता भएको र राजनीतिक दल तथा स्वतन्त्र संस्थालाई धम्की दिएको आरोप लगाइरहे। आलोचकहरुले पनि शेख हसिना सरकारमा विपक्षीहरुलाई दवाउन खोजेको गुनासो गरेका थिए। यद्यपि उहाँका समर्थकहरुले बंगलादेशमा जारी विकास कार्य र आर्थिक सुधारका कारण उहाँको छविलाई प्रगतिशीलरुपमा चित्रणगर्न जारी राखेका थिए। शेख हसिना पनि दुई पटक घातक आक्रमणबाट बच्नुभएको थियो। उहाँमाथि पहिलो आक्रमण सन् १९७५ मा भएको थियो, जब उहाँका पिता मुजिब र उहाँको सम्पूर्ण परिवारको हत्या भएको थियो। संयोगवश शेख हसिना देश बाहिर भएकाले बच्नु भएको थियो। तर, उहाँमाथि दोश्रो आक्रमण प्रत्यक्ष थियो। २००४ मा, एक ग्रेनेड उनलाई हानिएको थियो, जसमा उनी नराम्ररी घाइते हुनुभयो। यस आक्रमणमा दुई दर्जनभन्दा बढीले ज्यान गुमाएका थिए। तर, शेख हसिना भाग्यले बाँच्न सफल हुनु भएको थियो। हाल फेरी उहाँको जीवन संकटतर्फ धकेलिएको देखिएको छ। पछिल्ला अन्तराष्ट्रिय घटनाक्रमहरुले हसिनालाई फेरी चर्चाको शिखरमा पुऱ्याएका छन्। जुन उत्तार चढाव नेपाल लगायत दक्षिण एशियामानै बिशेष चर्चाको बिषय भएको छ।

## आजका....

तथा वित्तीय संस्थाहरुलाई राष्ट्रियकरण गरिने छ र उनीहरुले देशमाथि थोपरेको ऋणप्रतिको उत्तरदायित्व बहन नगर्ने नीति लागूगरिने छ। पार्टीको नीति तथा कार्यक्रममा भनिएको छ- "आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको निर्माणमा जोड दिनको लागि राष्ट्रिय उद्योग स्थापना, सुरक्षा र विकासको स्पष्ट नीति बनाउने, खोलिएका उद्योगहरु राष्ट्रिय स्वामित्व र नियन्त्रणमा राखिनुपर्ने, राष्ट्रिय पूँजीपतिबर्गको संरक्षण र प्रोत्साहनगरी राष्ट्रियरुपमा लगानीको वातावरण तयार पार्ने नीति बनाइनु पर्छ। सार्वजनिक जीवनमा असरगर्ने तथा अर्थतन्त्रका आधारभूत उद्योग व्यापार तथा बिद्येश व्यापार राज्यबाट सञ्चालित तथा नियन्त्रित गरिने छ।" (ऐ.ऐ.पेज १६) अगाडि भनिएको छ-"नयाँ जनवादीअर्थतन्त्र मूलरुपमा पूँजीवादी अर्थतन्त्र नै भएपनि यो "नयाँ हुनुका मूलकारण यसको वैज्ञानिक समाजवाद उन्मुख चरित्र नै हो। वर्तमान साम्राज्यवाद तथा सर्वहारा क्रान्तिको युगमा उत्पीडित राष्ट्रहरुमा स्वतन्त्र रुपले पुरानो प्रकारको पूँजीवादको विकासको सम्भावना छैन। माथि उल्लेख भए झैं हाम्रोजस्तो देश नेपालमा दलाल तथा नोकरशाही पूँजीवाद र सामन्तवादको अन्त्यगरेर, नयाँ जनवादी क्रान्ति सम्पन्न गरेपछि त्यहाँ सर्वहारा बर्गको नेतृत्वमा निर्माण हुने नयाँ प्रकारको पूँजीवादी संरचना ज्यादै छोटो अवधिको निम्ति र वैज्ञानिक समाजवादमा शीघ्र संक्रमणको निम्तिमात्र हुनेछ। यसको अर्थ त्यो अर्थव्यवस्था वैज्ञानिक समाजवादी अर्थ प्रणालीमा संक्रमणको व्यवस्था हुनेछ। त्यसैले नयाँ जनवादी अर्थव्यवस्थामा शुरुदेखि नै वैज्ञानिक समाजवादका आधारहरु एवं समाजवादी अर्थतन्त्रका बिभिन्न हाँगाबिगा बिभिन्न स्वरुपमा रोप्ने र हुर्काउने प्रयास भैरहेको हुनुपर्छ।" (ऐ.ऐ.पेज १६) नयाँ जनवादी गणतन्त्रमा सबैका लागि राष्ट्रिय आवश्यकता अनुरुप वैज्ञानिक एवं जनवादी शिक्षा, सबैकालागि स्वास्थ्य सेवा, रोजगारी तथा न्यायको अवसर प्रदान गरिनेछ। स्वस्थकर खाना, सुरक्षित बास र एकआङ लुगा प्रत्येक नागरिकको नैसर्गिक अधिकार हो। त्यो समस्याबाट मुक्त भएपछि मानव जातिले ज्ञान र बुद्धिको प्रयोगद्वारा प्रकृति, समाज, विज्ञान र प्रविधि लगाएत सबै क्षेत्रमा बहुआयमिक विकास गर्न सक्दछ। नेपालमा सबै बस्तुहरुको प्रचुर सम्भावना भएर पनि जनताको पहुँचभन्दा बहिर रह्यो। त्यसैले सामन्तवाद, दलाल तथा नोकरशाही पूँजीवाद र त्यसका र सबै रुपहरुको अन्त्य र नयाँ जनवादी गणतन्त्रको स्थापना अपरिहार्य आवश्यकता बनेको छ। नेपाल जलश्रोतका हिसाबले संसारको दोस्रो ठूलो देश भनिएको छ। नेपालका हिमनदीहरु र पहाडका ठूला खोलाहरु पानीका मुख्य श्रोतहरु हुन्। पानीबाट बिद्युतीय उर्जा निकालन सके पेट्रोलियम पदार्थको आयात पुरै घटाउन सकिन्छ। खाना पकाउने ग्याँस पेट्रोल, डिजलमा नेपालले धेरै खर्च गर्नुपरेको छ। जलश्रोतबाट मत्स्यपालन, जलमार्ग र सिंचाईको व्यवस्थागर्न सके खाडीमूलुकहरुले पेट्रोलियम पदार्थ बिक्रीगरेर विदेशी मुद्रा आर्जन गरेजस्तै नेपालले खानेपानी विक्री गरेर विदेशीमुद्रा आर्जनगर्न सकिन्छ। अहिले अनुत्पादक क्षेत्रमा खर्चभएको पैसा उत्पादनशील क्षेत्रमा लगानी गरेर उत्पादकत्व बढाउने काम नयाँ जनवादी गणतन्त्रमा गरिने छ। नेपालमा बिभिन्न धातुका खानीहरु छन्कर। भारतसँग मोटर बाटोद्वारा माग जोडिनुभन्दा पहिले फलाम, तामा, राङ यही उत्खनन् गरिन्थ्यो। नेपालको फलाम खानीबाट निकालेको फलामबाट बनेका झोलुंगे पुलका साङ्ले लट्ठाहरु अहिलेसम्म छन्। नेपालमा ग्याँस, तेल, युरेनियम आदिका खानीहरु पत्तालागेको कुरा संचार माध्यममा आइरहन्छन्। धातुको उत्खनन् र प्रशोधन गरेपछि ति वस्तुहरुको आयात प्रतिस्थापन मात्रहैंदैन विदेशी मुद्रा आर्जनगर्ने महत्वपूर्ण श्रोत हुन्छ। २१ औं शताब्दिमा आइपुग्दा पनि नेपालमा क्षेत्रीय असमानता, जातीय, लैंगिक, धार्मिक र सांस्कृतिक विभेद व्याप्त छ। रुढीवाद अन्ध विश्वास कुसंस्कार र कु-परम्पराले नेपाली समाजलाई नराम्ररी गाँजेको छ। आर्थिक हैसियतमाथि हुनेले गरिब निमुखा र मेहनतकश बर्गलाई अपमानित गर्छ। यसरी आर्थिक असमानताले सबै प्रकारको असमानता र विभेदलाई जन्माइदिएको छ। त्यसका लागि राज्यले आफना नागरिकहरुलाई वर्गीय चेतना, वैज्ञानिक एवं जनवादी शिक्षा र समान आर्थिक हैसियत प्रदान गरेपछि नै हुन्छ। श्रमप्रति सम्मान, स्वास्थ्य, शिक्षा, रोजगारी न्याय र लाभको क्षेत्रमा समान अवसर नयाँ जनवादी गणतन्त्रमा मात्र प्राप्त हुनसक्छ। नयाँ जनवादी गणतन्त्रमा कृषिको आधुनिकीकरण र व्यवसायीकरण, समग्र औद्योगिक विकास, जलश्रोत र पर्यटनको विकास राष्ट्रिय आवश्यकताअनुरुप दक्ष जनशक्ति तयारगर्ने, नीति लिइन्छ। अहिले पनि नेपाली समाजमा छुवाछुत, बोक्सी, धामिझाँक्री, छाउपडी, देउकी, झुमा प्रथाहरु बिद्यमान छन्। उच्च बैचारिक राजनीतिक चेतनाको विकास भएपछिमात्र यस्ता सबै प्रकारका वेथितिहरुको अन्त्य हुन्छ।

## नेपालको...

प्रतिशतसम्म आयात शुल्क लगाउने कुरा सुनिश्चित गरेको थियो। बितेका कैयौं वर्षदेखि युरोपेली देशहरुको चीनवाट हुने आयातमा शुल्कको दर १० प्रशितशतसम्ममा नै सीमित रहेको थियो। यस्तो अवस्थामा बिभिन्न देशहरुद्वारा चीनवाट आयात गरिने बिभिन्न उत्पादनहरुमा लगातार बढ्दो शुल्कलाई चीनवाट आयातहरुलाई हतोत्साहितगर्ने अहंमहत्वको पहलकोरुपमा हेरिदैछ र भारतको निर्यात बढ्ने सम्भावना बढेको बताइँदैछ। अनि के महत्वपूर्ण ठानिदैछभने निर्माण क्षेत्र (म्यानुफ्याक्चरिङ सेक्टर) ले भारतबाट निर्यात र रोजगारी सिर्जना दुबैमा ठूलो योगदान दिन्छ र त्यसलाई प्रोत्साहन दिनका लागि भारतको बजेटमा विशेष ध्यान दिइएको छ। भारतीय अर्थमन्त्रीले बजेटमा भारतका १०० वटा शहरमा 'प्लग एण्ड प्ले' (बिभिन्न प्रकारका आधुनिक वैकल्पिक उपकरण निर्माण गर्ने) किसिमका औद्योगिक पार्क बनाउने घोषणा गरेको छ। भारतीयहरुको ठम्याई छ यस्ता कदमहरुले निश्चय नै एकपटक फेरि भारतका करोडौं मानिसलाई चीनका उत्पादनहरुको साटो स्वदेशी उत्पादन उपयोगका लागि संकल्पका साथ अघि बढ्न प्रोत्साहित गर्नेछ। त्यहाँ के पनि बुझ्नुपर्ने औंल्याइँदैछभने चीनसँगको ब्यापारिक असन्तुलनको गम्भीर चुनौतीका लागि केवल सरकारमात्र जिम्मेवार छैन। यो ब्यापार असन्तुलनका लागि सिधासिधी भारतका उद्योग कारोबार र त्यहाँका कम्पनीहरु पनि जिम्मेवार छन्। जसले बिभिन्न कलपूर्जालगायतका संसाधनहरुका बिभिन्न श्रोतहरु र मध्यस्थता विकसितगर्ने कुरामा आफ्नो प्रभावकारी भूमिका निर्वाह गरेननभन्ने आरोप पनि लगाइएको छ। भारतका ठूला कम्पनीहरुले खोज अनुसन्धान तथा नवाचारको क्षेत्रमा पनि तीब्रताका साथ अघि बढ्नुपर्ने तिनले आवश्यकता औंल्याएका छन्। के थप कुराहरुमा पनि ध्यान दिइनुपर्ने उल्लेख गरिदैछ भनेजस्तो प्रकारले अहिले युरोपेली यूनियन र अन्य विकसित देशहरुद्वारा चीनवाट आयात नियन्त्रणगर्नका लागि गैह्र-ट्राफिक अवरोध सँगसगैं अन्य आयात प्रतिबन्धहरुलाई पनि असाधारणरुपमा बढाएका छन्, त्यसरीनै भारतद्वारा संरक्षणवादको तरिका अपनाएर चीनवाट तीब्ररुपमा बढ्दो आयात र चीनसँगको बढ्दो ब्यापार घाटा नियन्त्रणगर्नका लागि रणनीतिकरुपले अगाडि बढ्नु पर्नेछ। यसरी भारत चीनसँगको बढ्दो ब्यापार घाटाबाट अत्यन्तै चिन्तितमात्रै छैन पश्चिमा विकसित देशहरुले जस्तै चिनियाँ आयात रोक्न के के कदम उठाउन र कामगर्न सकिन्छभन्ने चिन्तायुक्त खोजमा पनि लागेको देखिन्छ। यस्तो अवस्थामा नेपालले छिमेकीहरुसँगको आर्थिक कारोवारलाई महत्व दिनुका साथै सन्तुलन गर्ने/गराउने प्रयास गर्नु पनि बढी सानदर्भिक हुन्छ।

## नेपालमा..

फेरी भारत र चीन नेपाल मामिलामा एक हुने अर्को प्रशंग शुरु भएको छ। खासगरी नेपालमा ०७२ को संविधान र त्यसअनुसार स्थापना गराइएको बिद्यमान राजनीतिक ब्यवस्था असफल भएको अवस्था छ। पश्चिमा राष्ट्रहरु नेपालको ०७२ को संविधानलाई संशोधन गराएर आफ्नो अनुकूल बनाउन खोजीरहेका देखिन्छन्। भारतमा पनि संविधान संशोधनको प्रयास भएकाले त्यसले नेपालको संविधान र राजनीतिलाई प्रभाव पार्ने स्पष्ट छ। नेपालका भारतको संस्थापन पक्ष निकट मानिएका एकीकृत समाजवादी लगायतका कतिपय समूहहरुले पनि संविधान संशोधनका लागि अलग्गै समिति बनाएको देखिएको छ। माओवादी केन्द्रका पछिल्ला कतिपय बैठकमा संविधान संशोधनकाबारेमा कुराहरु उठेका थिए। एमालेका कतिपय नेताहरुको भनाईमा राष्ट्रिय सभाको बिद्यमान संरचनामा हेरफेर नभएसम्म संविधान संशोधनको प्रक्रियानै अगाडि बढ्न सक्दैनभन्ने रहेको छ। सो संरचनामा हेरफेर हुन अझै एकबर्ष लाग्छ। हालकै अवस्थामा बर्तमान सरकारले संविधान संशोधनको प्रक्रिया अगाडि बढाएको खण्डमा त्यो राष्ट्रिय सभामा गएर अड्किने र दलहरुका बीचमा झगडाको बिउ बन्ने प्रबल संभावना रहेको छ। संविधान संशोधनका लागि हालको अवस्थामा नेकां र एमालेलेमात्र पनि सक्ने अवस्था छैनभने नेकां र एमालेलाई अलग गरेर पनि संविधान संशोधन हुनसक्ने संभावना छैन। ०७२ को संविधान संशोधनका लागि यतिबेला मुख्य बाधक शक्तिकारुपमा राप्रपा रहेको छ। माओवादी केन्द्र देशलाई कार्यकारी राष्ट्रपति प्रणालीमा लगेर अमेरिकाको जस्तो ब्यवस्था लागूगराउन खोजीरहेको छभने राप्रपा फेरी नेपालमा कुनै न कुनैरुपको राजसंस्था स्थापना हुनुपर्ने पक्षमा रहेको छ। उक्त दुबै पार्टीको प्रयास नेपाललाई फेरी निरंकुशतातर्फ धकेल्नेमा केन्द्रित रहेको देखिएको छ। त्यसैले यो सरकार गठनहुँदा नै यसलाई राष्ट्रिय सरकारको स्वरुप दिने र संविधान संशोधन गरेर अगाडि बढ्ने भनिएको थियो। तर यो सरकारले सहजै राष्ट्रिय सरकारको स्वरुप धारणगर्ने कुनै संभावना छैन। पछिल्लो समयमा नेपाली कांग्रेसले भारतकोजस्तो उपराष्ट्रपतिलाई राष्ट्रियसभाको अध्यक्ष बनाउने लगायतका कुराहरु अगाडि सारेको छभने एमाले र माओवादी केन्द्र कार्यकारी राष्ट्रपति र दुईदलीय ब्यवस्था लगायतका कुराहरुमा अमेरिका निकट देखिएका छन्। त्यसैगरी माओवादी केन्द्र नेपालमा पहिचानको आवरणमा जातीय राजनीति अगाडि बढाउने र समानुपातिकको आबरणमा पञ्चायत कालकोजस्तो सहबरण प्रणालीलाई पुनःस्थापित गराउने प्रयासमा लागेको देखिएको छ। यतिबेलाको अवस्थालाई हेर्ने होभने पनि समानुपातिक निर्वाचन पद्धति र जातीय समाबेशीको ब्यापक दुरुपयोग भैरहेको छ। उक्त प्रणालीको आडमा कतिपयले आफ्ना श्रीमतीलाई राज्यका उच्च पदमा पुऱ्याएका छन्भने कतिपयले ज्वाइँ छोरीलाई अगाडि बढाउने प्रयास गरिरहेको देखिएको छ। स्थानीय, प्रदेश र केन्द्रमा रहेको प्रतिनिधित्वलाई केलाएर हेर्ने होभने नेपालको संसदीय राजनीतिमा केही सीमित परिवारको हालिमुहाली रहेको स्पष्ट हुन्छ। लोकतन्त्र र गणतन्त्रभन्ने कुरा केही नेताहरुका लागि जनता झुक्याउने बहानामात्र भएका छन्। खासमा यतिबेला नेपालको राष्ट्रिय राजनीति सामन्तवादी बाटोमा अगाडि बढिरहेको छ। मुखले चर्को क्रान्तिकारी नारा दिनेहरुनै चरम दक्षिणपन्थी राजनीतिक बाटोमा अगाडि बढिरहेका छन्। उनीहरुले गरेको राष्ट्रघात र जनघात भाबि पुस्ताका लागि उदाहारणिय बन्नेवाला छ। घटनाक्रमहरुलाई हेर्दा माओवादी केन्द्रको प्रयास बाहिरबाट बिरोध गरेपनि भित्रीरुपमा एमालेसँग फेरी पार्टी एकता गरेर अगाडि बढ्ने चाहनामा देखिन्छभने एमाले माओवादी केन्द्रसँग कुनै हालतमा पनि पार्टी एकता नगर्ने पक्षमा देखिएको छ। यसरी केही ब्यक्ति/ब्यक्तित्वहरुले नेपालको आर्थिक, सामाजिक र राजनीतिकमात्र नभएर सांस्कृतिक अवस्थालाई समेत अलग थलग बनाएर देशलाई बिघटनमा पुऱ्याउने प्रयास गरिरहेको देखिएको छ। त्यसैका लागि निरन्तर सरकार परिवर्तनका हल्ला चलाइएका हुन्। खासमा नेकां र एमालेको बर्तमान सरकार आगामी ०८४ को निर्वाचनसम्म टिक्नैपर्छ र आगामी ०८४ पछि मात्र ०७२ को संविधानमा तेश्रो संशोधन गर्ने/गराउने प्रयास हुनु पर्दछ। त्यसैमा नेपाल र नेपालीको कल्याण निहित रहेको छ। तर समय जति घर्किदै जान्छ, त्यति संविधान संशोधन सम्बन्धी बिवाद पनि बढेर जान्छ। त्यसैले बर्तमान सरकारले संविधान संशोधनलाई ब्यापक बहसको बिषय बनाउनुपर्ने र अब फेरी बिवाद आउन नसक्नेगरी बिधि र पद्धतिका आधारमा बिवादको निरुपण गर्नु/गराउनु पर्ने देखिएको छ।

## अमितलाई...

फोटो प्रतिस्पर्धाबाट उत्कृष्ट ३१ मा पर्न सफल तस्बिरमध्ये रावलले बर्दियाको बढैयातालमा खिचेको रेडसांक प्रजातिको चराहरुको तस्बिरले इ-सेवा भोटिङमा सर्वाधिक छहजार ७७७ मत प्राप्तगर्दै पिपुल्स च्वाइस अवार्ड जित्न सफल भएको हो। लुम्बिनी प्रदेशसभा सदस्य माया पुनद्वारा रावललाई रु ५० हजार १११ राशिको पुरस्कारसहित अवार्ड प्रदान गरिएको थियो। अवार्ड प्राप्त गरेपछि रावलले पुरस्कारले तस्बिर खिच्न र संरक्षणको काममा आफूलाई अझै प्रोत्साहित गरेको बताउनुभयो। अन्तरालको आयोजनामा सञ्चालन भएको दुई दिने फोटोग्राफी तालिम सम्पन्न भएको छ। तालिममा सहभागी ३९ जनालाई समापन कार्यक्रममा प्रमाणपत्र वितरण गरिएको थियो।